# अध्याय एक (CHAPTER ONE)

## १. परिचय (Introduction)

### १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

नेपाल विश्व मानचित्रको एउटा सानो अशं ०.०३ प्रतिशत ओगटेको देश हो । तरपनि विविध मौलिक पहिचान र प्राकृतिक सुन्दरतामा नेपालको छवि अविस्मरणीय छ । विश्व मानचित्रमा आफ्नै मौलिक पहिचान कायम गर्न सफल भएपनि भौगोलिक विकटता तथा विकासको गतिमा अत्यन्त सुस्त रूपमा अगाडि बढिरहेको देश नेपाल हो । जसको कारण नेपालीहरूको गरिवीपन निकै माथि तथा आर्थिक अवस्था दयनीय रहेको छ । व्यापक राजनैतिक अस्थिरता र बेरोजगारको कारण मानव श्रम र शक्तिको समुचित प्रयोग हुन नसकेकोले नेपालीहरूका सीपयुक्त हातहरू विदेशिन बाध्य भएका छन् (पोखरेल, २०६७ ) ।

नेपाल विकाशोन्मुख राष्ट्र मध्ये आर्थिक रूपमा पिछडिएको राष्ट्र मानिन्छ । नेपालमा प्रशस्त मात्रामा स्रोत तथा साधन भए पनि उचित उपयोगको कमिको कारणले गर्दा नेपाल गरिव देशको रूपमा परिचित छ । नेपालमा प्रशस्त यस्ता स्रोत साधन रहेता पनि दक्ष मानविय साधन , आधुनिक कृषि प्रणाली , कारखानाको विकाशको अभावमा चरम गरिबी को पिडामा यहाँका जनता बस्न विवश देखिन्छन् । स्वदेशमा रोजगारको अवसर प्राप्त नहुँदा नेपालमा वैदेशिक रोजगारमा जानेको चाप दिन प्रतिदिन बढी रहेको छ । यस्ता हाम्रो जस्तो गरिबीले आक्रान्त बनेका देशका लागि वैदेशिक रोजगार महत्वपूर्ण स्रोतको रूपमा रहेको छ (घिमिरे, २०६८) ।

नेपालको एकिकरण पछि नेपालीहरू विभिन्न देशमा पुगेका थिए । जसको मुख्य उद्देश्य रोजगारी प्राप्त गर्नु थियो । सन् १८१५ भन्दा अगाडि नेपालीहरू भारतका विभिन्न क्षेत्रमा पुगेका थिए साथै अन्य देशहरूमा भुटान, वर्मा मलेसिया आदि मुलुकहरूमा वैदेशिक रोजगारी तथा आवात जावत गरेको पाईन्छ । त्यहाँ पुगेका नेपालीहरूले विभिन्न उद्योग तथा व्यावसायका काम गरी केही पैसा समेत आर्जन गरेर ल्याउथे यसरी विविध पेशाको निम्ती नेपालीहरू विदेश जान थालेपछि वैदेशिक रोजगार सेवाको विकाश भएको पाइन्छ (भूसाल, २०६९) ।

वैदेशिक रोजगारीमा जाने प्रकृया फरक फरक भएता पनि मुख्य उद्देश्य आय आर्जन गर्नु नै हो । मानिसहरू अवसरको खोज्दै विदेश जान थाले । जहाँ, अन्तिम विकल्पको रूपमा आज पनि यस व्यवसायलाई लिएको पाइन्छ । सरकारी तथा गैर सरकारी संस्थाहरू मार्फत विदेशिएका नेपालीहरूको बेलाबखतमा पिरमर्का अन्याय र शोषण लाइ विभिन्न सञ्चार माध्यम बाट प्रकाशित तथा प्रसारित गर्न थाल्यो यसै गरी सरकारले पनि यस व्यवसायलाई व्यवस्थित गर्नको लागी बेलावखतमा विभिन्न आयोग तथा समितिहरू गठन गरी निती नियमलाई परिमार्जन गर्दै लैजाने प्रयास गरेको पाइन्छ । हाल आएर सरकारले बैदेशिक रोजगारका सम्भावना अधिक रहेको मुलुकसँग सोभ्कै कुटनितिक नियोगहरू गठन गरी तिनिहरूको परिचालन गरेको छ (अर्थ मन्त्रालय, २०७०) ।

वैदेशिक रोजगार भन्नाले आफ्नो देशको सिमा नाघेर अर्को देशमा जानु र श्रमको मुल्य भन्ने बुझिन्छ । यसै क्रममा नेपाल सरकार अर्न्तरगत श्रम मन्त्रालयको श्रम सम्वन्धी ऐनले केहि परिभाषा दिएको भएपनि अन्य संघ संस्थाहरूले यस सम्बन्धी परिभाषा दिएको पाइदैन । वैदेशिक रोजगारको अर्थको सवालमा स्पस्ट हुनु पर्ने कुरा के छ भने कुन देशमा कति हदसम्म गरिएको कामलाई वैदेशिक रोजगारमा राख्ने हो । यो सवालमा कुनै पनि निकायले प्रस्ट पारेको छैन । नेपाली वृहत शब्दकोष अनुसार वैदेशिक भन्नाले अर्को देश र रोजगार भन्नाले जिवीको वा इलम उद्योगका लागी गरिने काम भन्ने बुझिन्छ । बैदेशिक रोजगार भन्नाले निश्चित प्रतिफल को आशामा अथवा व्यवस्था सहित एक देशबाट अर्को देशमा गइ विभिन्न क्षत्रमा श्रमको उपयोग गर्ने विधीलाइ वैदेशिक रोजगार भनिन्छ ।विदेश जानु पर्ने कारण के हो ? वैदेशिक रोजगार भनेको के हो ? किन नेपाली युवा शक्ति विदेश पलायन भएका हुन? यस विषयमा गहिरो अध्ययन हुनुपर्ने देखिन्छ (सापकोटा, २०६९) ।

अन्तराष्ट्रिय श्रम संगठनले सन् १९८३ मा रोजगारीको परिभाषा दिएअनुसार काम गर्ने उमेरका आर्थिक क्रियाकलापमा संलग्न मानिस जो कुनै निश्ति समयसम्म काम गर्दछन भने त्यसलाई रोजगारी भनिन्छ । यसैगरी नगद अथवा सेवा वा वस्तुको रूपमा प्रतिफल लिई काम गर्नुलाई ज्याला भुक्तानी रोजगार र आफ्नै व्यवसायमा ज्याला नलिई काम गर्नुलाई स्वरोजगार भनिन्छ (रेग्मी, २०६५) ।

यसरी नेपाली युवाहरू वैदेशिक रोजगारीमा जाँदा र उसको परिवार साथै समग्र देशको आर्थिक अवस्थामा सुधारका संकेतहरू पनि देखा परेका छन् । विदेशी भुमिमा रगत र

पसिनाको प्रवाह नगरी पठाएको रकमले देशभित्रको आर्थिक क्रियाकलाप संचालनमा महत्वपुर्ण योगदान गरिरहेको छ । नेपालमा नै चर्को मुल्य चुकाएर विदेश जाने गर्दछन् । तर त्यो पैसाको उचित सदुपयोग हुने भए नेपालमा नै निकै उद्योग धन्दा र सिपको विकाश हुने थियो । नेपालीहरू वैदेशिक रोजगारीको लागी विविध किसिमका जोखिमहरू सरकार स्वयमले वहन गरिदिने हो भने विदेशी पुँजी नेपाल भित्र नै प्रवाह भई देशको आर्थिक विकाश हुने आशा राख्न सकिन्छ । वैदेशिक रोजगारी भन्नाले आफ्नो देशको सिमा नाघेर अर्को देशमा जानु र श्रमको मुल्य बुझिन्छ (खत्री, २०५५) ।

नेपाल सरकार अर्न्तरगत श्रम मन्त्रालयको श्रम सम्वन्धी ऐनले वैदेशिक रोजगार भन्नाले कुनै पनि कामदारले विदेशमा प्राप्त गर्ने रोजगारी नै वैदेशिक रोजगारी हो भनि परिभाषा दिएको भएपनि अन्य संघसस्थाहरूले यस सम्वन्धी परिभाषा दिएका पाइदैन । वैदेशिक रोजगारीको परिभाषाको सवालमा स्पष्ट हुनुपर्ने कुरा के छ भने कुन देशमा कति हद सम्म गरिएको कामलाई वैदेशिक रोजगारमा राखिने हो ? त्यो सवालमा कुनै पनि निकायले प्रस्ट पारेको छैन । नेपाली वृहत शव्दकोष अनुसार वैदेशिक भन्नाले अर्को देश र रोजगार भन्नाले जिविका वा इलम उद्योगका लागि गरिने काम भन्ने बुझिन्छ । तर सदियौदेखी विविध पेशा तथा व्यावसायमा आवद्ध भएर भारतका विभिन्न ठाउँमा काम गरेपनि वैदेशिक रोजगार भनिदैन । यसको मुख्य रहस्य सन् १९५० को सन्धि अनुसार नेपाल र भारतमा दुवै देशका जनतालाई स्वतन्त्रता पूर्वक आवतजावजत गर्न दिईने तथा सम्पति र सुरक्षाको अधिकार दिइएको हुँदा कुनै प्रवेषाज्ञाको आवश्यकता पर्दैन तर यो प्रकृया अन्य मुलुकका लागी अनिवार्य तत्व हो ।वैदेशिक रोजगार भन्नाले निश्चित प्रतिफलको आशामा अथवा व्यवस्था सहित एक देशबाट अर्को देशमा गई विभिन्न क्षेत्रमा श्रमको उपयोग गर्ने विधिलाइ वैदेशिक रोजगारी भनिन्छ (रावत्, २०७१) ।

अन्तराष्ट्रिय श्रम संगठन ले सन् १९८३ मा रोजगारीको परिभाषा दिएको छ । जस अनुसार काम गर्ने उमेरका आर्थिक क्रियाकलापमा संलग्न मानिस जो कुनै निश्चित समयसम्म काम गर्दछन् भने त्यसलाई रोजगारी भनिन्छ । त्यसैगरी नगद अथवा सेवा वा वस्तुको रूपमा प्रतिफल लिई काम गर्नुलाई ज्याला भुक्तानि, रोजगार र आफ्नै व्यवसायमा ज्याला नलिई काम गर्नुलाई स्वरोजगार भन्दछन (घिमिरे, २०६६) ।

यसरी अनौपचारीक रूपमा धैरै पहिलादेखी सञ्चालनमा आएको यो व्यवसायलाई सरकारी स्तरबाट मान्यता दिई ऐनमा आवद्ध गरिएको भने धेरै भएको छैन । जहाँ वि. सं. २०४२ सालमा तत्कालीन सरकारले रोजगार ऐन २०४२ सार्वजनिक गरिएको थियो । यसै ऐनको धारा २ को ख मा विषय र प्रसँगले अर्को अर्थ नलागेमा वैदेशिक रोजगार भन्नाले कामदारले विदेशमा पाउने रोजगार सम्झनु पर्दछ भनिएको छ । त्यसै धाराको ग मा वैदेशिक रोजगार उपलव्ध गराएको कार्य सम्झनु पर्छ । यस शब्दले रोजगार दिने वा दिलाउने संस्थाको प्रतिनिधिको रूपमा कामदार छनौट गर्ने कार्य समेतलाई जनाउदछ ( कानुन किताव व्यवस्था समिति, २०५६) ।

वैदेशिक रोजगारको विकासक्रम (Development of the Foreign Employment) का बारेमा कुरा गर्दा नेपालको भौगोलिक वनोट हेर्दा अत्यन्त विविधतापूर्ण भएपनि इतिहासमा सधैभरि आफु र आफ्नो इतिहासलाई अक्षुण राख्न सफल भएको देश हो । इतिहासलाई हेर्दा विभिन्न समयदेखि नै नेपालीहरू विविध उद्देश्यले विभिन्न देशहरूमा पुगेका चर्चाहरू पाइन्छन् । जव सन १८१६ मा सुनौली सन्धि देखि नै नेपालीहरू कामको खोजीमा देश वाहिर जानेक्रम शुरु भएको हो, यहि क्रम पछि एउटा चलनको रूपमा विकास भएर आयो । त्यसैगरी नेपालको सिमाना खुला तथा जोडिएको कारण तत्कालिन हिन्दुस्थानसँग सामाजिक आर्थिक तथा सांस्कृतिक सम्वन्ध पाईन्छ । जव देशमा अंग्रेजको आक्रमण भयो । सो आक्रमणमा नेपाली विर पुर्खाहरूले देखाएका वीरताका कारण तथा नेपालको माया नेपालीहरूलाई आफ्नो गर्दन भन्दा पनि प्यारो ठानेको देखेर उनीहरूले नेपाली वीर योद्धाहरूलाई आफ्नो सेनामा सामेल गराउन थालियो । जसका लागी उक्त कम्पनिले तीनवटा रेजिमेन्ट स्थापना गर्यो र ती रेजिमेन्टमा भर्ती हुन नेपालीहरू विशेष गरी हालको गोर्खा , बाग्लुङ्ग, कास्की , लम्जुङ आदि क्षेत्रबाट वढि मात्रामा जानेकारण त्यस वेला नेपालीभन्दा गोर्खाको नामले चिनिन्थे । यसरी लाहोर जो क्रममा विस्तार हुँदै गएको कारण उनीहरूलाई लाहुरे भनिन थालीयो (पण्डित, २०५७ ) ।

नेपालको एकिकरण पछि नेपालीहरू विभिन्न देशमा पुगेका थिए जस्मा मुख्य उद्देश्य रोजगारी प्राप्तीको लागी नै विदेशिने गरेको थिए । सन् १८१५ भन्दा अगाडि नेपालीहरू भारतको मेघालय , आसाम मणिपुर आदि ठाउँमा पुगेका थिए । साथै अन्य देशहरूमा भुटान, वर्मा, मलेशिया आदि मुलुकहरूमा वैदेशिक रोजगारी तथा आवतजावत गरेको

पाइन्छ (दाहाल, २०५५) । त्यहाँ गएर नेपालीहरूले विभिन्न उद्योग तथा व्यावसायमा काम गरी केही पैसा समेत आर्जन गरी ल्याउने गर्दथे । यसरी विविध पेशाको निम्ती नेपालीहरू विदेश जान थालेपछि वैदेशिक रोजगार सेवाको विकास भएको पाईन्छ । विभिन्न शिलशिलामा वैदेशिक रोजगारीका लागी नेपालीहरू विदेश गएता पनि व्यवस्थित र कानुनी रूपमा वैदेशिक रोजगारीमा जानेकक्रम वि स २०२८ सालमा श्रम विभागको गठन गरी वैदेशिक रोजगारीका विविध समस्याहरू समाधान गर्न शुरु गर्यो । त्यसै गरी २०४२ सालमा वैदेशिक रोजगार ऐन वि स २०४९ र वि स २०५४ गरी २ पटक शंसोधन भएको छ भने वैदेशिक रोजगार नियमावली २०५६ पनि लागु भईसकेको छ (श्रम तथा यातायात व्यवस्था मन्त्रालय, २०५६) ।

वैदेशिक रोजगारीमा जाने प्रकृया फरक फरक भएतापनी मुख्य उद्देश्य आय आर्जन गर्नु नै हो । मानिसहरू अवसरहरूको खोजीका साथै आफ्ना विविध आवश्यकतालाई पूरा गर्नको लागी वाध्य भएर रोजगारको अवसर खोज्दै विदेश जान थाले । जहाँ अन्तिम विकल्पको रूपमा आजपनी यस व्यवसायलाई लिइएको पाइन्छ । सरकारी तथा गैर सरकारी संस्थाहरू मार्फत विदेशिएका नेपालीहरूको वेलावखतको पिरमर्का अन्याय र शोषणलाई विभिन्न सञ्चार माध्यबाट पनि प्रकाशित तथा प्रसारित गर्न थालियो । जसको कारणले सम्वन्धीत निकायको ध्यान जान थाल्यो । त्यसैगरी सरकारले पनि यस व्यवसायलाई व्यवस्थित गर्नको लागी वेलावखतमा विभिन्न आयोग तथा समितिहरू गठन गरी नीती नियमलाई परिमार्जन गर्दै लाने प्रयास गरेको पाईन्छ । हाल आएर सरकारले वैदेशिक रोजगारका संभावना अधिक भएका मुलुकहरूसंग सोभै कुटनितिक नियोगहरू गठन गरी तिनीहरूलाई परिचालन गरेको छ ( राष्ट्रिय योजना आयोग, २०५९ ) ।

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको अधिकार संरक्षणका लागी दुवई, (यु.ए.ई) कतार, वहराइन र दक्षिण कोरिया लगायत ४१ वटा देशहरूसँग श्रम सम्झौता भइसकेको छ भने अन्य मुलुकहरूसंग पनि यस्तो सम्झौता गर्ने क्रम जारी छ । त्यसै गरी वैदेशिक रोजगारीमा जाने प्रत्येक व्यक्तिको सम्झौता अवधिभरका लागि रु ५ लाखको विमा गर्ने व्यवस्था मिलाइने कुरा वजेट वक्तव्य २०६४ मा उल्लेख गरिएको छ । त्यसै गरी नेपाली कामदार अधिक भएका मुलुकहरूमा श्रम सहचारीको व्यवस्था गर्दै लगिने र अन्य मुलुकहरूमा दुतावासको क्षमता तथा पहुँच वृद्धि गर्दै लगिने साथै वैदेशिक रोजगार उदार कोषको

स्थापना गरिने पनि उल्लेख छ । आज आएर यो व्यवसाय सरकारी तथा गैर सरकारी क्षेत्रहरूवाट संचालनमा आएको छ , जसले नेपालका लागी वेरोजगारी समस्याको केहि हदसम्म भएपनि न्युनिकरण गरी विदेशी मुद्रा आर्जनको लागी प्रमुख भुमिका देखिन्छ (श्रम विभाग, २०६८) ।

## १.२ समस्याको कथन (Statement of the Problem)

वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणले हाम्रो परिवार, समाज र राष्ट्रलाई पनि सकारात्मक दिशा तर्फ डोऱ्याउन महत्वपूर्ण भूमिका खेलेको हुनाले यसै वैदेशिक रोजगारीको पृष्ठ भूमिमा यस अध्ययनको कथन वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले शैक्षिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभावको अध्ययन रहेको र अध्ययन क्षेत्र वडीगाड गाउँपालिका बाग्लुङ्गरहेको छ । वैदेशिक रोजगारी स्वदेशमा वेरोजगार तथा अवसरमा विकल्पको रूपमा वर्तमान समयमा स्थापित भइसकेको छ । सामान्य पढेलेखेको तथा उच्च शिक्षा गरेको दक्ष जनशक्तिको समेत आम्दानीको प्रमुख स्रोतको रूपमा देखिएको छ । विश्वब्यापिकरणको माहोल सगैं सुचना र प्रविधिले फड्को मारिरहेको यो अवस्थामा आज प्रत्येक नेपालीहरूलाई पनि आफ्नो बालबालिकाको भविष्य प्रति चासोको विषय बनेको छ । सुचना र प्रविधिसग प्रतिस्पर्धा गर्न तथा गुणस्तरीय शिक्षा आफ्ना बालबालिकाहरूलाई प्रदान गर्ने दायित्व पनि बढ्दै गइरहेको छ । चरम वेरोजगारी तथा अवसरको कमिले गर्दा बालबालिकाहरूको दायित्व निभाउन नसकिरहेको अवस्थामा वैदेशिक रोजगार अहिले सहज वन्दै गइरहेको छ ( रेग्मी, २०६५) ।

अहिलेको समयमा नेपालबाट शिक्षित वा माथिलो स्तरका प्राविधिक ज्ञान हासिल गरेका युवाहरू विदेश पलायन हुने गर्दछन् भने यस देखि बाहेक देशमा रहेका सामान्य शिक्षा प्राप्त गरेका अशिक्षित युवाहरू समेत वैदेशिक रोजगारका लागि जाने क्रम तिब्र गतिमा बढिरहेको छ । यसमा पनि न्यूनतम सामान्य आर्थिक अवस्था भएको युवायुवतीहरू आफ्नो देश तथा गाउँ, घरपरिवारलाई छोडेर विदेशिन बाध्य हुनु परेको छ । र यस्तो कार्य तिव्र रूपमा बढिरहेको छ । त्यसैले नेपाल गाउँ नै गाउँले भरिएको राष्ट्र भएको हुदाँ नेपालको धेरैजसो ग्रमिण क्षेत्रमा युवायुवतीहरू कम मात्रामा रहेको पाइन्छ । ग्रमिण क्षेत्रका युवा पुस्ताहरू धेरैजसो वैदेशिक रोजगारमा गएको अवस्था छ । अहिले नेपालको स्थिती यस्तो भैसकेको छ की शिक्षक, कर्मचारी, बुढाबुढी, बालबालिका तथा अशक्त व्यक्तिहरू भन्दा अरु युवाहरू

गाउँमा विया भेटिएजस्तै भइसकेको छ । आफ्ना सम्पूर्ण घरपरिवार, पढाई, समाज, पढाई, साथिसंगी तथा राष्ट्रलाई छाडेर युवाहरू वैदेशिक रोजगारीका लागि विभिन्न खाडी राष्ट्रमा जान्छन् । ती वैदेशिक रोजगारीबाट प्राप्त आयले युवाहरूको घरपरिवारको आर्थिक तथा शैक्षिक स्थितीमा कस्तो प्रभाव परेको छ ? विप्रेषणबाट प्राप्त आम्दानी कहाँ लगानी भएको छ ? लगानीबाट प्रतिफल कति प्राप्त भएको छ ? बालबालिकाको पढाईमा सकारात्मक प्रभाव परेको छ वा छैन ? सबैभन्दा बढी कुन शैक्षिक अवस्था भएका युवाहरू वैदेशिक रोजगारमा जाने गरेको पाइन्छ ? आदि विषयबस्तुको खोज अनुसन्धान गरी निष्कर्ष निकालेर रोजगारीमा अपनाउनुपर्ने सहजता र ठोस सुझाब दिनु अध्ययनको उद्देश्य रहेको छ (रावत, २०७१) ।

बर्तमान समयमा पनि नेपाली युवाले रोजगारी नपाउनु नै अहिलेको नेपालमा देखिएको एउटा गम्भिर समस्या हो । हिमाल, पहाड र तराईमा प्रसस्त मात्रामा पुर्वाधार विकास हुन नसक्नु नै बेरोजगारी उत्पन्न हुनु हो । साथै ग्रमिण क्षेत्रमा देखा परेका यस्ता पुर्वाधारको कमि र बढी बेरोजगारी देखा परेकोले ग्रामिण अर्थतन्त्रलाई माथि उकास्न, बेरोजगारी, गरिबीलाई हटाउन वैदेशिक रोजगारले राम्रो भुमिका खेल्दछ । त्यसैले वैदेशिक रोजगार नेपाल अर्थतन्त्रको विकासमा प्रमुख माध्यम भएकोले यस अध्ययनले खोज अनुसन्धान समाजमा विद्यमान सकारात्मक र नकारात्मक प्रभावको सम्बन्धमा ठोस सल्लाह, सुझाब र निष्कर्ष अध्ययनको प्रमुख पक्ष रहेको छ (भट्टराई, २०६९) ।

नेपालमा रोजगारीका अवसरको पर्याप्त उपलब्धता नहुदा उच्च शिक्षा हासिल गरेका तथा प्राविधिक तथा व्यवसायिक शिक्षा हासिल गरेका युवा विदेश पलायन हुने तथा सामान्य किसिमका शिक्षा हासिल गरेका तथा अशिक्षित युवाहरू पनि विभिन्न देशमा श्रमिकको रूपमा वैदेशिक रोजगारका निम्ती विदेश जाने क्रम वृद्धि भइरहेको छ । गरिब तथा पिछडिएका समुहका युवाहरू प्राय खाडी मुलुकमा जाने क्रम बढी रहेको छ । नेपालमा अहिले प्रत्यक गाउँको नजर अन्दाज गर्ने हो भने केही संख्यामा मात्र आफ्नो गाउँ घरमा रोजगारीमा छन भने धेरै संख्या वैदेशिक रोजगारीमा गएको अवस्था छ । यसरी वैदेशिक रोजगारीमा जाने ति युवा युवतिको घरपरिवारको आर्थिक तथा छोरा छोरीको शैक्षिक अवस्थामा कस्तो प्रभाव पारेको छ ? यस विषयमा गहन अध्ययनको खाचो छ (रेग्मी, २०६५) ।

एउटा विकराल रूपमा रहेको वेरोजगारी नेपालको जटिल समस्याको रूपमा विद्यमान छ । देशको आर्थीक शैक्षिक ग्रामिण अवस्थाको सुधारको लागी र अर्थतन्त्र उकास्नको लागी वैदेशिक रोजगारीले महत्पुर्ण भुमिका खेलेके छ । यसका शिपले आफ्नो क्षेत्रमा उक्त सीपको प्रयोग गरेर आर्थीक उन्नती गर्न सकिन्छ । तसर्थ यसै पृष्ठ भुमिमा आधारीत रहेर प्रस्तुत शिर्षक छनौट गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य (Objective of the Study)

यस अध्ययनको साधारण उद्देश्य बाग्लुङ्ग जिल्लाको वडीगाड गाउँपालिकामा वैदेशिक रोजगारीले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावको विश्लेषण गर्नु हो भने यस अध्ययनका विशिष्ट उद्देश्यहरू निम्न प्रकार छन् :

१) वैदेशिक रोजगारीमा जानुपूर्व र गएपछिको उनीहरूको आर्थिक तथा शैक्षिक अवस्थाको तुलनात्मक विश्लेषण गर्नु ।

२) विप्रेषण लगानीका क्षेत्रहरू पत्ता लगाउनु ।

३) वैदेशिक लगानीले पारिवारिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनु ।

## १.४ अनुसन्धान प्रश्न (Research Questions)

यो अध्ययनमा बाग्लुङ्ग जिल्लाको साविक वडीगाड गाउँपालिकाका यूवाहरू जो वैदेशिक रोजगारीका लागि गएका छन् तिनिहरूको आर्थिक तथा शैक्षिक अवस्था कस्तो रहेको छ भन्ने कुरालाई आधार मानी निम्न लिखित प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ ।

क) बाग्लुङ्ग जिल्ला वडीगाड गाउँपालिका भित्रका वैदेशिक रोजगारीमा जानेहरूको आर्थिक तथा शैक्षिक स्थिति कस्तो रहेको छ ?

ख) वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको घरपरिवारमा कुनै परिवर्तन आएको छ ?

ग) सबै भन्दा बढी कुन शैक्षिक अवस्था भएका यूवाहरू वैदेशिक रोजगारीमा जाने गरेको पाइन्छ ?

घ) वैदेशिक रोजगारीबाट प्राप्त आम्दानी कस्ता कस्ता क्षेत्रमा लगानी भएको छ ?

ङ) वैदेशिक रोजगारीमा जाने परिवारको आर्थिक तथा शैक्षिक क्षेत्रमा वैदेशिक रोजगारीबाट प्राप्त आम्दानीले कस्तो प्रभाव पारेको छ ?

च)  वैदेशिक रोजगारीका समस्याहरू के के रहेका छन् ?

छ)  वैदेशिक रोजगारीमा जानु पूर्वको आर्थिक अवस्था कस्तो थियो ?

ज)  के वैदेशिक लगानीले पारिवारिक सम्बन्धमा नकारात्मक असर पारेको छ ?

## १.५ अध्ययनको महत्व (Significance of the Study)

यो अध्ययन बाग्लुङ्ग जिल्लाको वडीगाड गाउँपालिकाबाट वैदेशिक रोजगारीका लागी विदेश जाने श्रमशक्तिले आफ्नो जीवनशैली तथा आर्थिक अवस्थालाई कुन रूपमा परिवर्तन गरेका छन् तथा समाजमा आफुलाई कसरी स्थापित गराएका छन् भन्ने कुरा पत्ता लगाउन उपयोगी हुनेछ । यसका साथै वैदेशिक रोजगारीवाट व्यक्तिहरूको सामाजिक आर्थिक क्षेत्रमा कस्तो परिवर्तन आएको छ भन्ने कुरा पत्ता लगाउनको लागी महत्वपूर्ण रहने छ । साथै यस अध्ययनले यस क्षेत्रसँग सम्वन्धित विभिन्न अप्रमाणित तथ्यहरू तथा वर्तमान अवस्थाको ज्ञान हुनुका साथै विगतका अवस्थाहरू समेत थाहा पाउन मद्दत गर्नेछ । वैदेशिक रोगारीको बारेमा चासो तथा खोज गर्ने व्यक्तिका साथै पछि आउने अनुसन्धानकर्ता लगायत सम्वन्धित तहमा नीति निर्माणमा जुटेका व्यक्ति तथा संस्थालाई पनि सहयोग पुर्याउने अपेक्षा राखिएको छ । त्यसैगरी आज आएर वैदेशिक रोजगारी एउटा विषय बन्दै गएको अवस्थामा वैदेशिक रोजगारीको असर तथा त्यसको समस्या समाधानमा सम्वन्धित पक्षको ध्यानाकर्षण गराउनको लागी यस अध्ययनको ठुलो महत्व हुने आशा गरिएको छ (राई, २०६९) ।

नेपालको रोजगारीको क्षेत्रलाई खोतल्ने हो भने सबैभन्दा बढी रोजगारी कृषि क्षेत्रबाट पाएका छन् । यसरी परम्परागत कृषि प्रणालीले गर्दा कृषकहरूलाई आफ्नो विहान बेलुकाको छाक टार्न पनि धौ धौ पर्ने हुनाले आम नेपाली युवाहरू वैदेशिक रोजगारीमा होमिनु परेको छ । यस अध्ययनमा वैदेशिक रोजगारीको लागि खाडी मुलुक पलायन भएका नेपाली युवाहरूको आर्थिक अवस्था, शैक्षिक स्थिती तथा उनीहरूको सिपको उपयोग र वैदेशिक रोजगारीमा गई प्राप्त विप्रेषणको लगानीले उनीहरूको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव र वैदेशिक रोजगारको लागि व्यवस्थित विकास एवम् प्रवर्द्धनको ठोस सुझाव प्रदान गर्नको निमित्त यस अध्ययनमा कदम चालिएको छ । वैदेशिक रोजगारीको क्रममा यस अध्ययनले सकरात्मक तथा नकरात्मक पक्षहरूको जानकारी दिन र वैदेशिक रोजगारीमा देखिएको वर्तमान समस्याहरूको लागि यस अध्ययन मह□वपूर्ण हुनेछ (ज्ञवाली, २०७०) ।

नेपाली युवाहरूले वैदेशिक रोजगारीमा देखिएको वर्तमान समस्या पत्ता लगाई सम्बन्धित पक्षहरूलाई जानकारी दिन, कामदारहरूले वैदेशिक रोजगारमा जानु अघि अपनाउनु पर्ने सावधानीहरू, आवश्यक तालिम तथा सीप र भाषा सम्बन्धि ज्ञानको बारेमा सरकारले अपनाउनुपर्ने कार्य निर्माण गर्नुपर्ने नीति नियमहरूको जानकारी, अर्थशास्त्र विभागका विद्यार्थीहरूलाई वैदेशिक रोजगार सम्बन्धि अध्ययन तथा मार्गनिर्देशन दिन यस शोधपत्रले सहयोग गर्नेछ। यो अध्ययनको महत्त्वलाई निम्नानुसार बुदाँमा व्यक्त गर्न सकिन्छ :-

१. वैदेशिक रोजगारीमा सलंग्न युवाहरूको आर्थिक तथा पारीवारीक शैक्षिक अवस्थाको विश्लेषण गर्न ।
२. वैदेशिक रोजगारीको सकारात्मक र नकारात्मक पक्षको विश्लेषण गरी सम्बन्धित व्यक्तिलाई जानकारी दिने ।
३. यस अध्ययन विषयसँग सरोकार राख्ने व्यक्तिहरूको लागी अध्ययनमा सहभागी बन्ने ।
४. सरकारले वैदेशिक रोजगारी सम्बन्धी अपनाउनु पर्ने सावधानीहरूको जानकारी दिन ।
५. निती निर्माणकर्तालाई निती निर्माणमा सहयोगी बन्ने ।
६. यस सोधले अर्थशास्त्र विभागका विद्यार्थीहरूलाई वैदेशिक रोजगार सम्बन्धि अध्ययन गर्न तथा मार्ग निर्देशन दिन सहयोग गर्ने अपेक्षा लिइएको छ ।

## १.६ अध्ययनको परिसिमा (Delimitation of the Study)

अध्ययनकर्ताको समय, लागत र आवश्यक पर्ने जनशक्तिको सीमितताको कारण यस अध्ययनलाई निम्न सिमाभित्र रहि सम्पन्न गरिएको छ ।

क) यो अध्ययन नेपालको बाग्लुङ्ग जिल्लाको वडीगाड गाउँपालिका वार्ड नं. १ र २ भित्रमा सीमित गरिएको छ ।
ख) यस अध्ययनमा वैदेशिक रोजगारीका लागि साउदी अरेबीया, कतार, मलेसिया, संयुक्त अरब इमिरेट्समा फर्कका व्यक्तिलाई मात्र समेटिएको छ ।
ग) कानुनी प्रक्रिया पूरा गरेर विदेश गएका मानिस र उनीहरूको परिवारहरूलाई मात्र समावेश गरिएको छ ।

घ) यस अध्ययनमा बैदेशिक रोजगारीका सिलसिलामा वि स २०६७ देखी २०७३ साल सम्म विदेश गएका श्रमिकहरूलाई मात्र समावेश गरिएको छ ।

ङ) यस अध्ययनको निष्कर्षलाई देशको सम्पूर्ण सन्दर्भमा सामान्यिकरण नहुन पनि सक्छ ।

## १.७ मुख्य शब्दावलीको कार्यात्मक परिभाषा (Operational Definition of Key Terms)

| | | |
|---|---|---|
| **वैदेशिक रोजगारी** | : | कानुनी रूपमा निश्चित समयका लागि आफ्नो देश छाडी रोजगारीमा अन्य देशमा जानु । |
| **विप्रेषण** | : | वैदेशिक रोजगारीबाट स्वदेशमा भित्रिएको रकम । |
| **रोजगारी** | : | उत्पादनका साधनहरू गतिशील अवस्थामा रहनु । |
| **वार्षिक आम्दानी** | : | एक वर्ष भित्रमा प्राप्त कुल आम्दानी । |
| **वार्षिक खर्च** | : | एक वर्ष भित्रमा गरिएको अर्च । |
| **गरिबी** | : | आधरभूत आवश्यकता समेत पूरा गर्न नसक्ने अवस्था । |
| **नियती** | : | वाध्यता |
| **नमुना** | : | ठूलो जनसंख्या बाट छनौट गरिएको प्रतिनिधिमूलक समूह |
| **जनसंख्या** | : | अनुसन्धानको लागि छनोट गरिएको सम्पूर्ण मानिस तथा वस्तुहरूको समूह |
| **वार्षिक आम्दानी** | : | एक वर्ष भरीमा प्राप्त गरेको अम्दानी |

## १.८ अध्ययनको संगठन (Organization of the Study)

यस अध्ययनलाई विभिन्न अध्यायहरूमा प्रस्तुत गरिएको छ । अध्याय एकमा अध्ययनको पृष्ठभुमि, बैदेशिक रोजगारीको विकासक्रम, वैदेशिक रोजगारीको परिभाषा, अध्ययनको उद्देश्य, महत्व र अध्ययनका सीमाहरू राखिएको छ भने अध्याय दुइमा अध्ययनसँग सम्वन्धित साहित्यको पुनरावलोकन गरिएको छ । त्यसैगरी अध्याय तीनमा शोध विधि, नमुना छनौट, तथ्याङ्क संकलनका श्रोत राखिएको छ । त्यसैगरी अध्याय चारमा अध्ययन

क्षेत्रको परिचय , अध्ययनका क्रममा पाईएका तथ्याङ्कको प्रस्तुति र विश्लेषणको प्रक्रियालाई राखिनुका साथै अध्ययनको क्रममा आईपरेका समस्याहरू राखिएका छन् । जहाँ वैदेशिक रोजगारीसँग सम्वन्धित विविध विष्यवस्तुहरू पनि समावेश गरिएको छ । त्यसका साथै वैदेशिक रोजगारीको प्रभावका वारेमा पनि समावेश गरिएको छ । त्यसैगरी यस अध्ययनको अध्याय पाँचमा अध्ययनको सारांस, निष्कर्षहरू उल्लेख गरी केही आवश्यक सुझावहरू पनि प्रस्तुत गरिएको छ । अन्तमा अनुसुचि र सन्दर्भग्रन्थ सूचीहरू यस अध्ययनको अन्त्य गरिएको छ

# अध्याय दुई (CHAPTER TWO)

## २. सम्बन्धित साहित्यको पुनरावलोकन (Review of Related Literature)

यस अध्यायमा अनुसन्धान विषयसँग सम्बन्धित यसभन्दा अघिका विभिन्न प्रकाशित तथा अप्रकाशित लेख रचना तथा साहित्यको पुनरावलोकन गरिएको छ ।

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of Theoretical Literature)

Kansakar, (१९८२) ले आफ्नो एक अनुसन्धानमा सन् १८१४ पछि नेपालमा विप्रेषणको सुरुवात सेनाहरूवाट भएता पनि पछि गएर गैर सैनिक श्रमिकहरूवाट पर्याप्त हुन गरेको उल्लेख गरिएको छन् । उनको उक्त अनुसन्धानले नेपालको वढ्दो जनसंख्या रोजगारीका अवसरहरू वीच सन्तुलन ल्याउन तथा वैदेशिक मुद्रा आर्जन गर्न एउटा कोशे ढुङ्गा नै सावित भएको छ । उनले आफ्नो अध्ययनमा वैदेशिक रोजगारीबाट प्राप्त आयले उक्त आय प्राप्त गर्ने परिवारको आर्थिक सामाजिक तथा शैक्षिक अवस्था उच्च राखेको कुरा अध्ययनमा उल्लेख छ । त्यसको नकारात्मक अथवा वैदेशिक रोजगारीको खराब पक्षमा श्रमिकको तिब्र पलायनका कारण कृषि उत्पादनमा ह्रास आउन सक्ने तर्फ पनि सचेत गरिएको छ ।

Giri, (2001) ले E.G Ravenstein को पुस्तकलाई विश्लेषण गर्दै भनेका छन् बसाईसराइ मुख्य गरी Pull factor and puss factor का हुन्छन् । जहाँ push factors मा प्रतिकुल व्यापक गरिवी , भुमिका उत्पादन तथा व्यापक असमानताका कारणले हुने गर्दछ भने Pull factors मा त्यसको ठिक विपरित रोजगारी शिक्षा , आदीले हुने गर्दछ । त्यसरी यी माथीका विविध समस्याले गर्दा मानिसलाई वैदेशिक रोजगारीमा जान वाध्य वनाउछ भन्ने तर्क दिएका छन ।

Todaro and Smith, (2005) काअनुसार बसाईसराई दुई ठाउँको अनुमानित आयका अन्तरले हुने बताएका छन् । उनले आफ्नो लेखमा जहाँ मानिस कम आय भएका तथा विपन्न ठाउँबाट बढी आय र सम्पन्न ठाउँतर्फ बसाई सर्ने कुरा उल्लेख गरेका छन । उनले के भनेका छन् भने नयाँ ठाउँको रोजगारको अवसर तथा त्यस ठाउँको बेरोजगारी दर बिच विपरित सम्वन्ध हुन्छ (Probobality of going employment in new area is inversely related to underemployment rate in the new areas) ।

चौधरी, (१९९३) ले ५ वटा अनुसन्धानलाई विश्लेशण गर्दै भनेका छन्, विप्रेषण आयको आकार विदेशमा गरेका काम, श्रमिकहरूको सामाजिक स्थितीले प्रभाव पार्दछ । उनले आफ्नो अनुशन्धानको निष्कर्षमा भनेका छन् विप्रेषण आएको प्रभावलाई मुख्य गरी ४ वटा तत्वले प्रभाव पारेको हुन्छ गरिबलाई मुख्य तत्व मान्दै विप्रेषण आय प्राप्त गर्ने व्यक्ति गरिबीको रेखामुनी भएमा अनिवार्य आवश्यक वस्तुहरूको उपभोगमा विप्रेषण आय बढी खर्च हुने र आय प्राप्त गर्ने व्यक्ति गरिबीको रेखा भन्दा माथि गएमा उच्च कोटीका वस्तु उपभोगमा ज्यादा खर्च गर्ने तथ्य पत्ता लगाएका छन् । दोस्रो तत्व बचत तथा तेस्रो तत्व वस्तु तथा सेवाहरूको उपलब्धता हो भने चौथो तत्व विभिन्न पेशाप्रतिको दृष्टिकोण हो भनी व्याख्या गरेका थिए ।

गौतम, (२०५८) का अनुसार विदेशमा नेपालीहरूको रोजगारी सेवा हुने भर्तीबाट शुरु भए पनि अहिले यो अन्यन्त व्यापक र बहुआयामिक बन्दै गइरहेको भनेका छन् । यसलाइ थप मर्यादित बनाउन वैदेशिक रोजगार सम्बन्धि ऐन २०६४ तयार भई कार्यान्वयनमा आएको छ भने २०३८ मा श्रम विभाग र २०६५ मा स्थापना भएको वैदेशिक रोजगारले पनि उत्तिकै मह□वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

नेपाल राष्ट्र बैंक, (२०६८) ले गरेको अनुसन्धानमा भारत बाहेक तेस्रो मुलुक तर्फ गएका नेपाली कामदारहरू मध्ये झन्डै ८६ प्रतिशत खाडी मुलुकहरूमा मात्र गएको र बाँकी विश्वका अन्य मुलुकहरूमा गएको देखाईएको छ । उक्त अध्ययनमा नेपालको वैदेशिक रोजगारको क्षेत्र मूलत : खाडी मुलुकमा मात्र केन्द्रित भएको हुनाले तुलनात्मक रूपले नेपाली कामदारहरूको न्यून वेतन प्राप्त गर्ने गरेकोले यसवाट नेपालले अपेक्षित लाभ लिन नसकेको कुरा उल्लेख गरिएको छ । साथै नेपाली कामदारहरूले काम मा जाँदा झेल्नु परेका विभिन्न समस्याहरू, विदेशमा काम गर्दा सहनु परेको पिर मर्काहरूका बारेमा पनि उक्त अध्ययन व्याख्या गरिएको छ ।

पोखरेल, (२०६७) ले गरेको अनुसन्धान अनुसार विदेशबाट प्राप्त विप्रेषण आयले गरिबी निवारणमा मेरुदण्डको काम गरेको छ । त्यसैगरी उनले आफ्नो लेखमा विप्रेषण नहुने हो की भने गरिवीको रेखामुनीको गरिबी ३१% बाट बढेर ३६.३७% हुने थियो भनि उल्लेख गरेका छन् । उनले विप्रेषण आय घरायसी खर्च मात्र नभएर पुजीँ निर्माणमा पनि ठुलो भूमिका हुने निष्कर्ष निकालेका छन् । सन् २०१३ देखि २०१५ सम्म यो मुलुकमा विप्रेषणको आप्रवास ८

प्रतिशतले बढ्ने अनुमान बैंकको छ । वृद्धि पछि यो २०१५ मा ५ खर्व १५ अर्व अमेरिकी डलर पुग्ने प्रक्षेपण गरिएको छ । अमेरिका आप्रवासी कामदारका लागी रोजगारीको अवसर वृद्धि भइरहेकाले पनि विप्रेषणको गति बढ्ने अनुमान विश्व बैंकको छ । जुन १ खर्व ९ अर्व डलर वरावर छ । पछिल्लो दुई वर्षमा यो १३.८ प्रतिशतको वृद्धिदर हो । भारतमा मुख्यरूपमा अदक्ष कामदारले वहराइन, कुवेत, ओमन, कतार,साउदी अरबीया र युएई जस्ता जी सी सी सदस्य मुलुकहरूबाट आएको प्रतिवेदनले उल्लेख गरिएको छ दक्षिण एसियाली मुलुकमा विप्रेषण भित्रीने क्रम आगामी वर्षमा पनि सुखत रहने तर २०११/१२ जस्तो वृद्धिदर भने नदेखिएको अध्ययनमा लेखिएको छ । नेपाल राष्ट्र वैंकको तथ्याङकले पनि मुलुक भित्र विप्रेषणको वृद्धिदरमा कमी आएको देखाउछ ।

वन्जाडे, (२०६८) ले गरेको अनुसन्धान अनुसार, उन्नाइसौ सताब्दीको पहिलो दशकमा भारतको इष्ट इन्डिया कम्पनिले नेपालमा युवाहरूलाई सेनामा भर्ती लिन थालेपछि नेपाली युवाहरू विदेशमा रोजगारीका लागी जान थालेको पाइन्छ । त्यसै बेला देखि नै वैदेशिक रोजगारले परिवारको आर्थिक, सामाजिक स्थितीमा प्रभाव पारेको पाइन्छ ।

खत्री, (२०६०) ले गरेको अनुसन्धान अनुसार वैदेशिक रोजगारी नेपालको सन्दर्भमा नौलो होइन । करिब २सय वर्ष अघि देखि नेपालीहरू आप्रावासको रूपमा जाने गरेको इतिहास छ । सन् १९७० को दशकपछि यसमा आमुल परिवर्तन आएको छ । अहिले सरकारले विश्वका १ सय ९ देश वैदेशिक रोजगारका लागी खुल्ला गरेको छ । संसारका सबै कुनामा धेरथोर नेपाली वैदेशिक रोजगारका लागी पुगेका छन् । वैदेशिक रोजगारीमा नेपालीलाई पठाउने व्यवसायमा निजी क्षेत्रको प्रवेश पछि नेपाली कामदारको उपस्थिति खाडी राष्ट्रहरूका साथै दक्षिण पूर्वी एसियाली राष्ट्र मलेसियामा बढिनै हुने गरेको छ । कुल वैदेशिक रोजगारीको ९० प्रतिशत अंश यी राष्ट्रले आगटेको तथ्यांकले देखाउछ । आज करिब ३५ लाख नेपाली श्रमस्वीकृति लिएर विदेशी भुमीमा श्रम गरिरहेका छन् । नेपालको वैदेशिक रोजगारीको निर्भरता दिनहु बढिरहेको छ । गत आर्थिक वर्ष वैदेशिक रोजगारीमा जाने नेपालीहरूको संख्या ३ लाख ४८ हजार ६ सय ६५ पुगेको छ । एकपटक वैदेशिक रोजगारी गएर पुनः जानेको संख्या १ लाख ४६ हजार १ सय ४० समेत जोड्दा एक आर्थिक वर्षमा वैदेशिक रोजगारीमा जानेको संख्या ५ लाख ३० हजार ८ सय ५ पुगेको छ । तिनीहरूलाई करीब ८ सयको संख्यामा रहेको वैदेशिक रोजगार व्यवसायीक सेवा पुऱ्याइरहेका छन् ।

श्रम मन्त्रालय, (२०६८) ले स्थानीय सुशासनका समग्र प्रक्रियाहरूमा वैदेशिक रोजगारीसंग सम्वन्धित विविध विषयवारे सामाजिक परिचालकहरूलाई प्रशिक्षित गरी वडा नागरिक मञ्च, नागरिक सुचना केन्द्र आदि जस्ता नागरिक संस्था मार्फत स्थानिय तहमा व्यक्ति तथा परिवारको सचेतना अभिवृद्धि गर्ने र स्थानिय सरकारलाई वैदेशिक रोजगार सम्वन्धी विविध सवालहरू प्रति संवेदनशिल जिम्मेवारी एवम उत्तरदायी बनाउन सहयोग पुऱ्याउने उदेश्य राखेको छ । भने प्रस्तावित अन्तरक्रिया/छलफलका विधिहरू प्रयोग गर्ने भनिएको छ । यस अध्ययनको अन्त्यमा वैदेशिक रोजगारीको नाममा हुने गरेको मानव बेचविखन प्रति सचेत रहेको यस अध्ययनको निष्कर्ष निकालेका छन् ।

वैदेशिक रोजगार विभाग, (२०६८) मा वैदेशिक रोजगारमा जाने कामदारहरू प्रति वर्तमान स्थिती, समस्याहरू तथा चुनौती, निती तथा रणनितीहरूका बारेमा सुनिश्चित गरेको पाइयो, जसमा यस्को उद्देश्य मुलुकको ज्ञान र सीप प्रदान गरी दक्ष, क्षमतावान र प्रतिस्पर्धी श्रमशक्तिको रूपमा विकास गर्दै वैदेशिक रोजगारमा उनिहरूको प्रवेशलाई सुरक्षित, व्यवस्थित स मर्यादित वनाउने लिएको थियो ।

रेग्मी, (२०६५) ले गरेको अनुसन्धान अनुसार वैदेशिक रोजगार भन्नाले जीवन निर्वाह गर्न गरिने काम, इलम, पेशा वा व्यवसाय हो भनेका छन् । अर्थात् विकासोन्मुख देशमा रोजगारका पर्याप्त अवसर नभएका कारण विकसित देश तिर वैदेशिक रोजगार पर्याप्त पाउने र आफ्ना आवश्यकता पुरा हुने गरी श्रम शक्तिको आपुर्ति हुनु भन्ने बुझिन्छ भने नेपालमा वैदेशिक रोजगार भन्नाले भारत भन्दा बाहिर, अमेरिका, जापान, कोरिया गएर काम गर्नु भन्ने बुझिन्छ । लाखौं युवा युवतीहरू वैदेशिक रोजगारीमा गइरहेका छन् । यसबाट प्राप्त विप्रेषणले युवाहरूको मात्र होइन नेपालको अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पारेको छ । तै पनि वैदेशिक रोजगार माथि अत्याधिक निर्भरताले दीर्घकालको लागि प्रत्युपादक बन्न सक्दछ भन्ने कुराहरूलाई हामीले भुल्नु हुदैन किनभने कुनै समयमा नेपालको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याएको ऊनी गलैचा र तयारी पोशाक आज आएर धारासायी तथा बन्दै हुने अवस्थामा पुगेको तितो यथार्थ हाम्रो सामु ताजा नै रहेको छ अन्तराष्ट्रिय श्रम बजारमा तुलनात्मक रूपमा श्रमको माग तिब्र रूपमा हुन सकेको खण्डमा मात्र आपुर्ति पक्षको भुमिका सहज हुन सक्दछ । तर दीर्घकाल सम्ममा यस प्रक्रियाले निरन्तरता पाउन सक्दछ भन्ने कुरामा एकिन गर्न गाह्रो छ । तसर्थ कुनै समयमा

अन्तराष्ट्रिय श्रम बजारमा नेपाली श्रमिकको माग घट्न गई आम्दानीले निरन्तरता नपाउन सक्ने संभावाना माथि पनि उत्तिकै सजग हुनुपर्ने देखिन्छ । वर्तमानको आम्दानीलाई उत्पादनशील क्षेत्रमा लगानी गरी स्वदेशमा नै रोजगारीको अवसरहरू सिर्जना गर्न सकेको खण्डमा वा स्वरोजगारलाई प्रोत्साहन दिन सकेको खण्डमा मात्र भविश्यमा समुन्नति र दीगो आर्थिक विकासको आशा गर्न सकिन्छ ।

Seddon & Graner, (२००४) ले आफ्नो लेखमा सन् १९९६-९७ देखि २००३ - ०४ सम्मको विप्रेषणको परिवर्तनलाई प्रथमिक दिदै नेपाली श्रमिकहरूले विदेशी भूमिमा जान खोज्ने प्रवृत्ति तथा जस्का कारणले भित्रिएका विप्रेषण उल्लेखिय मात्रामा वृद्धि हुदै गएका कुरा उल्लेख गरेका छन् । Gurung and Gramer को अनुशन्धानलाई विश्लेशण गर्दै उक्त लेखमा के उल्लेख गरिएको छ भने सामान्यतया खाडी राष्ट्रमा जाने ५३ प्रतिशत मानिसहरू विशिष्ट तथा मह‍वपूर्ण पेशामा नभई श्रमिकका रूपमा गएका छन् ।

## २.२ अनुसन्धानात्मक साहित्यको पुनरावलोकन (Review of Research Literature)

नेपाल जिवनस्तर सर्वेक्षण २०६६/६७ का अनुसार एक वर्षमा देश भरका ५६५ परिवारले विप्रेषणको अनुमानित औषत रकम चालु मुल्यमा रु ८०,४३६ रहेको छ । प्रतिव्यक्ति विप्रेषणको रकम हिसाव गर्दा चालु मुल्यमा रु ९२४५ हुन आउछ । यसरी विप्रेषण प्राप्त गर्नेको संख्या मध्ये ५८ छ । स्वदेशबाट १९५ भारत र २३५ अन्य मुलुकबाट प्राप्त भएको छ । विगत १५ वर्षमा विप्रेषण प्राप्त गर्ने परिवारहरूको प्रतिशत बढ्दै गएको छ । वैदेशिक रोजगार विभागवाट प्राप्त जानकारी अनुसार आर्थीक वर्ष २०६८/६९ को दोस्रो चौमासिक सम्ममा २३ लाख ५८ हजार ७ सय १० जना वैदेशिक रोजगारमा गएको देखिन्छ । भारत संगको खुला सिमाना का कारण भारत हुँदै अनधिकृत रूपमा तेस्रो मुलुकमा वैदेशिक रोजगारीमा जानेहरूको संख्या पनि निकै रहेको अनुमान छ । वैदेशिक रोजगारीमा जाने व्यक्तिको लागी आवश्यक कार्य गर्न २०६५ पुस १६ गते देखी छुटै वैदेशिक विभागको स्थापना भई कार्य संचालन भईरहेको छ ।

पोखेल, (२०६७) ले गरेको अध्ययनमा वैदेशिक रोजगारीले गरिबीको न्युनिकरण र देशभित्र रोजगारको अवस्था नहुँदा वैदेशिक रोजगार नै मुख्य विन्दु भएको उल्लेख गरेका छन् । त्यो अध्ययनमा नेपालको श्रम बजारमा प्रतिवर्ष २ लाख श्रम शक्ति थपिने तर कम्तीमा १० प्रतिशत भन्दा पनि कमले उचित रोजगारी पाउन नसक्ने कुरा उल्लेख गरेका छन् । उनले आफ्नो अध्ययनमा हाल वैदेशिक रोजगार प्रवर्दन केन्द्रहरूको संचालनले वैदेशिक रोजगारमा जाने संख्या अधिक मात्रामा वृद्धि भएको जसको कारण नेपालबाट विशेष गरी कामदारहरू दक्ष तथा अर्धदक्ष जाने र काम अत्यनत जोखिम युक्त तथा कम पारिश्रमिक पाउने कुरा आफ्नो अध्ययनमा उल्लेख गरेका छन् ।

पण्डित, (२०५७) ले गरेको नेपालको वैदेशिक रोजगार नामक अध्ययनमा विकासोन्मुख मुलुकबाट विकसित मुलुकमा वैदेशिक रोजगारको लागी जाने कार्यले प्रविधि हस्तान्तरण तथा विदेशि मुद्राको आर्जन र वेरोजगारी समस्या हल हुने हुँदा विश्व अर्थ व्यवस्थामा वैदेशिक रोजगारीको महत्वपुर्ण स्थान रहने उल्लेख गरेका छन् । त्यसै क्रममा दक्षिण यसियाली तथा सार्क मूलुकहरू विचमा पनि यसको ठुलो महत्व हुने जसमा सवभन्दा वढि महत्व भारत , त्यसपछि क्रमैसगँ पाकिस्तान बंगलादेश , श्रीलङ्का र नेपाल पर्दछन् भनि उक्त अध्ययनमा उल्लेख गरेका छन् ।

रेग्मी, (२०६५) ले गरेको वैदेशिक रोजगारीले आर्थिक क्षेत्रमा पारेको प्रभाव को अध्ययनमा नेपाली कामदारहरू पारीवारीक आर्थिक कमजोरी र स्वदेशमा रोजगारी नपाएको कारण विदेशिएको पाईन्छ । खाडी राष्ट्रमा कम आम्दानी भएता पनि उनीहरूले आफ्नो परिवारको, आर्थिक, शैक्षिक आवश्यकताहरू आम्दानी अनुसार परिपूर्ति गरीएको पाइन्छ । वैदेशिक रोजगारीले नेपाली कामदारहरूलाई नकरात्मक प्रभाव भन्दा अध्ययन क्षेत्रका ८१.४८ प्रतिशत आर्थिक सुधार ल्याएको उल्लेख गरेका छन् ।

रिजाल, (२०६७) काअनुसार नेपाली कामदारहरू वैदेशिक रोजगारीमा जाने क्रम बढिरहेको छ । निम्न र मध्यम वर्गीय नेपालीहरू धेरै मात्रामा वैदेशिक रोजगारमा जाने गर्दछन् । यस्ता नेपालीहरूलाई विदेशमा गरिनुपर्ने कामको बारेमा केहिपनि थाहा हुदैन । विदेशमा रोजगारीका अवसरहरू प्रशस्त पाईन्छन् र रोजगारीका लागी विदेश जानुपर्दछ भन्ने धारणा रहेको हुन्छ । यस्ता कामदारले कुनैपनि सिप सिकिरहेका हुदैनन । यसरी बिदेश गएका

कामदारहरूले विदेशमा कडा परिश्रम गर्नुपर्ने र तलव तथा सेवा सुविधाहरू न्युन पाउने भएकोले उनिहरूको आर्थिक अवस्थामा उल्लेख्य परिर्वतन हुदैन ।

Kansakar, (1982) ले आफ्नो अनुसन्धानमा सन् १८१४ पछि नेपालमा विप्रेषण सुरुवात सेनाहरूवाट भए तापनि पछि गएर गैर सैनीक श्रमिकहरूवाट प्राप्त हुने गरेको उल्लेख गरेका छन् । उनको उक्त अनुसन्धानले नेपालको बढ्दो जनसंख्या रोजगारीका अवसरहरू बिच सन्तुलन ल्याउन तथा वैदेशिक मुद्रा आर्जन गर्न एउटा कोशेढुङ्गाको रूपमा बैदेशिक रोजगारी लाई लिएको छ । उनले आफ्नो अध्ययनमा वैदेशिक रोजगारीवाट प्राप्त आयले उक्त आय प्राप्त गर्ने परिवारको शिक्षा तथा प्राविधिक ज्ञान एवम् सिपमा उच्च लगानी गरी आफ्नो परिवारको आर्थिक सापाजिक तथा शैक्षिक अवस्था उच्च राखेको कुरा अध्ययनमा उल्लेख छ । त्यसको नकरात्मक अथवा वैदेशिक रोजगारीको खराव पक्षमा श्रमिकको तीव्र पलायनका कारण कृषि उत्पादनमा ह्रास आउन सक्ने तर्फ पनि सचेत गरिएको छ ।

Chaudhary, (1993) मा ५ वटा अनुसन्धानलाई विश्लेषण गर्दै भनेका छन् । विप्रेषण आयको आकार विदेशमा गरेको काम, श्रमिकहरूका शैक्षिक स्तर, वैवाहिक स्थिति र श्रमिकहरूको सामाजिक स्थितिले प्रभाव पार्दछ । उनले आफ्नो अनुसन्धानको निष्कर्षमा भनेका छन् । विप्रेषण आएको प्रभावलाई मुख्य गरी ४ वटा तत्वले प्रभाव पारेको हुन्छ । गरिवलाई मुख्य तत्व मान्दै विप्रेशण आय प्राप्त गर्ने व्यक्ति गरिवीको रेखामुनि भएमा अनिवार्य आवश्यकवस्तुहरूको उपभोगमा विप्रेषण आय बढी खर्च हुने र आय प्राप्त गर्ने व्यक्ति गरिबीको रेखाभन्दा माथि गएमा उच्च कोटिका वस्तु उपभोगमा ज्यादा खर्च गर्ने तथ्य पत्ता लगाएका छन् । दोस्रो तत्व बचत प्रकृति तथा तेस्रो तत्व वस्तु तथा सेवाहरूको उपलब्धता हो । भने चौथो तत्व विभिन्न पेशाप्रतिको दृष्टिकोण हो भनि व्याख्या गरेका थिए ।

Adhikari and Suwal, (2007) काअनुसार विदेशवाट प्राप्त विप्रेशन आयले गरिबी निवारणमा मेरुदण्डको काम गरेको छ । त्यसैगरी उनले आफ्नो लेखमा विप्रेषण नहुने हो भने गरिबीको रेखामुनीको गरीबी ३१ प्रतिशत बाट बढेर ३६.३७ प्रतिशत हुने थियो भनि उल्लेख गरेका छन् । उनले निष्कर्षमा विप्रेषण आय घरयासी खर्च मात्र नभएर पूजी निमार्णमा पनि भुमिका हुने भुमिका हुने निष्कर्ष निकालेका छन् ।

KC, (2007) अनुसार आर्थिक रूपमा सक्षम नेपालीहरू मध्ये ५ प्रतिशत श्रमशक्ति पूर्ण रूपले वेरोजगारी रहेको अवस्था छ । नेपालको जनसंख्या २.३ प्रतिशतले वृद्धि भएपछि प्रत्येक वर्ष ३ लाख श्रमीकहरूको नेपाली श्रम वजारमा थपीने गरेका छन् । नेपालमा रोजगार पाएका श्रमिकहरू मध्ये धेरैजसो. कृषिमा श्रमिक छन । त्यसको साथै कृषि क्षेत्रको अलावा उद्योग, सेवा र अन्य विविध आर्थिक क्षेत्रहरूको यथेष्ठ विकास गर्न नसकेकोले वर्षेनी डरलाग्दो अवस्था बढिरहेको श्रमशक्तिलाई समायोजन गर्न सक्ने क्षेत्र नभएको अवस्था छ । तर्सथ यस अवस्थालाइ समायोजन गर्नको लागी पर्यटन र वैदेशिक रोजगार त्यस्ता क्षेत्र हुन जसले बढ्दे श्रमशक्तिलाई रोजगार दिन महत्वपूर्ण भुमिका निर्वाह गरेको छ ।

Chand, (2008) अनुसार वैदेशिक रोजगारीवाट प्राप्त विप्रषणले नेपालको कूल गार्हस्थ्य उत्पादनमा ठुलो योगदान दिने गरेको छ । वैदैशिक रोजगारी नेपाली अर्थतन्त्रको महत्वपूर्ण क्षेत्र भएकोले यस क्षेत्रलाई स्वीकार्नु सरहना गर्नु पर्दछ । साथै यसको मुल्याङ्कन प्रोत्साहन गर्नु पर्दछ । वैदेशिक रोजगारीलाई पारदर्शी, सवैको पहुँच, हक सवै प्रकारका ठगी रोक्ने सयंत्र निमार्ण गर्नु पर्दछ । प्राप्त विप्रेषण लाई प्रोत्साहन र उत्पादन क्षेत्रमा खर्च गर्ने वातावरण सिर्जना गरिनु पर्दछ । त्यसका लागी विप्रेषण लाइ गरीवी निवारण र आर्थिक कार्यमा लगाउनु पर्दछ ।

Sigdel (2005) काअनुसार नेपालमा प्रति वर्ष ३ लाख श्रम शक्तिहरू श्रम बजारमा प्रवेश गर्दछन् । तर श्रम वजारमा प्रवेश गरेका श्रमिकको तुलनामा अत्यान्त कम अनुपातमा मात्र नेपाली वजारमा रोजगारी प्राप्त गर्ने गर्दछन् । जस्को विकल्पको रूपमा वैदेशिक रोजगारीलाई अँगाल्ने परिपाटी नेपालमा लामो समयदेखी रही आएको छ । स्वदेशमा रोजगारीको राम्रो अवसरको न्यूनता, बन्द हड्ताल, अशान्त वातावरण, राजनैतिक अस्थिरता आदि कारणले गर्दा विगत केही बर्षदेखी युवाहरूको वैदेशिक रोजगार प्रतिको आकर्षण बढ्दै गइरहेको छ ।

यसरी यी माथी उल्लेखित विविध अनुसन्धान भन्दा यस अनुसन्धानमा वैदेशिक रोजगारीमा जाने नेपाली युवाहरूको त्यहा जानुपर्ने कारणहरू तथा वैदेशिक रोजगारीबाट प्राप्त आयले पारेको आर्थिक तथा शैक्षिक प्रभावको वारेमा नेपालीको बाग्लुङ्ग जिल्लाको वडीगाड गाउँपालिकालाई नमुना छनैाट गरी अनुसन्धान गरिएको हुदाँ यो अनुसन्धान अन्य अनुसन्धान भन्दा फरक छ ।

## २.३ पुनरावलोकनको अध्ययनका लागि उपादेयता (Implication of the Review for the Study)

यस अध्यनयका लागि विभन्न पत्रपत्रिका, लेखरचना, जर्नल तथ अप्रकाशित शोधपत्रलाई आधार बनाईएको छ । वैदेशिक रोजगारीले गर्दा मानिसको न्युनतम आधारभुन अवश्यकता सहजैपूरा भएको छ, आर्थिक तथा शैक्षिक स्तरमा वृद्धि भएको छ यसका साथै यस पेशामा स्वदेश देखि विदेश सम्म ठगिने, श्रम शोषण हुने, विलासिताका लागि रकम खर्च गरिने जस्ता समस्याहरू पनि देखिएका छन् ।

चौधरी, (१९९२) ले ५ वटा अनुसन्धानलाई विश्लेषण गर्दै भनेका छन् । विप्रेषणको आकार विदेशमा गरेको काम, श्रमिकहरूको शैक्षिक स्तर वैदेशिक स्थिति र श्रमिकमहरूको सामाजिक स्थितिले प्रभाव पार्दछ । उनले आफ्नो अनुसन्धानको निष्कर्षमा भनेका छन् । विप्रेषणको प्रभावलाई मुख्य गरी ४ वटा त□वले प्रभाव पारेको हुन्छ ।

दाहाल, (२०६३) का अनुसार हाम्रो देश नेपालमा प्रशस्त मात्रामा उद्योग धन्दाको अभावका कारण श्रमिकहरू वैदेशिक रोजगारमा जान वाध्य भएका छन् भन्ने कुरा उल्लेख गर्नु भएको छ । विदेशमा नेपाली कामदारले सुरक्षित रूपमा काम गर्न पाउनु भनेको नेपालमा रहेका उसको परिवार मात्र हैन नेपालको आर्थिक क्षेत्रमा रेमिट्यान्सले ठुलो सहयोग पुऱ्याउनु हो भन्ने कुरा उल्लेख गर्नु भएको छ । नेपालमा वैदेशिक रोजगारीमा जाने नेपाली कामदारहरूको संख्या बढी रहेको छ । यसमा पनि निम्न र मध्य वर्गिय खालको मानिसहरू विदेश जान्छन् तर उनीहरूलाई आ□नो कामको वारेमा केही थाहा हुँदैन भन्ने कुरा उल्लेख गर्नु भएको छ ।

श्रम तथा यातायात व्यवस्था मन्त्रालय, (२०६७) काअनुसार अन्तर्राष्ट्रिय बजारमा आफ्नो उत्पादन र सेवालाई स्थापित गर्ने तथा एकाधिकार कायम गर्न साथै प्रतिस्थापन, दिगो शक्तिशाली राष्ट्रहरू अगाडि देखिएका छन् । यसका साथै विकासोन्मुख राष्ट्र तथा अविकसित राष्ट्रका विविध स्रोत साधनहरू माथि शोषण गरेको पाइन्छ ।

कार्की (२०६८) काअनुसार नेपालको वर्तमान अवस्थामा आम्दानीका स्रोतहरू मध्येविप्रेषण आयको प्रमुख हो । अर्को शब्दमा नेपालको अर्थतन्त्र विप्रेषण आयबाट चलिरहेको छ । ज्ञवाली (२०७१) काअनुसार वैदेशिक रोजगारीमा गएका युवाहरूबाट प्राप्त विप्रेषण रकमले

राष्ट्रिय कूलआय अभिवृद्धिमा ठूलो भूमिका निर्वाह गरेको र सीप उपलब्धताको माध्यमबाट विविध क्षेत्रमा रोजगारीको अवसर सृजना हुन गई आयस्तर सुधार तथा मुलुकको गरिबी न्यूनिकरणको दिशामा लक्षित वर्गको आयस्तर उल्लेख्य योगदान पुगेको छ ।

श्रम मन्त्रालय, (२०६८) का अनुसार वैदेशिक रोजगारका अवसरहरू विस्तार हुँदै गए पनि मूलुक भित्र वेरोजगारी संख्या तिब्र रूपमा बढ्दै गएको तर उद्योग धन्दा एवम् विकास निमार्णको कार्यहरू अपेक्षाकृत वृद्धि भएको देखिदैन । यसबाट बैदेशिक रोजगारमा जाने नेपालीहरूको संख्यामा अत्याधिक वृद्धि भएको कुरा उल्लेख गर्नु भएको छ ।

भूसाल र ओझा, (२०६९) का अनुसार वैदेशिक रोजगार सेवा भन्नाले एक देशको काम बजारको श्रम शक्ति अर्को देशको श्रम बजारमा व्यवस्थित रूपमा काम गर्नु पर्ने कुरा उल्लेख गर्नु भएको छ ।


## २.४ अनुसन्धान अन्तर (Research Gap)

वैदेशिक रोजगारीले त्यसमा संलग्न व्यक्तिहरूको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव विश्लेषण सन्दर्भमा यस भन्दा अगाडि थुप्रै अध्ययन अनुसन्धान सम्पन्न भएका छन् । पूर्व साहित्यको समीक्षामा प्रयुक्त भएका अनुसन्धानका उद्धेश्यहरू पनि वैदेशिक रोजगारीले त्यसमा संलग्न परिवारको आर्थिक, शैक्षिक सामाजिक जनजीवनमा पारेको प्रभावको अध्ययन गर्ने, वैदेशिक रोजगारी र त्यससँग सम्बन्धित पक्षका विविध अवस्थाको अध्ययन गर्ने सँग सम्बन्धित थिए । त्यसैगरी वैदेशिक रोजगार विभाग, नेपालमा श्रम मन्त्रालय,र अन्य विद्वानहरूले गर्ने अध्ययनका प्रतिवेदनहरूमा पनि वैदेशिक रोजगारको महत्वमाथि जोड दिएको पाइन्छ ।

यस अध्ययनलाई यस अघिका अनुसन्धान भन्दा केही भिन्न र पृथक बनाउने योजना अनुरूप यो अध्ययनमा वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको मात्र अध्ययन गरिएको छ । यस अघिका अध्ययन अनुसन्धानको विधि र निष्कर्षलाई मार्गनिर्देशनको रूपमा लिदैं यस अनुसन्धान मार्फत बाग्लुङ्गको वडीगाड गाउँपालिकाबाट वैदेशिक रोजगारीमा गएका ३०० व्यक्ति अनि तिनीहरूका परिवारमा वैदेशिक रोजगारीले शैक्षिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभावको अध्ययन गरिएको छ ।

## २.५ अवधारणात्मक ढाँचा (Conceptual Framework)


वैदेशिक रोजगारबाट प्राप्त आम्दानी, क्षेत्रगत खर्च एवम बचतको परिचालन लाई समेटेर शर्मा, (२०७२) ले गर्नुभएको अध्ययनको खाकालाई यहाँ अवधारणात्मक ढाँचाको रूपमा प्रस्तुत गरिएको छ ।




स्रोत : शर्मा, (२०७२)

## २.६ कार्यात्मक ढाँचा (Functional Framework)

**यस अध्ययनको कार्यात्मक ढाँचा यस प्रकारको रहेको छ ।**



# अध्याय-तीन (CHAPTER THREE)

## ३. अनुसन्धान विधि र तौर तरिकाहरू (Research Method and Procedures)

यस अध्यायमा अध्ययनले समावेश गर्ने अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत, जनसङ्ख्या र नमूना छनौट, तथ्याङ्क संकलनका औजारहरू, तथ्याङ्क संकलनविधि र तथ्यांकको विश्लेषण उल्लेख गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा (Research Design)

बाग्लुङ्ग जिल्लाको वडीगाड गाउँपालिकाबाट वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको आर्थिक स्थिति तथा उनीहरूको बालबालिकाहरूको शैक्षिक क्षेत्रमा पारेको प्रभावको अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्कको संकलन वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूलाई नमूना छनोट गरी अन्तर्वार्ता, प्रश्नावली र अवलोकनको माध्यमबाट सूचना संकलन गरिएको छ । यी श्रोतबाट गुणात्मक एवम् परिमाणात्मक तथ्याङ्क संकलन गरी व्याख्यात्मक एवम् विश्लेषणात्मक ढाँचामा तयार गरिएको छ ।

## ३.२ तथ्याङ्कको स्रोतहरू (Sources of Data)

यस अनुसन्धानमा तथ्याङ्क संकलनका लागि प्राथमिक र द्वितीय स्रोतहरूलाई उपयोग गरिएको छ ।

### ३.२.१ प्राथमिक तथ्याङ्क (Primary Data)

प्राथमिक तथ्याङ्कका स्रोतका रूपमा यस अध्ययन क्षेत्रका नमुना छनोटमा परेका व्यक्तिहरू रहेका छन् । यो अध्ययनमा बाग्लुङ्ग जिल्ला वडीगाड गाउँपालिकाबाट वैदेशिक रोजगारीमा गएर आएका व्यक्तिहरू नै प्राथमिक स्रोतका रूपमा रहेका छन् ।

### ३.२.२ द्वितीय तथ्याङ्क (Secondary Data)

अध्ययन कार्यलाई प्रभावकारी बनाउन द्वितीय स्रोतहरूमा सम्बन्धित क्षेत्र वा विषयसँग सम्बन्धित संस्था, श्रम मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग, वैदेशिक रोजगार विभाग, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, पूर्व प्रकाशित लेख रचनाहरू, पत्रपत्रिका, पुस्तक, पुस्तिका तथा यस सम्बन्धमा गरिएका अध्ययन अनुसन्धान लगायत जिल्ला विकास कार्यालय बाग्लुङ्ग, वडीगाड गाउँपालिकाबाट प्रकाशित तथा अप्रकाशित तथ्याङ्कको सहयोग लिएको छ ।

## ३.३ अध्ययन क्षेत्र (Study Area)

पश्चिमाञ्चल विकास क्षेत्र, प्रदेश  नं. ४ धौलागिरी अञ्चल बाग्लुङ्ग जिल्ला वडीगाड गाउँपालिका वडा नं. १ र २ लाई यस अध्ययनको क्षेत्रको रुपमा लिएको छ ।

## ३.४ जनसङ्ख्या, नमूना आकार र नमुना छनोट रणनीति (Populaton and Sample Size and Sampling Strategy)

यस अध्ययनका लागि जनसङ्ख्या र जसबाट छनौट गरिने नमूनाको आकार तथा छनौट प्रकृया यसप्रकार उल्लेख गरिएको छ ।

### ३.४.१ जनसङ्ख्या (Population)

यस अध्ययनमा बाग्लुङ जिल्लाको वडीगाड गाउँपालिकाको वाड नं. १ र २ को कुल जनसंख्या ७०५९ जना रहेको छ । खाडी राष्ट्रमा चार वटा देशहरु साउदी अरब, कतार, दुबई र मलेशियामा वाड नं. १ को कुल घरधुरी संख्या ५२६ मध्ये वैदेशिक रोजगारमा संलग्न घरधुरी संख्या २८४ रहेको छ । त्यसैगरी वाड नं. २ को कुल घरधुरी संख्या ५५७ मध्ये वैदेशिक रोजगारमा संलग्न घरधुरी संख्या २७७ रहेको छ । दुवै वडाबाट जम्मा वैदेशिक रोजगारमा संलग्न घरधुरी संख्या ५६१ रहेको छ । यो नै अध्ययनको जनसंख्या रहेको छ ।

### ३.४.२ नमूनाको आकार (Sample Size)

यस गाउँपालिकाबाट वि स २०६७ देखि २०७३ चैत्र सम्ममा वैदेशिक रोजगारीमा संलग्न ५६१ घरधुरी मध्ये वाड नं. १ बाट १५० र वाड नं. २ बाट १५० गरी ३०० घरधुरी अर्थात् ५३.४७ प्रतिशत यस अध्ययनको नमुनाको आकार हो ।

### ३.४.३ नमूना छनोट रणनीति (Sampling Strategy)

१. यस अध्ययनमा बाग्लुङ्ग वडीगाड गाउँपालिकालाई उद्देश्यमूलक नमूना छनोट विधिको आधारमा छनोट गरिएको छ । किनकी यस क्षेत्रमा वैदेशिक रोजगारी सम्बन्धी कुनै पनि अध्ययन अनुसन्धान नभएको र अध्ययनका लागि आवश्यक तथ्यांकहरू सहजरुपमा प्राप्त हुने भएकोले यस क्षेत्रलाई नमूनाको रूपमा अध्ययनका लागि छनौट गरिएको छ ।

२ वडीगाड गाउँपालिकामा कुल १० वडाहरू रहेको छन् । स्रोत र साधनको अभावको साथै समयको सिमितताको कारण यस अध्ययनमा वडा नं. १ र २ लाई उद्देश्यमूलक नमुना छनोट विधि अनुसार छनोट गरिएको छ । निम्न अनुसार समानुपातिक प्रतिनिधित्व हुने गरी तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | देश | घरधुरी संख्या | | | नमूना छनौट | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | वाड नं. १ | वाड नं. २ | जम्मा | वाड नं. १ | वाड नं. २ | जम्मा | |
| १ | कतार | ५८ | ४७ | १०५ | ३१ | २९ | ६० | ५७.१४ |
| २ | मलेसिया | १०३ | १०७ | २१० | ५४ | ५६ | ११० | ५२.३८ |
| ३ | दुवाइ | ८२ | ८३ | १६५ | ४४ | ४१ | ८५ | ५१.५१ |
| ४ | साउदी | ४१ | ४० | ८१ | २१ | २४ | ४५ | ५५.५५ |
| जम्मा | | २८४ | २७७ | ५६१ | १५० | १५० | ३०० | ५३.४७ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

३. यस अध्ययनमा ५६१ घरधुरीका रोजगारीबाट फर्केका ३०० घरधुरी मध्ये साउदीबाट फर्केका ८१ घरधुरीबाट ४५, मलेसियाबाट फर्केका २१० घरधुरीबाट ११०, दुवईबाट फर्केका १६५ घरधुरीबाट ८५, कतारबाट फर्केका

१०५ घरधुरीबाट ६० लाई सामान्य सम्भावना युक्त नमूना छनोट विधि अन्तर्गत चिट्ठा प्रणालीद्वारा छनोट गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलनका औजारहरू (Tools of Data Collection)

यस अध्ययनमा आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न प्रश्नावली र अवलोकन औजारहरूको प्रयोग गरिएको छ । जुन निम्नानुसार छन् :

### ३.५.१ प्रश्नावली (Questionnaire)

अध्ययनलाई पूर्णता प्रदान गर्नका लागि अन्तर्वार्ता प्रश्नावलीको प्रयोग गरिएको छ । अन्तर्वार्ता प्रश्नावलीको प्रयोग वैदेशिक रोजगारीमा संलग्न सदस्यहरूको परिवारको आकार, आम्दानी, खर्च आदिका बारेमा सूचना संकलनको लागि गरिएको छ । साथै वैदेशिक रोजगारीमा संलग्न भएका सदस्यहरूको आर्थिक र उनीहरूको बालबालिकाहरूको शैक्षिक अवस्थाका बारेमा तिनै उत्तरदाता र अभिभावक कै माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । जसलाई अनसूची १ र २ मा राखिएको छ ।

### ३.५.२ अवलोकन फाराम (Observation Form)

यस अध्ययनको उद्देश्यलाई पुरा गर्न व्यक्तिलाई लिएर वैदेशिक रोजगारीमा संलग्न भएका र नमूना छनौटमा परका सदस्यहरको घरधुरीमा प्रत्यक्ष गएर उनीहरूले बस्दै गरेको घरको अवस्थ, सरसफाइ, खानेपानीको अवस्था, शौचालयको अवस्था, बालबालिकाको सरसफाई बोलीचाली आदि कुराहरूको बारेमा प्रत्यक्ष रूपमा अवलोकन गरिएको छ । जसलाई अनुसूची ३ मा राखिएको छ ।

## ३.६ तथ्याङ्क संकलन विधि (Techniuqe of Data Collection)

यस अध्ययनका लागि तथ्याङ्क संकलन गर्न निम्न विधिहरूको प्रयोग गरिएको छ ।

### ३.६.१ प्रत्यक्ष अन्तर्वार्ता (Direct Interview)

यस अध्ययनमा प्राथमिक तथ्याङ्क संकलनका लागि अन्तर्वार्ताको रूपमा प्रश्नावलीको माध्यमबाट अन्तर्वार्ता अन्तर्गत प्रत्यक्ष व्यक्तिगत अन्तर्वार्ता विधिलाई प्रयोग गरिएको छ ।

यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क संकलन गर्न प्रश्नावली लिएर अध्ययनकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई वैदेशिक रोजगारीमा गएका नमूना छनौटमा परेका सदस्यहरू र अभिभावकहरुसँग आमनेसामने बसी प्रश्न उत्तरका माध्यमबाट तथ्याङ्क संकलन गर्न प्रत्यक्ष व्यक्तिगत अन्तर्वार्ता (Direct Personal Interview) गरिएको छ ।

### ३.६.२ सहभागिता मूलक अवलोकन (Participatory Observation)

यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्नका लागि नमूना छनोटमा परेका सदस्यहरूको प्रत्यक्ष सहभागितामा घरको अवस्था कस्तो छ ? खानेपानीको अवस्था कस्तो छ ? शौचालयको अवस्था कस्तो छ ? आदिको बारेमा सहभागिता मूलक अवलोकन गरिएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण र व्याख्याको तरिकाहरू (Interpretation and Analysis of Result)

यस अध्ययनमा आवश्यक तथ्याङ्क संकलन गरिसकेपछि तथ्याङ्कहरूलाई विभिन्न तालिकामा प्रस्तुत गर्दै व्यवस्थित रूपमा व्याख्या तथा विश्लेषण गरिएको छ । यस अध्ययनमा सङ्ख्यात्मक तथा गुणात्मक दुवै खाले तथ्याङ्कहरू समावेश भएकाले तिनीहरूको तुलनात्मक प्रस्तुतीको लागि तालिकाको निर्माण गरिएको छ भने निष्कर्ष निकालेर सुझावहरू पेश गर्न सजिलो होस भनी औषतको गणना गरिएको छ । जसलाई यस शोधपत्रको अध्याय ४ मा विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।

# अध्याय चार (CHAPTER FOUR)

## ४. नतिजाको प्रस्तुतीकरण र विश्लेषण (Interpretation and Analysis of Result)

अध्याय तीनमा उल्लेख गरिएका तथ्याङ्क सङ्कलनका विभिन्न विधिहरूको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिसकेपछि प्राप्त भएका तथ्याङ्कहरूलाई यस अध्यायमा प्रस्तुत गरिएको छ । साथै प्रारम्भिक रूपमा संकलित कोरा तथ्याङ्कहरूबाट कुनै सूचना व्यक्त नहुने हुँदा तथ्याङ्कको विश्लेषण गर्नुपर्ने हुन्छ । यस अध्यायमा अध्ययन मुख्य उद्देश्यहरू पूरा गर्नका लागि प्राप्त तथ्याङ्कको आधारमा विभिन्न बुँदाहरूमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

## ४.१ बागलुङ जिल्लाको परिचय (Introduction of Baglung District)

नेपाल एक पहाडी भुभागले भरिएको देश भएको र हिमाल, तराई, भित्री मधेशको तुलनामा पहाडी विकट भौगोलिक बनाटले बनेका धेरै जिल्लाहरूमा धौलागिरी अञ्चलका चार वटा जिल्ला मध्येको बागलुङ जिल्ला पनि एउटा पहाडी भुभागमा अवस्थित जिल्लामा पर्दछ । झोलुङ्गे पुलको जिल्लाको उपनामले समेत चिनिने यस जिल्ला नेपाल भित्रको सानो नेपाल जस्तै आकारले बनेको छ । प्रशासनिक विभाजन अनुसार यस जिल्लाको पूर्वमा पर्वत, पश्चिममा रोल्पा र रुकुम, उत्तरमा म्याग्दी तथा दक्षिणमा प्युठान र गुल्मी जिल्ला पर्दछन । यस जिल्लालाई राजनैतिक विभाजनका हिसाबले ३ निर्वाचन क्षेत्र १३ इलाका, ५९ गा.वि.स. र १ नगरपालिकामा विभाजन गरिएको छ । धौलागिरी हिमालको काखमा कालीगण्डकीको किनारमा प्रसिद्ध कालिका भगवती जस्ता पवित्र स्थलको संगमलाई परापूर्व देखि संगालेर आफ्नो अस्तित्वमा रहेको बागलुङ जिल्लालाई ढोरपाटन शिकार आरक्ष, घुम्टेको धुरी हाडिकोटको धुरी रामकोट मन्दिर, घोडाबाधेको चौर, गलकोट दरबार, संसारकोटको डाँडो, रुद्रावती ताल, निलदह आदि स्थलहरू पर्यटकीय एवम् धार्मिक हिसावले महत्वपूर्ण मानिन्छन् । मध्य पहाडी लोकमार्गको सबैभन्दा बढी भाग ओगट्ने र १० वटा शहर विस्तार मध्य परेको बुर्तिबाङ जस्ता ठाउँले पनि जिल्लाको पहिचानलाई अझ शिखरमा पुऱ्याएको छ (जिल्ला विकास योजना आर्थिक वर्ष २०७०/७१) ।

बागलुङ जिल्लामा मालढुङ्गा देखि बागलुङ बजारको सम्मको ५ कि.मि. सडक कालोपत्र भएको छ भने जिल्लाको मेरुदण्डको रूपमा रहेको निर्माणधिन मध्यपहाडी लोकमार्गको जिल्लाका अधिकांश भुभाग समेट्ने बागलुङ बजार देखि निसी भलकोटसम्मको लोकमार्ग मध्ये बागलुङ देखि बुर्तिबाङसम्मको लोकमार्ग खण्ड कालोपत्र गर्नका लागि निर्माण कार्य भइरहेका छ । यस जिल्लाको ५७ वटा गा.वि.स. हरूमा प्रायः हिउँदमा जिप चल्न सक्ने मोटरबाटोले छोइसकेको छ भने दुई वटा गा.वि.स. मा अझै हिउँदमा जिप चल्न सक्ने मोटरबाटो समेत छैन भने सडक चलेका मध्ये करिब दर्जन भन्दा बढी गा.वि.स. हरूमा बस सञ्चालन हुने गरेको छ । करिब ११०० कि.मि. कच्ची सडक जिल्लामा निर्माण भइसकेको छ । त्यसै गरी ८ वटा पक्की पुल रहेका छन् । करिब एक दर्जन जति पक्की पुलहरू निर्माणधीन अवस्थामा रहेका छन् । सरकारी कार्यालयहरूमा कतिपय भवनहरू निर्माण भइसकेका छन् भने कतिपय निर्माणधिन अवस्थामा छन् । गा.वि.स. मा भवन, विद्यालय भवन र अन्य स्वास्थ्य चौकी तथा उप स्वास्थ्य चौकी भवनहरू आधा जसो निर्माण भएका छन् भने अधिकांश निर्माण गर्नुपर्ने अवस्थामा रहेका छन् (जिल्ला विकास योजना आ.व. २०७०/७१) ।

### ४.१.१ भौगोलिक अवस्था (Geographical Status)

पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत धौलागिरी अञ्चलमा पर्ने बागलुङ जिल्लाको भौगोलिक स्थिति अनुसार २८°१५' मिनेट उत्तर देखि २८°३७' मिनेट उत्तरी अक्षांश र ८३° पूर्व देखि ८३° ३६' मिनेटपूर्वी देशान्तरसम्म फैलिएको छ । यस जिल्लाको कुल क्षेत्रफल १७८४ वर्ग किलोमिटर रहेको छ (जि.वि.स., २०७०) ।

### ४.१.२ जनसांख्यिकी अवस्था (Demographic Status)

राष्ट्रिय जनगणना २०६८ अनुसार बागलुङ जिल्लाको कुल जनसङ्ख्या २,६८,६१३ रहेको छ । जसमा पुरुषको जनसङ्ख्या १,१७,९९७ र महिलाको जनसङ्ख्या १,५०,६१६ रहेको छ । जिल्लाको वार्षिक जनसङ्ख्या वृद्धिदर १.४६ प्रतिशत रहेको छ । जिल्ला भरमा कुल घरधुरी सङ्ख्या ६१,५२२ रहेको छ । औषत घरधुरी आकार ५.१४ प्रतिशत रहेको छ । जिल्लाको जनघनत्व प्रति वर्ग कि.मि. १५१ जना रहेको छ (राष्ट्रिय जनगणना २०६८) ।

### ४.१.३ धर्म र संस्कृति (Religion and Culture)

बागलुङ जिल्लाका ९५ प्रतिशत मानिसहरू हिन्दु धर्म मान्ने गर्दछन् भने ५ प्रतिशत मानिसहरूले बौद्ध, मुस्लिम र अन्य धर्म मान्ने गरेको पाइन्छ । यहाँका मुख्य चाडपर्वहरू दशैं, तिहार, तिज, साउनेसक्रान्ति, माघेसक्रान्ति, जनैपूर्णिमा, नागपञ्चमी, शिवरात्री आदि हुन् । जन्म पश्चात् न्वारन गर्ने, पास्नी गर्ने, छैठी गर्ने, मृत्यु पश्चात् दाह संस्कार गर्ने क्रिया गर्ने, श्राद्ध गर्ने आदि जस्ता कार्यहरू आ-आफ्नै जातिय संस्कार अनुसार गर्दछन् (जि.वि.स., २०७०) ।

### ४.१.४ जातजाति (Ethnicity)

बागलुङ जिल्लामा विभिन्न किसिमका जातजातिका मानिसहरू बसोबास गर्दछन् । मुख्यतया ब्राह्मण, क्षेत्री, मगर, कामी, दमाई सार्की, नेवार गुरुङ, थकाली, छन्त्याल, सुनुवार आदि जातिका मानिसहरू बसोबास गर्दै आएको पाइन्छ ।

### ४.१.५ आर्थिक अवस्था (Economics Status)

बागलुङ जिल्लाको मेरुदण्ड कृषि हो । जिल्लामा कुल १३,२०० हेक्टर खेतीयोग्य भूमि रहेको अनुमान छ । मुख्य बालीको रूपमा धान, मकै, गहुँ, कोदो, फावर, जुनेली, तोरी आलु आदि लगाइन्छ । मौसमी तथा बेमौसमी तरकारी बाली उत्पादन गरी यहाँका कृषकले मनग्य आम्दानी प्राप्त गर्न सफल भएका छन् । यस जिल्लालाई मध्य पहाडी लोक मार्गले छोएको कारणले विभिन्न किसिमका घरेलु तथा साना उद्योगहरू, होटल, रेष्टुरेन्टहरू पसलहरू, सरकारी तथा गैरसरकारी संघसंस्थाहरू निर्माण एवम् सञ्चालन भएपछि यहाँका मानिसहरूको आम्दानीको स्रोतहरूमा समेत वृद्धि भएको छ । यहाँका अधिकांश मानिसहरू नेपाली सेना, इण्डियन सेना तथा ब्रिटिश सेनामा भर्ति भएका छन् । सन् २०१० को तथ्याङ्क अनुसार बागलुङ जिल्लामा इण्डियन सेनाबाट पेन्सन निक्लिसकेका मानिसहरूले वार्षिक रूपमा US $ २० (मिलियन) आम्दानी प्राप्त गरेको तथ्य छ (जि.वि.स., २०७०) ।

## ४.२ वडीगाड गाउँपालिकाको परिचय

बाग्लुङ जिल्ला सबभन्दा होचो ठाउँ मानिने वडीगाड गाउँपालिका जिल्ला सदरमुकाम देखि १६ कोष ६५ कि.मि. पश्चिम क्षेत्र नं. २ मा पर्ने भूबनोट करिब ६४० मि. - २७४८ मि.

सम्मको उचाइ दक्षिण मोहडा गुल्मी तर्फ फर्केको पूर्व गिरङदी खोला, पश्चिम उत्तर ढोरपाटन नगरपालिका उत्तरमा तमान खोला गाउँपालिका, दक्षिणपक्षमा प्युठान र गुल्मीको वडीघाड खोला र दरमखोलाको बीचमा १५३ वर्ग किलोमिटर क्षेत्रफल फैलेको गाउँपालिकामा १० वटा वडाहरु रहेका छन् । वडीगाड गाउँपालिकाको कुल जनसङ्ख्या ३०,८४६, पुरुष १४,९६१ र महिला १५८८५ गाउँपालिकाको वार्षिक जनसङ्ख्या वृद्धिदर १.५१ प्रतिशत, गाउँपालिकाको घरधुरी सङ्ख्या ६३४७ औषत घरधुरी आकार ४.८६ रहेको छ । यस गाउँपालिकामा ५ वटा पक्की पुलका साथै खर्वाङ देखि ११ कि.मि. मध्यपहाडी लोकमार्गमा पर्ने बाटो पक्की भइसकेको छ र अझ १० कि.मि. बाटो निर्माणाधिन अवस्थामा रहेको छ । १० वडा मध्ये १ र २ वडालाई अध्ययनको क्षेत्र मानिएको छ (गाउँपालिका प्रोफाइल, २०७३) ।

## ४.३ नमुना छनौटमा परका घरधुरीहरूको जनसङ्ख्या

यस अध्ययनमा अध्ययन क्षेत्रमा नमुना छनोटमा परको ३०० घरधुरीमा परेका परिवार सदस्य सङ्ख्यालाई तलको तालिकाबाट देखाईको छ ।

**तालिका ४.१**

**वैदेशिक रोजगारीमा गएका घरधुरी**

| क्र.सं. | देश | जनसङ्ख्या | नमूना छनौट |
|---|---|---|---|
| १ | कतार | १०५ | ६० |
| २ | मलेसिया | २१० | ११० |
| ३ | दुवाइ | १६५ | ८५ |
| ४ | साउदी | ८१ | ४५ |
| जम्मा | | ५६१ | ३०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा घरधुरीका आधारमा परिवारको सङ्ख्यालाई देखाइएको छ । वडा नं. १ र २ मा जम्मा घरधुरी ५६१ रहेको छ । त्यसमध्ये ३०० वैदेशिक रोजगारीमा गएका घरधुरी रहेका छन् भने वडा नं. १ बाट १५० र वडा नं. २ बाट १५० गरी कुल ३०० घरपरिवारलाई नमुना छनौट गरिएको छ ।

### ४.३.१ उमेरगत आधारमा जनसङ्ख्या (Distribution of Population by Age)

यस अध्ययन क्षेत्रमा गरिएको सर्वेक्षण अनुसार यस वडीगाड गाउँपालिका मा रहेको ६३४७ घरधुरी मध्ये वडा नं. १ र २ को जनसङ्ख्यालाई ५६१ घरपरिवारबाट नमुना छनौटमा परेको ३०० घरधुरीलाई विभिन्न ५ समूहमा विभाजन गरी अध्ययन गरिएको छ ।

**तालिका ४.२**

**उमेरगत आधारमा जनसङ्ख्या विवरण, २०७३**

| क्र.सं. | उमेर समूह | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–५ | १७८ | ९.८ |
| २ | ६–१४ | २२४ | १२.३ |
| ३ | १५–३० | ६८० | ३७.५ |
| ४ | ३१–५९ | ५९६ | ३२.८ |
| ५ | ६० भन्दा माथि | १३४ | ८.६ |
| जम्मा | | १८१२ | १०० |

स्रोत : गाउँपालिका प्रोफाईल, २०७३ ।

माथिको तालिका अनुसार यस अध्ययन क्षेत्रमा सबैभन्दा थोरै ६० वर्षभन्दा माथिको जनसङ्ख्या (७.६%) रहेको देखियो । त्यसैगरी सबैभन्दा बढी उमेर समूहका १५-३० (३७.५%) रहेको पाइयो । यस उमेरका जनसङ्ख्याहरू प्राय युवा वर्गका पर्दछन् ।

### ४.३.२ लिङ्गत आधारमा जनसङ्ख्या (Distribution of Population by Sex)

यस अध्ययन क्षेत्रमा गरिएको सर्वेक्षण अनुसार लिङ्गत आधारको जनसङ्ख्यालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.३**

**लिङ्गत आधारमा जनसङ्ख्या विवरण**

| क्र.सं. | वडा नं. | महिला | महिला प्रतिशत | पुरुष | पुरुष प्रतिशत | जम्मा | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | १ | ५०२ | ४९.५ | ३७० | ४६.४ | ८७२ | ४८.२ |
| २ | २ | ५१२ | ५०.५ | ४१२ | ५३.६ | ९४० | ५१.८ |
| जम्मा | | १०१४ | १०० | ७९८ | १०० | १८१२ | १०० |

स्रोत : स्रोत स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा अध्ययन घरपरिवारको कुल सङ्ख्या १८१२ रहेको पाइयो । त्यसमा वडा नं. १ मा पहिला ४९.५ प्रतिशत र पुरुष ४६.४ प्रतिशत रहेको पाइयो, त्यसै गरी वडा नं. २ मा महिला ५०.५ प्रतिशत र पुरुष ५३.६ प्रतिशत रहेको पाइयो । यस अध्ययनमा वडा नं. १ मा महिला बढी रहेको देखियो भने वडा नं. २ मा पनि महिला नै बढी रहेको पाइयो ।

### ४.३.३ जातिगत विवरण (Castewise Description)

वडीगाड गाउँपालिका वडा नं. १ र २ का वैदेशिक रोजगारीमा गएर फर्किएका नमूना छनौटमा परेका कामदारहरू कुनै जातिका रहेछन् भनी अध्ययन गर्ने क्रममा निम्न जातजातिको अवस्था देखियो ।

**तालिका ४.४**

**जातिगत विवरण**

| जातजाति | पुरुष | महिला | जम्मा सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| ब्राहमण | ५८ | २ | ६० | २० |
| क्षेत्री | ४८ | ९ | ५७ | १९ |
| दलित | ६० | ८ | ६८ | २२.६६ |
| जनजाति | ११० | ५ | ११५ | ३८.३४ |
| जम्मा | २७६ | २४ | ३०० | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७३ ।

स्थलगत सर्वेक्षण अनुसार नमुना छनौटमा परका व्यक्तिहरूमा सबैभन्दा बढी जनजाति ३८.३४ प्रतिशत । त्यसपछि दलित २२.६६ प्रतिशत, ब्राह्मण २० प्रतिशत र क्षेत्री १९ प्रतिशत रहेको छ । जसबाट प्रष्ट हुन्छ कि जनजाति सबैभन्दा बढी वैदेशिक रोजगारीका लागि जाने गरेको पाइयो ।

### ४.३.३.१ वैदेशिक रोजगारमा गएका सहभागीहरूको वैवाहिक स्थिती (Marital status of participant in Foreign Empioyment)

अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा बढी मात्रामा विवाहित महिलाको तुलनामा विवाहित पुरुष गएको पाइन्छ । वैवाहिक बन्धनमा बाधिए सँगै पारिवारिक बोफ पनि बढ्ने, रोजगारको राम्रो अवसर नहुने भएकोले वैदेशिक रोजगारीमा जाने गरेका छन् । यो अध्ययन

वैदेशिक रोजगारीले उनीहरूको आर्थिक तथा शैक्षिक स्थितिमा पारेको प्रभावले बारेमा व्याख्या तथा विश्लेषण गर्न खोजिएको हुँदा यहाँ उनीहरूको वैवाहिक स्थितिलाई तालिकीकरण गरिएको छ ।

**तालिका ४.५**

**वैदेशिक रोजगारीमा सहभागीको वैवाहिक स्थिति-२०७३**

| वैवाहिक अवस्था | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| विवाहित | १५३ | ९२.९२ | १४ | ७.०७ | १६७ | ५६.५ |
| अविवाहित | १२३ | ९४.२५ | १० | ४.४२ | १३३ | ४३.५ |
| जम्मा | २७६ | | २४ | | ३०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.५ का अनुसार वैदेशिक रोजगामा गएका व्यक्तिहरूको वैवाहिक अवस्था कुल ३०० जनामा विवाहित १६७ (५६.५%) जना विवाहित पुरुष तथा महिला देखियो १३३ (४३.५%) अविवाहित पुरुष तथा महिला देखियो । यहाँ कुल २७६ पुरुषहरूमा १५३ (९२.९२%) विवाहित र १२३ (९४.२५%) अविवाहित त्यसैगरी २४ महिलाहरूमा १४ (७.७%) विवाहित र १० (४.४२%) अविवाहित वैदेशिक रोजगारीमा गएको देखिन्छ । यसरी हेर्दा महिला भन्दा पुरुष बढी मात्रामा विदेश गएको देखिन्छ ।

## ४.४ वैदेशिक रोजगारमा सहभागिताको लिङ्गत र उमेरगत विवरण

**तालिका ४.६**

**लिङ्गत र उमेरगत विवरण**

| क्र.सं. | उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | १५–२५ | ९० | ८ | ९८ | ३२ |
| २ | २६–३५ | ९५ | १० | १०५ | ३७.५ |
| ३ | ३६–४५ | ६५ | ६ | ७१ | २५ |
| ४ | ४६ माथि | २६ | – | २६ | ५.५ |
| जम्मा | | २७६ | २४ | ३०० | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.६ अनुसार वैदेशिक रोजगारमा गएका व्यक्तिहरूको उमेरगत रूपमा सबैभन्दा बढी २६ देखि ३५ वर्ष उमेर समूहका ३७.५ प्रतिशत गएको पाइयो भने सबैभन्दा कम ४६

भन्दा माथि उमेर समूहका ५.५ प्रतिशत गएको पाइयो । त्यस्तै गरी लिङ्गत आधारमा सबैभन्दा बढी पुरुष २७६ जना गएको पाइयो भने महिला अत्यन्त कम २४ जना गएको पाइयो ।

## ४.५ वैदेशिक रोजगारीमा जानु भन्दा अगाडिको आर्थिक अवस्था (Economics Status before Foreign Employment)

वडीगाड गाउँपालिकाको मुख्य आम्दानीको रूपमा कृषि रहेको छ । यस गाउँपालिकाका मानिसहरू सामान्यतया खेतीपाती गरेर जीवन गुजाना गर्दछन् भने केही मानिसहरू व्यापार व्यवसायमा पनि संलग्न रहेको छन् । केही समय यता निजामती सेवा तथा शिक्षण पेशामा पनि संलग्न हुँदै आएको पाइन्छ । अहिले आएर वैशिक रोजगार जानको सङ्ख्या उल्लेख्य मात्रामा रहेको छ (गाउँपालिका प्रोफाइल, २०७४) ।

### ४.५.१ स्रोतको आधारमा पारिवारिक आम्दानी (Family Income on the Basic of Source)

परिवारका सदस्यहरूको आधारभूत आवश्यकता परिपूर्ति गर्नको लागि आम्दानी अनिवार्य शर्त हो । परिवारको मुख्य आयस्रोतले प्रत्येक व्यक्तिको जीवनशैली तथा जीवनस्तरमा प्रभाव पारेको हुन्छ । यस अध्ययनमा सहभागीहरूको वैदशिक रोजगारीमा जानुभन्दा अघिको पारिवारिक आम्दानीको स्रोतलाई देखाइएको छ ।

**तालिका ४.७**

**स्रोतगत पारिवारिक वार्षिक आम्दानी - २०७३**

| क.सं. | आम्दानीहरू | आम्दानी (रु. मा) | सङ्ख्या (%) |
|---|---|---|---|
| १ | व्यापार व्यवसाय | ३७,२६,०००/- | १० |
| २ | स्वदेशी रोजगारी | १,२२,२१,२८०/- | ३२.८ |
| ३ | कृषि | १,१३,६४,३००/- | ३०.५ |
| ४ | घरेलु उद्योग | ४७,६९,२८०/- | १२.८ |
| ६ | पेन्सन | ५१,७९,१४०/- | १३.९ |
| जम्मा | | ३,७२,६०,०००/- | १०० |
| ३०० घरपरिवारको कुल वार्षिक आम्दानी = रु. ३,७२,६०,०००/-<br>औषत वार्षिक प्रतिव्यक्ति आम्दानी = पारिवारिक वार्षिक कुल आम्दानी ÷ कुल जनसङ्ख्या<br>= ३,७२,६०,००० ÷ ३०० = १,२४,२०० | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.७ का अनुसार वैदेशिक रोजगारीमा सहभागी हुनुपूर्व परिवारको स्रोतगत वार्षिक आम्दानी तथा आम्दानीको स्रोतलाई प्रस्तुत गरिएको छ । जसलाई पारिवारिक वार्षिक कुल आम्दानी (३,७२,६०,०००) लाई कुल जनसङ्ख्या (३००) ले भाग गरेर जम्मा पारिवारिक प्रतिव्यक्ति आम्दानी १,२४,२०० निकालिएको छ । उक्त तालिकामा सबैभन्दा बढी आम्दानी स्वदेशी रोजगारीबाट भएको देखिन्छ जसमा वार्षिक रु. १,२२,२१,२८०/- (३२.८%) आम्दानी गरेको देखिन्छ । त्यसैगरी कृषिबाट रु. १,१३,६४,३००/- (३०.५%), व्यापार व्यवसायबाट रु. ३७,२६,०००/- (१०%), घरेलु उद्योगबाट रु. ४७,६९,२८०/- (१२.८%) तथा पेन्सनबाट रु.५१,७९,१४०/- (१३.९%) वार्षिक आम्दानी गरेको देखिन्छ ।

### ४.५.१.१ तहगत पारिवारिक आम्दानी (Levelwise Family Income)

यस अध्ययनको प्रमुख आम्दानीको स्रोत कृषि भएता पनि शिक्षक, प्रहरी, भारतिय सेना, ब्रिटिस सेना, कर्मचारी तथा वैदेशिक रोजगारमि पेशामा आवद्ध भएका मानिसहरूको पनि बसोबास उल्लेख्य रहेको छ । प्रस्तुत अध्ययनमा वैदेशिक रोजगारीमा जानुभन्दा अगाडिको तहगत पारिवारिक आम्दानीबाट देखाउन खोजिएको छ ।

**तालिका ४.८**

**तहगत पारिवारिक वार्षिक आम्दानी-२०७३**

| क.सं. | वार्षिक आम्दानी | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु ३०,००० सम्म | १०८ | ३६ |
| २ | रु ३०,०००-६०,००० | १२६ | ४२ |
| ३ | रु ६०,०००-९०,००० | ३८ | १२.६७ |
| ४ | रु ९०,०००-१,२०,००० | १८ | ६ |
| ५ | रु १,२०,००० माथि | १० | ३.३३ |
| जम्मा | | ३०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.८ मा वैदेशिक रोजगारमि जानु भन्दा पहिलेको तहगत वार्षिक पारिवारिक आम्दानीलाई देखाइएको छ । १०८ घरपरिवारमा सङ्ख्याले वार्षिक रु. ३०,०००/- सम्म

आम्दानी गरेको देखिन्छ । १२६ परिवार सङ्ख्याले रु. ३०,०००/- देखि रु. ६०,०००/- सम्म आम्दानी गरेको देखिन्छ । त्यसैगरी ३८ घरपरिवार सङ्ख्याले ६०,०००-९०,००० सम्म आम्दानी गरेको देखिन्छ । १८ घरपरिवारले ९०,०००-१,२०,००० सम्म आम्दानी रहेको पाइयो र १० घरपरिवारले १,२०,००० भन्दा माथि आम्दानी गरेको पाइयो ।

### ४.५.१.२ स्रोगत व्यक्तिगत आम्दानी (Sourcewise Individual Income)

परिवारका सदस्यहरूको आधारभूत आवश्यकता परिपूर्ति गर्नको लागि आम्दानी अनिवार्य शर्त हो । परिवारको मुख्य आयस्रोतको प्रत्येक व्यक्तिको जीवनशैलीमा प्रभाव पारेको हुन्छ । यस अध्ययनमा सहभागीहरूको वैदेशिक रोजगारमिा जानुभन्दा अघिको पारिवारिक आम्दानीको स्रोतलाई देखाइएको छ ।

**तालिका ४.९**

**वैदेशिक रोजगारीमा जानुपूर्वको स्रोतगत व्यक्तिगत वार्षिक आम्दानी-२०७३**

| क्र.सं. | आम्दानी | सङ्ख्या | आम्दानी (रु मा) | प्रतिशत (%) |
|---|---|---|---|---|
| १ | व्यापार व्यवसाय | ७१ | १०,४०,०००/- | २३.१ |
| २ | कृषि | १६० | ३०,००,०००/- | ५४.९ |
| ३ | जागिर | ६९ | १२,००,०००/- | २२ |
| जम्मा | | ३०० | ५२,४०,०००/- | १०० |
| कुल वार्षिक आम्दानी □ ५२,४०,०००/-<br>औषत वार्षिक प्रतिव्यक्ति आम्दानी □ वैदेशिक रोजगारमा संलग्न ३०० को कुल व्यक्ति आम्दानी ÷ कुल संलग्न जनसङ्ख्या □ ५२,४०,००० ÷ ३०० □ १७,४६६/-<br>कुल जनसङ्ख्या □ ३०० | | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.९ मा वैदेशिक रोजगारमा सहभागीहरूको रोजगारीमा जानुपूर्व स्रोतगत आम्दानी देखाइएको छ । जसलाई कुल व्यक्तिगत आम्दानी (५२,४०,०००) लाई जम्मा जनसङ्ख्या (३००) ले भाग गरी जम्मा १७,४६६ व्यक्तिगत आम्दानी निकालिएको छ । उक्त तालिकामा व्यापार व्यवसायबाट ७१ ले वार्षिक रु. १०,४०,०००/- (२३.५%) सम्म आम्दानी गरेको देखिन्छ । कृषिबाट १६० जनाले ३०,००,०००/- (५४.९%), जागिरबाट ६९ जनाले १२,००,०००/- (२२%) सम्म आम्दानी गरेको देखिन्छ ।

### ४.५.१.३ तहगत व्यक्तिगत आम्दानी (Sourcewise Individual Income)

यस अध्ययनमा सहभागीहरूको उक्त रोजगारीमा जानुपूर्वको व्यक्तिगत आम्दानी तथा आम्दानीका स्रोतहरूको देखाउन खोजिएको छ । यसलाई निम्न तालिकामा देखाइएको ।

**तालिका ४.१०**

**वैदेशिक रोजगारमिा जानुपूर्वको तहगत व्यक्तिगत वार्षिक आम्दानी-२०७३**

| क्र.सं. | वार्षिक आम्दानी | सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | रु २०,००० देखि रु ३०,०००/- | ४५ | १५ |
| २ | रु ३०,०००/- देखि ५०,०००/- | ९४ | ३४ |
| ३ | रु ५०,०००/- देखि ७०,०००/- | ८० | २५ |
| ४ | रु ७०,०००/- देखि माथि | ८१ | २६ |
| जम्मा | | ३०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.१० मा सहभागीहरूको रोजगारीमा जानुपूर्व तहगत आम्दानी देखाइएको छ । उक्त तालिकामा ४५ (१५%) ले रु. २०,०००/- देखि रु. ३०,०००/- सम्म आम्दानी गरेको देखिन्छ । ९४ (३४%) जनाले ३०,०००/- देखि रु. ५०,०००/- सम्म आम्दानी गरेको देखिन्छ । त्यसैगरी ८० (२५%) जनाले रु. ५०,०००/- देखि रु. ७०,०००/– सम्म आम्दानी गरेको देखिन्छ । साथै ८१ (२६%) जनाले रु. ७०,०००/- देखि माथि आम्दानी गरेको देखिन्छ ।

## ४.५.२ वैदेशिक रोजगारीमा जानु भन्दा अगाडिको तहगत पारिवारिक खर्च (Levelwise Household Expenditure before Foreign Employment)

अध्ययन क्षेत्रबाट परिवारको सदस्य वैदेशिक रोजगारीमा जानुभन्दा अगाडि घरपरिवारको आर्थिक अवस्था सामान्य रहेको थियो भने उनीहरूको गर्ने खर्च पनि सामान्य किसिमको रहेको थियो । प्रस्तुत अध्ययनमा वैदेशिक रोजगारमा जानुभन्दा अगाडिको तहगत पारिवारिक खर्चको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

तालिका ४.११

वैदेशिक रोजगारमा जानुभन्दा अगाडिको तहगत पारिवारिक खर्च-२०७३

| क्र.सं. | वार्षिक खर्च | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु ३०,०००/- सम्म | ८२ | २७ |
| २ | रु ३०,०००/- देखि रु ६०,०००/- | १५१ | ५१ |
| ३ | रु ६०,०००/- देखि रु ९०,०००/ | ५१ | १७.५ |
| ४ | रु ९०,००० भन्दा माथि | १६ | ४.५ |
| जम्मा | | ३०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.११ मा वैदेशिक रोजगारीमा जानुभन्दा अगाडिको तहगत पारिवारिक खर्चको अवस्थालाई प्रस्तुत गरिएको छ । उक्त तालिकामा अनुसार ८२ (२७%) घरपरिवारले वार्षिक रं ३०,०००/- सम्म खर्च गरेको देखिन्छ । १५१ (५१%) घरपरिवारले रु. ३०,०००/- देखि रु. ६०,०००/- सम्म खर्च गरेको देखिन्छ । त्यस्तै ५१ (१७.५%) घरपरिवारले रु. ६०,०००/- देखि रु. ९०,०००/- वार्षिक खर्च गरेको देखिन्छ र ९०,००० हजार भन्दा बढी ९(४.५%) खर्च गरेको पाइन्छ ।

### ४.५.२.१ वैदेशिक रोजगार अघिको क्षेत्रगत पारिवारिक खर्च (Sectorwise Family Expenditure before Foreign Employment)

आम्दानी र खर्चको सम्बन्ध जहिले पनि सकारात्मक रहन्छ । आम्दानी बढ्दा खर्च बढ्ने र आम्दानी घट्दा खर्च पनि घट्ने तरिका प्रत्येक व्यक्तिमा हुन्छ । प्रस्तुत अध्ययनमा वैदेशिक रोजगार अघिको स्रोतगत वार्षिक पारिवारिक खर्च पत्ता लगाउनु रहेको छ । अध्ययन क्षेत्रमा सर्वेक्षण गर्दा आफ्नो आम्दानी अनुकुलको खर्च गर्ने शैली फरक रहेको देखियो । आम्दानी बढी हुनेले खर्च पनि गरेको तथा आम्दानी कम हुनेको खर्च पनि कम गरेको देखिन्छ । जसलाई देहायबमोजिम देखाइएको छ ।

**तालिका ४.१२**

**वैदेशिक रोजगार अधिको वार्षिक क्षेत्रगत पारिवारिक खर्च-२०७३**

| **क.सं.** | **खर्च हुने क्षेत्रहरू** | **खर्चको दर (रु मा)** | **प्रतिशत** |
|---|---|---|---|
| १ | शिक्षा | २९,६४,२३०/- | १२.८६ |
| २ | खाद्यान्न | ९२,९३,७६०/- | ४०.३२ |
| ३ | लत्ताकपडा | ४८,३३,५८५/- | २०.९७ |
| ४ | औषधी उपचार | १६,२२,७२०/- | ७.०४ |
| ५ | चाडपर्व | २७,४५,२५५/- | ११.९१ |
| ६ | मल विउ | १५,९०,४५०/- | ६.९० |
| जम्मा | | २,३०,५०,०००/- | १०० |
| वार्षिक खर्च रु. २,३०,५०,०००/-<br>औषत वार्षिक पारिवारिक खर्च रु ७६,८३३.३३/-<br>औषत वार्षिक प्रतिव्यक्ति खर्च रु १६,९६१/- | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.१२ का अनुसार वैदेशिक रोजगार अधिको वार्षिक स्रोगत पारिवारिक खर्चलाई देखाइएको छ । घरपरिवारका खर्च हुने क्षेत्रहरू शिक्षा, खाद्यान्न, लत्ताकपडा, चाडपर्व, मलबिउ, औषधी उपचार खर्च रहेको देखिन्छ । यहाँ शिक्षामा रु. २९,६४,२३०/- (१२.८७%), खाद्यान्न रु. ९२,९३,७६०/- (४०.३२%), लत्ताकपडामा रु. ४८,३३,५८५/- (२०.९७%), औषधी उपचारमा रु. १६,२२,७२०/- (७.०४%), चाडपर्वमा रु. २७,४५,२५५/- (११.९१%), मलबिउमा रु. १५,९०,४५०/- (६.९०%) सम्म वार्षिक खर्च गर्ने गरेको देखिन्छ।

### ४.५.३ पारिवारिक बचत तथा ऋण (Family Condition of Saving aand Credit)

नमूना छनौटमा परेका व्यक्तिहरूको वैदेशिक रोजगारी पूर्वको बचत तथा ऋणको अवस्थालाई वार्षिक आम्दानी कति र खर्च गरी बचत गर्न सकेका छन् कि छैनन भनी निम्न अनुसार व्याख्या गरिएको छ । वैदेशिक रोजगारीमा जानु पूर्वको बचत था ऋणलाई

देखाइएको छ, जसमा आम्दानी (३७२,६०,०००/-) रहेको छ भने खर्च (२३०,५०,०००/-) रहेको छ । यस अवस्थामा बचतको अवस्था (१,४२,१०,०००/-) रहेको पाइयो ।

## ४.६ वैदेशिक रोजगार पछिको आम्दानी (Income after Foreign Employment)

यस अध्ययनमा वैदेशिक रोजगारीमा गएपछि नमूना छनोटमा परेका घरपरिवारको पारिवारिक विभिन्न तहको आम्दानीलाई देखाउन खोजिएको छ । जुन देहायबमोजिम उल्लेख गरिएको छ ।

### ४.६.१ तहगत पारिवारिक आम्दानी (Levelwise Family Income)

यस अध्ययनमा वैदेशिक रोजगारीमा गएपछिको उनीहरूको पारिवारिक आम्दानीको अवस्थालाई प्रस्तुत गर्न खोजिएको छ । देशहरूको प्रकृति, कामको प्रकृति अनुसार आम्दानीको स्तरमा पनि विविधता रहेको पाइन्छ । यहाँ उनीहरूको पारिवारिक आम्दानीको स्तरलाई देखाउन खोजिएको छ ।

**तालिका ४.१४**

**वैदेशिक रोजगारी पछिको तहगत पारिवारिक आम्दानी-२०७३**

| क.सं. | वार्षिक आम्दानी | परिवार सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | रु ३,००,०००/- सम्म | १८६ | ६२ |
| २ | रु ३,००,०००/- देखि रु ५,००,०००/- | ८२ | २७ |
| ३ | रु ५,००,०००/- देखि रु ६,००,०००/- | ३२ | ११ |
| जम्मा | | ३०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.१४ मा वैदेशिक रोजगार पछिको पारिवारिक आम्दानीको अवस्थालाई देखाइएको छ । तालिकामा न्यूनतम वार्षिक आम्दानी रु ३,००,०००/- सम्म आम्दानी गर्ने १८६ (६२%) घरपरिवार देखिएको छ । त्यसैगरी ८२ (२५%) घरपरिवार सङ्ख्याले रु. ३,००,०००/- देखि रु. ५,००,०००/- सम्म आम्दानी गरेको पाइन्छ र ३२ (११%)

घरपरिवार सङ्ख्याले रु. ५,००,०००/- देखि रु. ६,००,०००/- सम्म आम्दानी गर्ने गरेको पाइन्छ ।

**१. स्रोतको आधारमा पारिवारिक आम्दानी (Family Income on the Basis of Source)**

यस अध्ययनमा परिवारको सदस्य वैदेशिक रोजगारीमा सहभागी भएपछि उनीहरूको पारिवारिक आम्दानीलाई देखाउन खोजिएको छ । वैदेशिक रोजगारमा सहभागी हुनेहरूको आम्दानीमा विविधता रहेको पाइन्छ । समग्रमा उक्त रोजगारीबाट प्राप्त आम्दानी र घरपरिवारको सदस्यहरूले गर्ने आम्दानीलाई जोडेर उनीहरूको पारिवारिक वार्षिक आम्दानी तथा औषत प्रतिव्यक्ति आम्दानीलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१५**

**स्रोतगत पारिवारिक वार्षिक आम्दानी - २०७३**

| **क.सं.** | **आम्दानीहरू** | **आम्दानी (रु. मा)** | **सङ्ख्या (%)** |
|---|---|---|---|
| १ | व्यापार व्यवसाय | १,८१,१९,७४५/- | १०.३५ |
| २ | स्वदेशी रोजगारी | ९१,२१,१४७/- | ५.२१ |
| ३ | कृषि | ५८,४७,३३८/- | ३.३४ |
| ४ | घरेलु उद्योग | ३३,७८,८५१/- | १.९३ |
| ५ | पेन्सन | ४८,१४,४२५/- | २.७५ |
| ६ | वैदेशिक रोजगार | १३,३७,८८,४९४/- | ७६.४२ |
| जम्मा | | १७,५०,७०,०००/- | १०० |
| ३०० घरपरिवारको कुल वार्षिक आम्दानी  रु. १७,५०,७०,०००/-<br>औषत प्रति घरपरिवार आम्दानी = रु ५,८३,५६६.६७/-<br>औषत प्रतिव्यक्ति आम्दानी = रु १२८,८२२.६६/- | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका ४.१५ मा वैदेशिक रोजगार पछिको परिवारको स्रोतगत वार्षिक तथा आम्दानीको स्रोतलाई देखाइएको छ । तालिकामा अनुसार सबैभन्दा बढी वैदेशिक रोजगारीबाट आम्दानी भएको देखिन्छ । जसमा वार्षिक रु. १३,३७,८८,४९४/- (७६.४२%) आम्दानी भएको देखिन्छ भने सबैभन्दा कम घरेलु उद्योगबाट रु. ३३,७८,८५१/- (१.९३%) आम्दानी भएको देखिन्छ । त्यसैगरी कृषिबाट रु. ५८,४७,३३८/- (३.३४%), पेन्सनबाट रु.

४८,१४,४२५/- (२.७५%), स्वदेशी रोजगारीबाट रु. ९१,२१,१४७/- (५.२१%) तथा व्यापार व्यवसायबाट रु. १,८१,१९,७४५/- (१०.३५%) आम्दानी गरेको देखिन्छ । यसप्रकार कुल ३०० घरपरिवारले वार्षिक आम्दानी १७,५०,७०,०००/- आम्दानी गरेको देखिन्छ भने औषत वार्षिक पारिवारिक वार्षिक आम्दानी रु ५,८३,५६६.६७/- हुने देखिन्छ । त्यसैगरी औषत वार्षिक प्रतिव्यक्ति आम्दानी रु. १२८,८२२.६६/- भएको देखिन्छ ।

## २. तहगत व्यक्तिगत आम्दानी (Levelwise Individual Income)

रोजगारदाता देशहरूले आफ्नो नियम, कानून तथा क्षमा अनुसार ज्यालादर निर्धारण गरिएको हुन्छ । यसप्रकार देशहरूको विविधता अनुसार ज्याला पनि फरक फरक पाइन्छ । युरोपियन देशहरूको तुलनामा मलेसिया, कतार, साउदी अबर, दुबई, कुवत जस्ता देशहरूमा नेपाली कामदारको ज्याला कमी छ । कामको प्रकृति तथा कम्पनी अनुसार पनि ज्यालादर फरक पर्न जान्छ । त्यसैगरी दलालको बदमासीको कारणले पनि तलब कम हुने गुनासोहरू प्रशस्त हुने गरेको छ । यद्यपी कतिपयले राम्रो आम्दानी पाउने गरको पाइन्छ । नमूना छनोटमा परका घरपरिवारको वार्षिक तहगत आम्दानीलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.१६**

**तहगत व्यक्तिगत आम्दानी-२०७३**

| क.सं. | वार्षिक आम्दानी | सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | रु १,००,०००/- देखि २,००,०००/- सम्म | ४३ | १४ |
| २ | रु २,००,०००/- देखि रु ३,००,०००/- | १०६ | ३५ |
| ३ | रु ३,००,०००/- देखि रु ४,००,०००/- | १०९ | ३८ |
| ४ | रु ४,००,०००/- देखि रु ५,००,०००/- | ४२ | १३ |
| जम्मा | | ३०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिका तालिका ४.१६ मा तहगत व्यक्तिगत आम्दानी देखाइएको छ । तालिका अनुसार ४३ (१४%) जनाले रु १,००,०००/- देखि रु. २,००,०००/- सम्म तलब पाएको देखिन्छ । त्यसैगरी १०६ (३५%) ले रु. २,००,०००/- देखि रु. ३,००,०००/-, १०९ (३८%) ले रु.

३,००,०००/- देखि रु. ४,००,०००/- र ४२ (१३%) जनाले रु ४,००,०००/- देखि रु. ५,००,०००/- सम्म तलब थाप्ने गरेको देखिन्छ ।

### ४.६.२ वैदेशिक रोजगार गए पछिको खर्च (Expenditure after going to Foreign Employment)

यस अध्ययनमा वैदेशिक रोजगारीमा गएपछि नमूना छनोटमा परेका घरपरिवारको पारिवारिक विभिन्न तहको खर्चलाई देखाउन खोजिएको छ । जुन देहायबमोजिम उल्लेख गरिएको छ ।

#### १. तहगत पारिवारिक खर्च (Levelwise Family Expenditure)

यस अध्ययनमा वैदेशिक रोजगारीमा गएपछिको तहगत पारिवारिक खर्चको अवस्थालाई प्रस्तुत गर्न खोजिएको छ । उक्त रोजगारमा जानुभन्दा पहिलाको खर्च भन्दा गएपछिको खर्चमा तुलनात्मक रूपमा वृद्धि भएको छ । उक्त कुरालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१७**

**वैदेशिक रोजगारीमा गए पछिको तहगत पारिवारिक खर्च - २०७३**

| क्र.सं. | वार्षिक खर्च | परिवार सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | रु १,००,०००/– सम्म | ४७ | १६ |
| २ | रु १,००,०००/– देखि रु १,५०,०००/– | ७५ | २९ |
| ३ | रु १,५०,०००/– देखि रु २,००,००० | १७८ | ५५ |
| जम्मा | | ३०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.१७ मा वैदेशिक रोजगारीमा गएपछि तहगत पारिवारिक खर्चको अवस्थालाई देखाइएको छ । उक्त तालिकामा अनुसार ४७ (१६%) घरपरिवार सङ्ख्याले वार्षिक रु. १,००,०००/- सम्म खर्च गर्ने गरेको देखिन्छ । ७५ (२९%) ले रु १,००,०००/- देखि रु. १,५०,०००/- सम्म खर्च गर्ने गरेको देखिन्छ । त्यसैगरी १७८ (५५%) रु. १,५०,०००/- देखि रु २,००,०००/- सम्म खर्च गर्ने गरेको देखिन्छ ।

## २. क्षेत्रगत पारिवारिक खर्च (Sectorwise Family Expenditure)

वैदेशिक रोजगारमा गएपछि अगाडिको तुलनामा खर्च गर्ने शैली तथा खर्चको दायरा पनि बढेको पाइन्छ । आम्दानीको वृद्धि हुने वित्तिकै शिक्षा, खाद्यान्न, लत्ताकपडा, मल विउ, चाडपर्व, जग्गा जमिन खरीद, घरको पुनः निर्माण जस्ता क्षेत्रमा खर्च बढेको पाइन्छ । जसको कारण खर्चको दायरा तथा क्षेत्र पनि फराकिलो भएको पाइन्छ । जसलाई तलको तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.१८**

**वैदेशिक रोजगार पछिको क्षेत्रगत पारिवारिक खर्च-२०७३**

| क्र.सं. | खर्च हुने क्षेत्रहरू | खर्च (२०७३) | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षा | १,०९,३०,४३२.८/- | १३.०८ |
| २ | खाद्यान्न | ३,२०,८०,९८७.४/- | ३८.३९ |
| ३ | लत्ताकपडा | ५५,१५,३५६/- | ६.६ |
| ४ | औषधी उपचार | ३,९५,२६७१.८/- | ४.७३ |
| ५ | चाडपर्व | ७१,३६,५३६.४/- | ८.५४ |
| ६ | मल विउ | १७,०४,७४६.४/- | २.०४ |
| ७ | घर निर्माण | २२,२४५,२६९.२/- | २६.६२ |
| जम्मा | | ८,३५,६६,०००/- | १०० |
| वार्षिक आम्दानी रु १७,५०,७०,०००/- वार्षिक खर्च रु ८,३५,६६,०००/-<br>वार्षिक वचत रु ९,१५,०४,०००/- औषत वार्षिक पारिवारिक खर्च रु २,७८,५५३.३३/-<br>औषत प्रतिपरिवार सङ्ख्या ४.५३ औषत वार्षिक प्रतिव्यक्ति खर्च रु ६१,४९०.८/- | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.१८ मा वैदेशिक रोजगार पछिको ३०० घरपरिवारको क्षेत्रगत पारिवारिक खर्चलाई देखाइएको छ । यहाँ वैदेशिक रोजगारको कारण नै खर्चको दायरा पनि वृद्धि भएको देखिन्छ । अध्ययन क्षेत्रमा पारिवारिक खर्चलाई हेर्दा शिक्षामा रु. १,०९,३०,४३२.८/- ( १३.०८%), खाद्यान्नमा रु. ३,२०,८०,९८७.४/- (३८.३९%), लत्ताकपगामा रु. ५५,१५,३५६/- (६.६%), औषधी उपचारमा रु. ३,९५,२६७१.८/- (४.७३%), चाडपर्वमा रु

७१,३६,५३६.४/- (८.५४%), मल बिउमा रु. १७,०४,७४६.४ (२.०४%), घर निर्माणमा रु. २२,२४५,२६९.२ (२६.६२%) खर्च गर्ने गरेको देखिन्छ।

### ४.६.३ वैदेशिक रोजगार पश्चातको बचतको अवस्था

यस अध्ययनमा नमुना छनौटमा परेका व्यक्तिहरूको वैदेशिक रोजगार पश्चात् वार्षिक आम्दानी र वार्षिक खर्चलाई आधारमानी बचतको अवस्था निम्न अनुसार व्याख्या गरिएको छ । वैदेशिक रोजगार पश्चातको आम्दानी रु १७,५०,७०,०००/- र खर्च रु ८,३५,६६,०००/- रहेको देखियो । यसबाट प्रष्ट हुन्छ कि वैदेशिक रोजगार पश्चात् ९,१५,०४,०००/- बचत रहेको पाइयो।

## ४.७ आर्थिक अवस्थाको तुलना

## ४.७.१ वैदेशिक रोजगार अघि र पछिको पारिवारिक आम्दानीको तुलना (Household Income Compretive before Foreing Employment)

स्वदेशमा आफ्नो भविष्य सुनिश्चित नहुने अर्थात् उपयुक्त रोजगारीमा अवसर नहुँदा तथा कम आम्दानी भएर नै बाध्यताबस वैदेशिक रोजगारीलाई रोजिन्छ। अर्थात् आम्दानीमा वृद्धि गर्नको लागि नै वैदेशिक रोजगारमा जाने गर्दछ। प्रस्तुत अध्ययनमा पनि उक्त रोजगारीमा जानुको कारण न्यून आम्दानी देखिएको छ। त्यसैले यहाँ उक्त रोजगारीमा जानुभन्दा पहिले र गएपछिको आम्दानीलाई तुलना गरिएको छ। जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ४.२०**

**वैदेशिक रोजगार अघि र पछिको पारिवारिक आम्दानीको तुलना**

| क.सं. | आम्दानी स्रोतहरू | आम्दानी रु मा (अघि) | आम्दानी र मा (पछि) |
|---|---|---|---|
| १ | व्यापार व्यवसाय | ३७,२६,०००/- | १,८१,१९,७४५/- |
| २ | स्वदेशी रोजगार | १,२२,२१,२८०/- | ९१,२१,१४७/- |
| ३ | कृषि | १,१३,६४,३००/- | ५८,४७,३३८/- |
| ४ | घरेलु उद्योग | ४७,६९,२८० | ३३,७८,८५१/- |
| ५ | पेन्सन | ५१,७९,१४०/- | ४८,१४,४२५/- |
| ६ | वैदेशिक रोजगार | - | १३,३७,८८,४९४/- |
| जम्मा | | ३,७२,६०,०००/- | १७,५०,७०,०००/- |
| | विवरण | अघि | पछि |
| ३०० घरपरिवारको कुल वार्षिक आम्दानी | | ३,७२,६०,०००/- | १७,५०,७०,०००/- |
| औषत पारिवारिक वार्षिक आम्दानी | | १,२४,२००/- | ५,८३,५६६.६७/- |
| औषत प्रतिव्यक्ति आम्दानी | | २७,४१७.२२/- | १,२८,८२२.६६/- |
| औषत प्रतिघरपरिवार जनसङ्ख्या | | ४.५३ | ४.५३ |
| कुल जनसङ्ख्या | | ३०० | ३०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.२० मा वैदेशिक रोजगार अघि र पछिको आम्दानीलाई देखाइएको छ । तालिकामा आम्दानीको स्रोत र उक्त स्रोतबाट प्राप्त हुने आम्दानीलाई अलग अलग छुट्टाएको छ । यहाँ अध्ययनकर्ताले अध्ययन गर्दाको समयमा लक्षित समूहको आम्दानी रु. १७,५०,७०,०००/- रहेको छ । तालिकामा ३०० घरपरिवारको कुल वार्षिक आम्दानी पहिले रु. ३,७२,६०,०००/- रहेको देखिन्छ भने पछि बढेर १७,५०,७०,०००/- भएको देखिन्छ । औषत पारिवारिक वार्षिक आम्दानी पहिले रु. १,२४,२००/- रहेको देखिन्छ । पछि बढेर रु. ५,८३,५६६.६७/- भएको देखिन्छ । त्यसैगरी औषत वार्षिक प्रतिव्यक्ति आम्दानी पहिले रु २७,४१७.२२/- रहेको पछि बढेर रु. १,२८,८२२.६६/- भएको देखिन्छ ।

यसप्रकार वैदेशिक रोजगार अघि र पछि आम्दानीको तुलना वैदेशिक रोजगारबाट हुने आम्दानी तथा अन्य विभिन्न स्रोतहरूबाट हुने आम्दानी भन्दा बढी भएको देखिन्छ । कुल वार्षिक आम्दानी बढ्नु औषत वार्षिक प्रति घरपरिवार आम्दानी बढ्नु, औषत प्रतिव्यक्ति वार्षिक आम्दानी पनि बढ्नु जुन वैदेशिक रोजगारको सकारात्मक प्रभाव हो भन्न सकिन्छ ।

### ४.७.२ वैदेशिक रोजगार अघि र पछिको खर्चको तुलना (Comparison of Expenditure before and after foreign Employment)

हरेक व्यक्तिको आम्दानीमा भएको वृद्धि सँगै खर्चको क्षेत्र पनि वृद्धि हुन्छ । यो हरेक व्यक्तिमा लागु हुन्छ । यस अध्ययनमा पनि अध्ययन क्षेत्रको वैदेशिक रोजगारी अघि र पछिको खर्चको अवस्था हेर्दा सोही अनुरूपको देखिन्छ । अर्थात् उक्त रोजगारको कारणले नै खर्चको शैलमिा वृद्धि भएको देखिन्छ । जसलाई निम्नानुसार देखाइएको छ ।

**तालिका ४.२१**

**वैदेशिक रोजगार अघि र पछि खर्चको तुलना-२०७३**

| क्र.सं. | खर्च हुने क्षेत्रहर | पहिले (२०६७) | प्रतिशत | अहिले (२०७३) | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | शिक्षा | २९,६४,२३०/- | १२.८६ | १,०९,३०,४३२.८/- | १३.०८ |
| २ | खाद्यान्न | ९२,९३,७६०/- | ४०.३२ | ३,२०,८०,९८७.४/- | ३८.३९ |
| ३ | लत्ताकपडा | ४८,३३,५८५/- | २०.९७ | ५५,१५,३५६/- | ६.६ |
| ४ | औषधी उपचार | १६,२२,७२०/- | ७.०४ | ३९,५२,६७१.८/- | ४.७३ |
| ५ | चाडपर्व | २७,४५,२५५/- | ११.९१ | ७१,३६,५३६.४/- | ८.५४ |
| ६ | मल विउ | १५,९०,४५०/- | ६.९० | १७,०४,७४६.४ | २.०४ |
| ७ | घरको पुनः निर्माण | - | - | २,२२,४५,२६९.२/- | २६.६२ |
| | जम्मा | २,३०,५०,०००/- | १०० | ८,३५,६६,०००/- | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.२१ मा वैदेशिक रोजगार अघि र पछिको खर्चको तुलना गरिएको छ । यहाँ वैदेशिक रोजगारमिा जानुभन्दा अगाडि गर्ने खर्चको दर उक्त रोजगारीमा गएपछि भन्दा निकै कम देखिन्छ । अध्ययन क्षेत्रमा खर्चको स्रोतहरू शिक्षा, खाद्यान्न, लत्ताकपडा, चाडपर्व, मल बिउ, औषधी उपचार तथा घरको पुनः निर्माणमा खर्च गरेको पाइयो जसलाई माथिको तालिकामा देखाइएको छ । वैदेशिक रोजगारमा जानुभन्दा अगाडि ३०० घरपरिवारका खर्च हुने क्षेत्रहरू, शिक्षा, खाद्यान्न, लत्ताकपडा, चाडपर्व, मलबिउ, औषधी उपचारमा खर्च गरेको देखिन्छ । यहाँ शिक्षामा रु. २९,६४,२३०/- (१२.८६%), खाद्यान्नमा रु. ९२,९३,७६०/- (४०.३२%), लत्ताकपडामा रु. ४८,३३,५८५/- (२०.९७%), औषधी उपचारमा रु. १६,२२,७२०/- (७.०४%), चाडपर्वमा २७,४५,२५५/- (११.९१%), मलबिउमा रु.

१५,९०,४५०/- (६.९०%) सम्म वार्षिक खर्च गर्ने गरेको देखिन्छ । वैदेशिक रोजगार पछिको ३०० घरपरिवारको पारिवारिक खर्चलाई हेर्दा शिक्षामा रु. १,०९,३०,४३२.८/- (१३.०८%), खाद्यान्नमा रु. ३,२०,८०,९८७.४/- (३८.३९%), लत्ताकपडामा रु. ५५,१५,३५६/- (६.६%), औषधी उपचारमा रु. ३९,५२,६७१.८/- (४.७३%), चाडपर्वमा रु. ७१,३६,५३६.४/- (८.५४%), मल बिउमा रु. १७,०४,७४६.४/- (२.०४%), घर निर्माणमा रु. २,२२,४५,२६९.२/- (२६.६२%) खर्च गर्ने गरेको देखिन्छ । यसप्रकार हेर्दा वैदेशिक रोजगारीमा समावेश हुनु सँगै आम्दानी बढेको र खर्चको दायरा पनि बढेको देखिन्छ ।

## ४.८ वैदेशिक रोजगार अघि र पछिको बचत, ऋण तथा लगानीको क्षेत्र (Saving, Loan and Investment Sector before and after Foreign Employment)

प्रस्तुत अध्ययन क्षेत्रको वैदेशिक रोजगारमि जानुभन्दा अगाडि ऋण पर्नको कारण अति न्यून आय तथा न्यून उत्पादन रहेको छ । उत्पादित अन्नले वर्षभरी खान नपुग्नु, बालबच्चालाई विद्यालयमा पढ्न पढाउनु, चाडपर्व तथा लुगा कपडाहरू किन्दा, औषधी इत्यादिको कारणले ऋण पर्ने गरेको देखिन्छ । बचत भइहाले पनि अति न्यून तथा बचतै नहुने अवस्था पनि अत्याधिक रहेको देखिन्छ ।

वैदेशिक रोजगारमि गएपछि भने उक्त घरपरिवारको आर्थिक अवस्थामा सुधार भएको देखिन्छ । ऋणमा खर्च धान्नेले पनि ऋण तिरेर बचत गर्ने गरेको देखिन्छ भने बचत गर्ने दर पनि निकै वृद्धि भएको देखिन्छ । तथापी यी मध्ये घरपरिवारले नगदी बचत भने गरेको देखिन्दैन । उक्त बचत रकमलाई कहीं न कहीं लगानी गरेको देखिन्छ । जुन कुरालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२२**

**वैदेशिक आम्दानीको बचत तथा लगानीको क्षेत्र-२०७३**

| क्र.सं. | लगानीको क्षेत्र | रकम | प्रतिशत | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | जग्गा तथा घडेरी खरीद | १,३१,००,०००/- | ३४.२७ | १२० | ४० |
| २ | ब्याजमा लगानी | ५,१०,००००/- | १३.३४ | ५४ | १९ |
| ३ | व्यापार व्यवसाय | ९९,००,०००/- | २५.९ | ४६ | १६ |
| ४ | बैंकमा बचत | १,०१,२०,०००/- | २६.४७ | ८० | २५ |
| जम्मा | | ३,८२,२०,०००/- | १०० | ३०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.२२ मा वैदशिक आम्दानीको बचत तथा लगानीको क्षेत्रलाई देखाएको छ । सर्वेक्षण गर्दा सबै भन्दा बढी लगानी १२० जनाले १,३१,००,००० (३४.२७%) ले लग्गा तथा घडेरी खरीदमा र सबै भन्दा कम ब्याजमा लगानी ५१,००,००० (१३.३४%) भएको छ । त्यसपछि व्यापार व्यवसायमा ९९,००,००० (२५.९%) र बैंकमा वचत १,०१,२०,००० (२६.४७%) र व्यापार व्यवसायमा ९९,००,००० (२५.९%) रहेको छ ।

## ४.९ वैदेशिक रोजगार पछिको वार्षिक बचत तथा ऋण (Annual Saving and Loan after Foreign Employment)

यस अध्ययनमा परिवारको सदस्य वैदेशिक रोजगारीमा गएपछिको घरपरिवारको बचत तथा ऋणको अवस्था देखाइएको छ । उक्त रोजगारीमा गएपछि उनीहरूको आर्थिक अवस्थामा सुधार आएको देखिन्छ । त्यस्तै ऋण तिरेर बचत गर्न सक्ने पनि भएको देखिन्छ । त्यस्तै बचतको दर पनि बढाएको देखिन्छ । यसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२३**

**वैदेशिक रोजगारीमा गएपछिको वार्षिक बचत तथा ऋण-२०७३**

| क्र.सं. | वार्षिक बचत | सङ्ख्या | ऋण | प्रतिशत |
|---|---|---|---|---|
| १ | रु १,००,०००/- सम्म २,००,०००/- | १६२ | - | ५४ |
| २ | रु २,००,०००/- देखि रु ३,००,०००/- | ९३ | - | ३१ |
| ३ | रु ३,००,०००/- देखि रु ४,००,००० | ४५ | - | १५ |
| जम्मा | | ३०० | - | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.२३ मा वैदेशिक रोजगारीमा गएपछिको वार्षिक बचत तथा ऋणको अवस्थालाई देखाइएको छ । तालिका अनुसार ऋण कसैको देखिन्दैन । यसको मतलब वैदेशिक रोजगारीमा गएपछिको कमाइले ऋण तिरेको देखिन्छ । तालिकामा १६२ (५४%) ले रु १,००,०००/- देखि २,००,०००/- सम्म बचत गर्ने गरेको देखिन्छ । ९३ (३१%) ले रु. २,००,०००/- देखि ५,००,०००/- सम्म बचत गर्ने गरेको देखिन्छ । त्यसैगरी ४५ (१५%) ले रु ५,००,०००/- देखि ८,००,०००/- सम्म बचत गर्ने गरेको कुरा माथिको तालिकाबाट प्रष्ट हुन्छ ।

## ४.१० विप्रेषण लगानी र त्यसबाट प्राप्त आम्दानी (Remittance Investment and Income Received From Remittance)

नेपालमा ५६ प्रतिशत घरपरिवारले विप्रेषण प्राप्त गर्ने गरेका छन् । यसैगरी घरपरिवारले प्राप्त गर्ने औषत विप्रेषण रु ८०,४३६ पुगेको छ, जसमा बाहिरबाट प्राप्त हुने विप्रेषण अंश ८० प्रतिशत रहेको छ । विप्रेषण प्राप्त गर्ने घरपरिवारको कुल आम्दानीमा यसको अंश ३१ प्रतिशत देखिन्छ । विप्रेषणबाट प्राप्त आम्दानी धेरैजसो उपभोगमा खर्च हुने गरेको छ ( केन्द्रीय तथ्याङ्क विभाग, २०६९) । यसप्रकार अध्ययन क्षेत्रमा वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण कुन कुन क्षेत्रमा लगानी गरेका छन् र उक्त लगानीबाट कति आम्दानी भएको छ, सो कुरा पत्ता लगाउने प्रयास गरिएको छ । जसलाई क्रमशः देखाइएको छ ।

### ४.१०.१ विप्रेषण आयको विनियोजन (Distribution of Remittance Income)

विप्रेषणबाट प्राप्त आम्दानीलाई निम्न शीर्षकमा विनियोजन गरेको पाइयो ।

**तालिका ४.२४**

**विप्रेषण आयको विनियोजन-२०७३**

| क्र.सं. | विनियोजन शीर्षक | रकम (रु मा) | प्रतिशत |
|---|---|---|---|
| १ | उपभोग खर्च | २,८४,००,०००/- | ५२.६ |
| २ | उत्पादनमूलक क्षेत्रमा लगानी खर्च | १,०१,५०,०००/- | १८.८ |
| ३ | नगद बचत | १,५४,५०,०००/- | २८.६ |
| जम्मा | | ५,४०,००,०००/- | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.२४ का अनुसार उपभोग खर्चमा वैदेशिक रोजगारपछिको कुल आय ५,४०,००,०००/- को ५२.६ प्रतिशत र २,८४,००,०००/- विनियोजन भएको पाइयो । यो रकम वैदेशिक रोजगार पछिको कुल खर्च रु. ४,३९,६०,०००/- बाट वैदेशिक रोजगार अघिको खर्च रु. ५५,६०,०००/- बिचको अन्तर रकम हो । त्यसैगरी उत्पादनमूलक क्षेत्र ( कृषि, घरेलु, उद्योग, व्यापार) मा रु. १,०१,५०,००० (१८.८%) विनियोजन गरेको पाइयो र रु १,५४,५०,००० (२८.६ %) नगद बचत गरेको पाइयो ।

### ४.१०.२ विप्रेषण लगानीको आकार (Size of Remittance Investment)

बाह्य देशमा कार्यरत नागरिकद्वारा आफ्नो देशमा प्रवाह हुने पूँजी, नगद वा वित्त नै विप्रेषण हो । धेरै जसो घरपरिवारहरूको वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण विभिन्न क्षेत्रहरूमा लगानी गरेका गर्ने गरेको पाइन्छ । विप्रेषण लगानीको अवस्थालाई बुझ्न विप्रेषण लगानीको आकारलाई हेर्नु पर्दछ । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२५**

**विप्रेषण लगानीको आकार-२०७३**

| क्र.सं. | लगानीको क्षेत्र | रकम (रु. मा) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | १५,७०,०००/- | १५.५ |
| २ | घरेलु उद्योग | ४३,८०,०००/- | ४३.१ |
| ३ | व्यापार | ४२,००,०००/- | ४१.४ |
| जम्मा | | १,०१,५०,०००/- | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.२५ का अनुसार विप्रेषण लगानीको क्षेत्र अन्तर्गत कृषिमा रु. १,५७,०००/- ( १५.५%) लगानी गरेका पाइयो । त्यसैगरी घरेलु उद्योग अन्तर्गत रु ४३,८०,०००/- ( ४३.१%) र व्यापार अन्तर्गत ४२,००,०००/- (४१.४%) रहेको देखिन्छ ।

### ४.१०.३ विप्रेषण लगानीबाट प्राप्त तहगत आम्दानी (Levelwise Income from Remittance Investment)

मानिसहरूको आम्दानीमा वृद्धि गर्नका लागि नै लागत लाभको विश्लेषणगरी लगानी गर्ने गर्दछ । परिवारका सदस्यले प्राप्त गरेका विप्रेषण विभिन्न क्षेत्रहरूमा लगानी गरेका हुन्छन् । ति लगानीबाट प्राप्त आम्दानी नै तहगत आम्दानी हो । नमूना छनोटमा परेका ३०० घरपरिवारले प्राप्त गरेको विप्रेषण लगानी गरी निश्चित आम्दानी प्राप्त गरेका छन् । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२६**

**तहगत आम्दानी-२०७३**

| क्र.सं. | आम्दानी (रु. मा) | घरपरिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ४०,०००/ देखि ८०,०००/- सम्म | १९७ | ६६ |
| २ | ८०,०००/ देखि १,००,०००/ सम्म | ६६ | २२ |
| ३ | १,००,०००/- देखि १,२०,०००/ सम्म | ३७ | १२ |
| जम्मा | | ३०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.२६ का अनुसार रु ४०,०००/- देखि ८०,०००/- सम्म आम्दानी गर्ने घरपरिवार १९७ (६६%), रु ८०,०००/- देखि १,००,०००/- सम्म आम्दानी गर्ने घरपरिवार ६६ (२२%) त्यसैगरी रु १,००,०००/- देखि १,२०,०००/- सम्म आम्दानी गर्ने घरपरिवार ३७ (१२%) रहेका देखिन्छ ।

### ४.१०.४ विप्रेषण लगानीबाट प्राप्त क्षेत्रगत आम्दानी (Sectorial Income from Remittance Investment)

अध्ययन क्षेत्रमा वैदेशिक रोजगारबाट आफ्ना परिवारका सदस्यले पठाएको विप्रेषण धेरै जसो गरगहना, घरजग्गामा खर्च र बैंकमा बचत गर्ने गरेको पाइएको छ र बाँकी रहेको रकमलाई मात्र कृषि (तरकारी खेती, बाखा पालन, बंगुर पालन), व्यापार, घरेलु, उद्योग ब्याजमा लगानी गरेका छन् । जसबाट उनीहरूको आम्दानीमा थप बढोत्तरी भएको छ । नमूना

छनोटमा परेका घरपरिवारकाले विप्रेषण लगानीबाट प्राप्त क्षेत्रगत आम्दानीलाई निम्मानुसार देखाइएको छ ।

**तालिका ४.२७**

**विप्रेषण लगानीबाट प्राप्त क्षेत्रगत आम्दानी-२०७३**

| क्र.सं. | आम्दानी स्रोतहरू | लगानी | आम्दानी (रु. मा) | प्रतिफल | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कृषि | १५,७०,०००/- | १८,००,०००/- | २,३०,०००/- | २८.५३ |
| २ | व्यापार | ४२,००,०००/- | ४३,७६,०००/- | १,७६,०००/- | २१.८४ |
| ३ | घरेलू उद्योग | ४३,८०,०००/- | ४७,८०,०००/- | ४,००,०००/- | ४९.६३ |
| जम्मा | | १,०१,५०,०००/- | १,०९,५६,०००/- | ८,०६,०००/- | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा विप्रेषण लगानीबाट प्राप्त आम्दानीलाई देखाएको छ । तालिका अनुसार सबैभन्दा बढी प्रतिफल घरेलु उद्योगमा रु ४,००,००० (४९.६३%) देखिएको छ भने सबैभन्दा कम प्रतिफल व्यापारमा १,७६,००० (२१.८४%) देखिएको छ । उत्पादन शिल क्षेत्रमा रु १,०१,५०,०००/- लगानी गर्दा रु १,०९,५६,०००/- आम्दानी गरेको देखिन्छ । यहँ लगानी र त्यसबाट प्राप्त आम्दानि तुलना गर्दा ८,०६,००० को अन्तर देखिन्छ ।

### ४.१०.५ विप्रेषण लगानीबाट प्राप्त हुने अवसर आम्दानी (Opportunity Income from Remittance Investment)

सामान्यतया अवसर आय भन्नाले त्यागिएको आयलाई बुझिन्छ । मानिसहरूले जुन क्षेत्र वा वस्तुलाई बढी आय प्राप्त गर्दछ, त्यही वस्तु तथा क्षेत्रमा लगानी गर्दछ । तुलनात्मक रूपमा कम आय हुने क्षेत्रमा लगानी गर्न चाहादैनन । बैंकहरूले दिन वार्षिक ब्याज अन्तर्गत सानिमा बैंक (५.५%), लक्ष्मी बैंक (५.५%), मेघा बैंक (६%), नेपाल बंक लिमिटेड (५%), राष्ट्रिय वाणिज्य बैंक (४%) हरूको औषत वार्षिक ब्याज दर (५.२%) ले लगानी गर्दा प्राप्त हुने आम्दानी निम्नानुसार देखिन्छ (राष्ट्र बैंक, २०७२) ।

**तालिका ४.२८**

**विप्रेषण लगानीबाट प्राप्त हुने अवसर आम्दानी-२०७३**

| लगानी रकम (रु. मा) | ब्याजदर (प्रतिशतमा) | वार्षिक आय (रु. मा) |
|---|---|---|
| १,०१,५०,००० | ६ | ६,०९,००० |
| १,०१,५०,००० | ५.५ | ५,५८,२५० |
| १,०१,५०,००० | ५ | ५,०७,५०० |
| १,०१,५०,००० | ४ | ४,०६,००० |
| औषत अवसर आम्दानी | ५.१३% | ५,२०,१८७.५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका ४.२८ मा विप्रेषण लगानीबाट प्राप्त अवसर आम्दानीलाई देखाइएको छ । विभिन्न बैंकका ब्याजदरलाई हेर्दा मेघा बैंकले सबैभन्दा बढी वार्षिक ब्याजदर ६ प्रतिशत निर्धारण गरेकाले विप्रेषण लगानीबाट प्राप्त आम्दानी रु १,०१,५०,००० लाई मेघा बैंकमा बचत गर्दा वार्षिक आम्दानी रु ६,०९,०००/- गर्न सक्छन् त्यसैले कुल ३०० घरपरिवारको अवसर आय रु. ६,०९,००० देखिन्छ ।

### ४.१०.६ उत्पादनशील क्षेत्रबाट प्राप्त आम्दानी र ब्याज लगानीबाट प्राप्त आम्दानीको तुलना (Comperative between Income of Productive Sector & Income of Investment Interest)

विप्रेषणबाट प्राप्त आम्दानी रु १,०१,५०,०००/- उत्पादनशील क्षेत्रमा लगानी गर्दा त्यसबाट रु १,०९,५६,०००/- बराबरको आम्दानी देखिन्छ । यहाँ आम्दानी रकम लगानी गरेको रकमभन्दा ८,०६,०००/- बढी देखिन्छ भने त्यही रकम रु १,०१,५०,०००/- लाई सबैभन्दा बढी ब्याजदर वार्षिक (६%) दिने मेघा बैंकमा बचत गर्दा जसबाट वार्षिक ६,०९,०००/- आम्दानी हुने देखिन्छ । यस अध्ययनबाट बैंक बचतलाई प्राप्त हुने आम्दानी भन्दा उत्पादनशील क्षेत्रमा गरेको लगानीबाट प्रापत हुने आम्दानी १,९७,०००/- ले बढी देखिन्छ ।

त्यसैले बैंकमा वचत गर्दा भन्दा उत्पादनशील क्षेत्रमा गरिएको लगानीबाट बढी आम्दानी प्राप्त भएको छ । बैंकमा वचत गर्दा आम्दानी वृद्धिदर ६% रहेको छ भने उत्पादनशिल क्षेत्रमा लगानी गर्दा ७९.४% वृद्धिदर $\left(\frac{१०९५६००-१०१५००००}{१०१५००००}\times१००\right)$ देखिएको छ ।

## ४.११ विदेशमा काम गर्ने क्षेत्र (Income Resource of Foreign Employment)

अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारीको निम्ति गएका परिवारको सदस्यहरू विभिन्न क्षेत्रमा काम गर्ने गरेका छन् । जसलाई यस अध्ययनमा देखाउन खोजिएको छ । उक्त रोजगारीमा सहभागीहरूले गरेका कामको विवरणलाई देहायबमोजिम देखाइएको छ ।

**तालिका ४.२९**

**विदेशमा काम गर्ने क्षेत्र**

| क्र.सं. | कामको विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | श्रमिक (Labour) | ६० | २० |
| २. | सुरक्षा गार्ड (Security Guard) | ३३ | ११ |
| ३. | चालक (Driver) | १५ | ५ |
| ४. | पाइस मिस्त्री (Driver) | ३३ | ११ |
| ५. | विक्रेता (Salesman) | १२ | ४ |
| ६. | घरेलु कामदार (Housekeeping) | २१ | ७ |
| ७. | प्राविधिक (Production Operator) | ४२ | १४ |
| ८. | (Scaffolder) | ५४ | १८ |
| ९. | डकर्मी (Carpenter) | ३० | १० |
| | जम्मा | ३०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.२९ मा वैदेशिक रोजगारीको आम्दानीको स्रोतलाई देखाइएको छ । यस अनुसार Labour मा ६० (२०%) ले काम गरेको देखिन्छ । त्यसैगरी Security Guard ३३ (११%), Driver १५ (५%), Plumber ३३ (११%), Salesman १२ (४%), House keeping २१ (७%), Production Operator ४२ (१४), Scaffolder ५४ (१८%), Carpenter ३० (१०%) ले काम गरेको देखिन्छ ।

## ४.१२ नमूना छनोट घरपरिवारको पारिवारिक शैक्षिक अवस्था (Family Educational Status of Sampled Households)

शिक्षा व्यक्तिको विकास तथा आर्थिक, सामाजिक रूपान्तरणको प्रमुख माध्यम हो । शिक्षाबाट नै मानिसले आफ्नो व्यक्तित्व विकास गर्दछ । शिक्षा प्राप्त गरेपछि मानिसको व्यवहारमा सकारात्मक परिवर्तन देखापर्दछन् । वास्तवमा शिक्षाले मानिसलाई सत्मार्ग तर्फ दोऱ्याई सुख, सम्पन्न र ऐश्वर्य प्रदान गर्दछ । शिक्षाले मानिसको सर्वाङ्गीण पक्षको विकास गराई जीवन सरल, सभ्य तथा अर्थपूर्ण बनाउँदछ । त्यसकारण मानिसको जीवनमा शिक्षा अपरिहकार्य वस्तु हो । जीवनमा विशिष्ट र महिमामय भूमिका हुने हुँदा यसलाई ग्रहण गर्नु ठूलो बुद्धिमानी मानिन्छ ।

### ४.१२.१ वैदेशिक रोजगारीमा सहभागीको शैक्षिक अवस्था (Educational Status of Participator in Foreign Employment)

कुनैपनि कार्य सम्पन्न गर्नको लागि शिक्षाको अपर्याप्ततामा पूर्ण हुन सक्दैन । आधुनिक प्रविधिको विकास र विस्तार शिक्षाकै उपज हुने । वैदेशिक रोजगारमि जानको लागि शिक्षा अति नै आवश्यक त वका रूपमा देखा परेको छ । विदेशमा प्राप्त गर्ने ज्यालाको दर पनि शिक्षाको गुणस्तरमा भर पर्दछ । जो व्यक्तिको प्राविधिक शिक्षा प्राप्त गरेको छ भने अन्यको तुलनामा उसको आम्दानी ज्यादा हुने गरेको पाइन्छ । यहाँ वैदेशिक रोजगारीमा जाने कामदारको शैक्षिक अवस्था निम्नानुसार देखाइएको छ ।

**तालिका ४.३०**

**वैदेशिक रोजगारीममा सहभागीको शैक्षिक अवस्था-२०७३**

| क्र.सं. | शैक्षिक स्थिति | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | प्रा.वि. | ८ | ८२ | ९० | २८ |
| २ | नि.मा.वि. | ६ | ३३ | ३९ | १३ |
| ३ | मा.वि. | ७ | १३१ | १३८ | ४८ |
| ४ | उच्च शिक्षा | ३ | ३० | ३३ | ११ |
| जम्मा | | २४ | २७६ | ३०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.३० का अनुसार वैदेशिक रोजगारमा जानेहरूमा निरक्षर कोही पनि देखिदैन । प्रा.वि. सम्म अध्ययन गर्ने महिला ८ र पुरुष ८१ गरी जम्मा ९० (२८%) जना, नि.मा.वि सम्म अध्ययन गर्ने महिला ६ र पुरुष ३३ गरी जम्मा ३९ (१३%) जना, मा.वि. सम्म अध्ययन गर्ने महिला ७ र पुरुष १३१ गरी १३८ जना (४९.५%) जना र उच्च शिक्षा सम्म अध्ययन गर्ने महिला ३ र पुरुष ३० गरी जम्मा ३३ (११%) रहेको देखिन्छ ।

### ४.१२.२ नमूना छनौट अभिभावकको शैक्षिक अवस्था (Educational Status of Sampled Family Head)

यस अध्ययनमा वैदेशिक रोजगारमिा सहभागी हुने अभिभावकहरूको (मुख्य उत्तरदाता) शैक्षिक अवस्थालाई देखाउन खोजिएको छ । नमूना छनोटमा परेका घरमूलीको शैक्षिक अवस्था अध्ययन गर्दा निरक्षर तथा साक्षर अन्तर्गत प्रा.वि. देखि उच्च शिक्षा सम्म अध्ययन गरेको पाइयो । जसलाई तलको तालिकामा निम्नानुसार देखाइएको छ ।

**तालिका ४.३१**
**अभिभावकको शैक्षिक अवस्था-२०७३**

| क्र.सं. | शैक्षिक स्थिति | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | साक्षर | ६० | ३१.७ | ३० | २७ | ९० | ३० |
| २ | प्रा.वि. | ३६ | १९.८ | २७ | २५.६ | ६३ | २२ |
| ३ | नि.मा.वि. | ५२ | २७.७ | २७ | २४.३ | ७९ | २६.५ |
| ४ | मा.वि. | ४० | २०.६ | २८ | २२.९ | ६८ | २१.५ |
| जम्मा | | १८८ | १०० | ११२ | १०० | ३०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.३१ का अनुसार नमूना छनोटमा परेका घरपरिवारको शैक्षिक स्थितिलाई देखाइएको छ । तालिकामा साक्षर पुरुष ६० (३१.७%) र महिला ३० (२७%) गरी जम्मा ९० (३०%) रहेका छन् । प्रा.वि. सम्म अध्ययन गर्ने पुरुष ३६ (१९.८%) र महिला २७ (२५.६%) गरी जम्मा ६३ (२२%) जना, नि.मा.वि. सम्म अध्ययन गर्ने पुरुष ५२ (२७.७%) र महिला २७ (२४.३%) गरी जम्मा ७९ (२६.५%) जना, मा.वि. सम्म अध्ययन गर्ने पुरुष ४० ( २०.६%) र महिला २८ (२२.९%) गरी जम्मा ६८ (२१.५%) जना रहेको देखिन्छ ।

### ४.१२.३ नमूना छनौट घरपरिवारको शैक्षिक अवस्था (Educational Status of Sampled Family Members)

यस अध्ययनमा नमूना छनौटमा परेका घरपरिवारको शैक्षिक अवस्थालाई देखाइएको छ । नमूना छनोटमा परेका घरपरिवारको शैक्षिक अवस्थालाई निरक्षर, साक्षर, प्रा.वि., नि.मावि., मा.वि र उच्च शिक्षा गरी छुट्याइएको छ ।

**तालिका ४.३२**

**पारिवारिक शैक्षिक अवस्था-२०७३**

| क.स. | शैक्षिक स्थिति | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | साक्षर | १०२ | २४० | ३४२ | २५.१८ |
| २ | प्रा.वि. | १५३ | २१६ | ३६९ | २७.१५ |
| ३ | नि.मा.वि. | २०५ | ११२ | ३१७ | २३.३२ |
| ४ | मा.वि. | १६० | ५४ | २१४ | १५.७५ |
| ५ | उच्च शिक्षा | ६८ | ४९ | ११७ | ८.६० |
| जम्मा | | ६८८ | ६७१ | १३५९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.३२ नमूना छनोटमा परेका परिवारको शैक्षिक अवस्था देखाइएको छ । जसमा औषत पारिवारिक सङ्ख्या ४.५३ भएकोले साथै परिवार सङ्ख्याले ३०० गुणन ( ४.५३×३००□१३५९) गर्दा जम्मा जनसङ्ख्या १३५९ हुन आउँछ । यसमा पुरुषको जनसङ्ख्या ६८८ र महिलाको जनसङ्ख्या ६७१ रहेको छ। यही पुरुषको तुलनामा महिलाको निरक्षर जनसङ्ख्या बढी रहेको देखिन्छ । यहाँ सबैभन्दा बढी ३६९ (२७.१५%) प्रा.वि. जनसङ्ख्या रहेको देखिन्छ भने सबै भन्दा कम ११७ (८.६%) उच्च शिक्षा हासिल गर्ने जनसङ्ख्या रहेको देखिन्छ ।

### ४.१२.४ बालबालिकाको शैक्षिक अवस्था (Educational Status of Children)

यस अध्ययनमा वैदेशिक रोजगारीमा सहभागी हुनेहरूको बालबालिकाहरूको शैक्षिक अवस्थालाई देखाउन खोजिएको छ । वैदेशिक रोजगारीमा जानुभन्दा अगाडि र वैदेशिक

रोजगारीमा गएपछि उनीहरूको बालबालिकाहरूमा के कस्ता परिवर्तन देखा परेको छ भन्ने अवस्थालाई तालिकामा देहायबमोजिम देखाइएको छ ।

**तालिका ४.३३**

**वैदेशिक रोजगार अघि र पछिको बालबालिकाहरूको शैक्षिक अवस्था-२०७३**

| तह | वैदेशिक रोजगारी पहिले | | वैदेशिक रोजगारी पछाडि | |
|---|---|---|---|---|
| | सरकारी | निजी | सरकारी | निजी |
| प्रा.वि. | ३२ | १० | १० | ३६ |
| नि.मा.वि. | ३० | १२ | १२ | ४० |
| मा.वि. | २४ | १४ | १० | २६ |
| +2 | – | २ | – | २० |
| स्नातक | ८ | – | ८ | – |
| जम्मा | ९४ | ३८ | ४४ | १२२ |
| कुल पहिलेको विद्यार्थी सङ्ख्या □ १३२<br>कुल अहिलेको विद्यार्थी सङ्ख्या □ १६६ | | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.३३ मा वैदशिक रोजगारीमा जानुभन्दा अगाडिको र वैदेशिक रोजगारीमा गएपछिको उनीहरको बालबालिकाको शैक्षिक अवस्थालाई देखाइएको छ । उक्त रोजगारीमा जानु भन्दा अगाडि उनीहरूको बालबालिका कुल १३२ जना रहेको देखिन्छ । जसमध्ये ८ जना स्नातक तह अध्ययन गरिरहेको देखिन्छ । त्यसैगरी २ जना निजी प्रवीणता तह अध्ययन गरिरहेको देखिन्छ । त्यसैगरी २४ जना सरकारी १४ जना निजी, ३० जना सरकारी र १२ जना निजी क्रमशः मा.वि. र नि.मा.वि. अध्ययन गरिरहेको देखिन्छ भने प्रा.वि. ३२ सरकारी र १० जना विद्यालयमा पढने गरेको देखिन्छ । यसरी समग्रमा वैदेशिक रोजगारीमा जानुभन्दा अगाडि ३८ जना मात्र निजी विद्यालयमा पढेको देखिन्छ । बाँकी सबै सरकारी विद्यालयमा पढेको देखिन्छ ।

वैदेशिक रोजगारीमा गएपछि भने उनीहरूको बालबालिकाहरू सरकारी विद्यालयमा भन्दा निजी विद्यालयमा पढेको देखिन्छ । तालिकामा प्रा.वि.मा १० जनाले सरकारी विद्यालयमा पढेको देखिन्छ ने ३६ जनाले निजी विद्यालयमा विद्यालयम अध्ययन गरेको देखिन्छ । त्यसैगरी नि.मा.वि. मा १२ जनाले सरकारी विद्यालयमा पढेको देखिनछ भने ४० जनाले

निजी विद्यालयमा अध्ययन गरेको देखिन्छ । त्यसैगरी मा.वि. मा १० सरकारी विद्यालयमा अध्ययन गरेको देखिन्छ भने २६ निजी विद्यालयमा अध्ययन गरेको देखिन्छ । त्यसैगरी प्रवीणता तहमा २० जनाले निजीमा अध्ययन गरेको देखिन्छ भने स्नातक तहमा भने सरकारीमा ८ जनाले अध्ययन गरेको देखिन्छ ।

माथिको तथ्याङ्कको हेर्दा वैदेशिक रोजगारीमा नजाँदाको अवस्थामा आफ्ना बालबालिकालाई सरकारी विद्यालयमा पढाउने गरेको देखिन्छ । निजी विद्यालयमा भने अति कम मात्रामा पढाउने गरेको देखिन्छ तर वैदेशिक रोजगारीमा गएपछि भने निजी विद्यालयमा पढाउने गरेको देखिन्छ ।

## ४.१३ आर्थिक अवस्थाले शैक्षिक क्षेत्रमा पारेको प्रभाव (Economic Impact in Educational Sector)

बढ्दो विश्वव्यापीकरणसँगै शिक्षामा आधुनीकरण हुँदै गएकाले शिक्षा पनि सामान्य मानिसको पहुँच भन्दा टाढा हुँदै गएको यर्थाथता हो । सरकारी विद्यालयमा पढाइको गुणस्तर नभएको तथा सरकारी विद्यालयमा पढाउँदा आफ्नो सन्तानले अङ्ग्रेजी नजान्ने भन्ने मानसिकताले महँगो पैसा तिरेर निजी विद्यालयहरूमा आफ्ना बालबालिकाहरूलाई पढाउने गरेको पाइन्छ । साथै विद्यालयमा पनि समय समयमा गएर आफ्ना बालबालिकाहरूको नतिजाको जानकारी लिने तथा थप सुधार गर्न परामर्श गर्ने गरेको पनि पाइन्छ । त्यसैले गर्दा वैदेशिक रोजगारी रहँदा शैक्षिक लगानीमा वृद्धि गरेको हुँदा वैदेशिक रोजगारीबाट फर्के पछि पनि उक्त लगानी यथावत छ ? अथवा घटाएको छ ? जुन कुरा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.३४**

**वैदेशिक रोजगारीबाट शैक्षिक लगानीमा भएको परिवर्तन**

| क्र.सं. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षामा लगानी बढाएको छ | २२३ | ७४.५ |
| २ | कुनै परिवर्तन गरिएको छैन | ७७ | २५.५ |
| ३ | शिक्षामा लगानी घटाएको छ | – | – |
| जम्मा | | ३०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.३४ मा वैदेशिक रोजगारीबाट फर्किपछि पनि उनीहरूको पहिले देखि लगानी गरिरहेको शैक्षिकक लगानीमा के कस्तो परिवर्तन भएको छ । उक्त कुराहरूलाई देखाउन खोजिएको छ । तालिका अनुसार शिक्षामा लगानी बढाउने २२३ (७४.६%) देखिएको छ । भने कुनै पनि परिवर्तन गरिएको छैन अर्थात् पहिले गरेको भन्दा थपघट केही पनि गरिएको छैन भन्नेमा ७७ (२५.५%) रहेको छ । त्यसैगरी शिक्षामा लगानी घटाउने सङ्ख्या भेटिएन ।

### ४.१३.१ आर्थिक तथा शैक्षिक अवस्थाको तुलना (Comparison of Economic and Educational Status)

अध्ययन क्षेत्रको वैदेशिक रोजगारमा जानुभन्दा अगाडि तथा पछाडिको आर्थिक तथा शैक्षिक अवस्था हेर्दा अधिकांश बालबालिकालाई उक्त रोजगारीमा सहभागी हुनुपूर्व सरकारी विद्यालयमा अध्ययन गराएको देखिन्छ । तर वैदेशिक रोजगारीमा सहभागी भएपछि उनीहरूको आर्थिक अवस्थामा पनि सुधार आएको देखिन्छ । साथै उनीहरूको बालबालिकाहरू निजी विद्यालयमा अध्ययन गर्नेको सङ्ख्या पनि उल्लेख्य मात्रामा वृद्धि भएको देखिन्छ । आर्थिक तथा शैक्षिक अवस्थाको तुलनालाई निम्नानुसार देखाइएको छ ।

**तालिका ४.३५**

**आर्थिक र शैक्षिक अवस्थाको तुलना-२०७३**

| आर्थिक | | शैक्षिक | | | |
|---|---|---|---|---|---|
| पहिले | अहिले | पहिले | | अहिले | |
| | | बालबालिका सङ्ख्या | | बालबालिका सङ्ख्या | |
| वार्षिक आम्दानी | वार्षिक आम्दानी | सरकारी | निजी | सरकारी | निजी |
| रु ५०,०००/- सम्म | रु ३,००,०००/- सम्म | ३८ | १७ | २० | ४६ |
| रु ५०,०००/ देखि रु ९०,०००/- | रु ३,००,०००/- देखि ५,००,००० सम्म | ३२ | ६ | १४ | ५२ |
| रु ९०,०००/ देखि रु १,२०,०००/- | रु ५,००,०००/- देखि ६,००,००० सम्म | २४ | ४ | १० | २४ |
| जम्मा | | ९४ | ३८ | ४४ | १२२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका ४.३५ का अनुसार वैदेशिक रोजगारमा जानुभन्दा पहिला वार्षिक आम्दानी क्रमशः रु ५०,०००/- आम्दानी हुनेको बालबालिकाहरू मध्ये ३८ जना सरकारी र १७ जना निजी, रु ५०,०००/- देखि रु ९०,०००/- सम्म आम्दानी हुनेको बालबालिकाहरू मध्ये २२ जना सरकारी र १७ निजी त्यसैगरी रु ९०,०००/- देखि रु १,३०,०००/- सम्म आम्दानी हुनेको बालबालिकाहरू मध्ये २० जना सरकारी र ४ जना निजी विद्यालयमा अध्ययन गरिरहेका थिए । वैदेशिक रोजगार पछि वार्षिक आम्दानी क्रमशः रु ३,००,०००/- सम्म आम्दानी हुनेको बालबालिकाहरू मध्ये २० जना सरकारी र ४६ जना निजी, रु ३,००,०००/- देखि रु ५,००,०००/- सम्म आम्दानी हुनेको बालबालिकाहरू मध्ये १४ जना सरहकारी र ५२ जना निजी त्यसैगरी रु ५,००,०००/- देखि रु ६,००,०००/- सम्म आम्दानी हुनेको बालबालिकाहरू मध्ये १० जना सरकारी र २४ जना निजीमा अध्ययन गरिरहेको देखिन्छ ।

## ४.१४ वैदेशिक रोजगारमा जानु भन्दा अघि र रोजगारीमा रहँदा सिकेको सीपको अवस्था र नेपालमा प्रयोग (Condition of Skill before and Foreign Employment and Its Application in Nepal)

वैदेशिक रोजगारीमा समावेश हुनको लागि सर्वप्रथम आफूले गर्नुपर्ने काम सम्बन्धी सीप सिक्नु आफै सुरक्षित हुनु हो । यसरी सीप सिकेपछि रोजगारदाताले जिम्मा दिएको काम सरल र सहजरूपमा काम गर्न सकिन्छ साथै आम्दानी पनि राम्रो हुन्छ । त्यस्तै वैदेशिक रोजगारमा रहँदा सिकेको सीप नेपालमा आएर प्रयोग गरियो भने थप आय आर्जनमा मद्दत गर्दछ साथै आफूले सीकेको सीप अन्य बेरोजगार युवाहरूलाई सिकाएर स्वालवम्बन बनाउन समेत सहयोग पुग्दछ ।

**तालिका ४.३६**

**वैदेशिक रोजगारीमा जानुभन्दा अघि र रोजगारीमा रहँदा सिकेको सीप र नेपालमा प्रयोग**

| विवरण | | जम्मा | प्रतिशत |
|---|---|---|---|
| वैदेशिक रोजगारमा जानुभन्दा अगाडि सिकेको सीपमको अवस्था | सिके | १८० | ६० |
| | सिकिन | १२० | ४० |
| | जम्मा | ३०० | १०० |
| वैदेशिक रोजगारमा लिएको सीप नेपालमा प्रयोग | प्रयोग गरे | १०५ | ३५ |
| | प्रयोग गरिन | १९५ | ६५ |
| | जम्मा | ३०० | १०० |
| वैदेशिक रोजगारमा सिकेको सीप प्रयोग नगरेको कारण | मन नलागेर | ४५ | १५ |
| | कच्चा पदार्थ नपाएर | १२० | ४० |
| | प्रयोग गर्ने ठाउँ नभएर | १३५ | ४५ |
| | जम्मा | ३०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.३६ अनुसार वैदेशिक जानुभन्दा अगाीड सीप सिक्ने जम्मा १८० (६०%) र १२० (४०%) ले नसिकेको देखिएको छ । त्यस्तै उक्त रोजगारीको अवस्थामा सिकेको सीप नेपालमा प्रयोग गर्ने १०५ (३५%) देखिएको छ भने १९५ (६५%) प्रयोग नगरेको देखियो । उक्त सीपलाई नेपालमा प्रयोग नगर्नुको कारण कच्चा पदार्थ नपाएरमा १२० (४०%) देखिन्छ भने प्रयोग गर्ने ठाउँमा नभएमा १३५ (४५%) देखिन्छ ।

उपरोक्त कुराको आधारमा वैदेशिक रोजगारमा रहँदा सिकेको सीप नेपालमा प्रयोग नगर्नुको कारण विशेषतः उक्त सीपसँग सम्बन्धित कल कारखाना नभएको र उक्त सीपलाई कसरी व्यवहारिक रूपमा प्रयोग गर्ने भन्ने विषयमा ग्रामिण परिवेशमा बसोबास गर्ने युवालाई थाहा नहुने तथा खोजी नगर्ने हुँदा उक्त सीपको नेपालमा प्रयोग गर्न नसकेको देखिन्छ ।

## ४.१५ वैदेशिक रोजगारीमा जाने माध्यम (Medium for Foreign Employment)

नेपाली कामदारहरू वैदेशिक रोजगारमा जाँदा विभिन्न माध्यमद्वारा गएको देखिन्छ । यसका साथै खाडी राष्ट्रहरूमा कुन काममा लागि कति रकम लाग्दछ भन्ने जानकारीको अभाले

पति तिर्नुपर्ने भन्दा बढी रकम तिरेको पाइन्छ भने कतिपय अवस्थामा नेपाली कामदारहरू अशिक्षित हुने हुँदा दलालले झुक्याएर धेरै पैसा असुलेको पनि पाइन्छ । यहाँ अध्ययनमा स्थलगत सर्वेक्षणबाट निम्न अनुसारको अवस्था देखिन आएको छ ।

**तालिका ४.३७**

**वैदेशिक रोजगारमा जाँदा प्रयोग गरिएको माध्यम-२०७३**

| क्र.सं. | काम गर्न गएको माध्यम | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | दलाल | ४८ | १७.५ |
| २ | इजाजत प्राप्त संस्था | १७० | ५७ |
| ३ | व्यक्तिगत प्रयास | ८२ | २५.५ |
| जम्मा | | ३०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.३७ मा वैदेशिक रोजगारमा जाँदा प्रयोग गरिएको माध्यमलाई देखाइएको छ । उक्त तालिकामा ४८ (१७.५%) जनाले दलाल मार्फत् गएको देखिन्छ । इजाजत प्राप्त संस्थाबाट पहलबाट १८० (५७.९%) जना गएको देखिन्छ । त्यस्तैगरी व्यक्तिगत प्रयासमा ८२ (२६.३%) जना गएको देखिन्छ ।

## ४.१६ वैदेशिक रोजगारीमा जाँदा लागेको खर्च (Cost Payment of going to Foreigh Employment)

नेपाली कामदार वैदेशिक रोजगारीमा विभिन्न माध्यम (दलाल, व्यक्तिगत, ईजाजत प्राप्त संस्था) द्वारा जाने गर्दछ । उनीहरूको वैदेशिक रोजगारीमा निम्ती ७०,००० देखि १,३०,००० सम्म तिर्ने गरेका छन् । दलालबाट जाँदा कामदारहरू ठगिने गरेका छन् भने कपितय अवस्थामा इजाजत प्राप्त संस्थाबाट नै ठगिने गरेका गुनासो गरेका छन् । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारीमा जाँदा कामदारले तिरेको रकमलाई तल प्रस्तुत गरिएको छ ।

**तालिका ४.३८**

**वैदेशिक रोजगारमा जाँदा लागेको लागत-२०७३**

| क.सं. | वैदेशिक रोजगारमा जाँदा लागेको खर्च (रु. मा) | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | रु ५०,०००-७०,०००/- सम्म | ३१ | १०.५ |
| २ | रु ७०,०००- रु १,००,०००/- सम्म | १४५ | ४७.५ |
| ३ | रु १,००,०००- रु १,३०,०००/- सम्म | १२४ | ४२ |
| जम्मा | | ३०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.३८ मा वैदेशिक रोजगारमा जाँदा लागेको खर्च देखाइएको छ । उक्त तालिकामा रु ५०,००० देखि रु ७०,००० सम्म ११ (१०.५%) खर्च व्यवहोरेको देखिन्छ । रु ७०,००० देखि रु १,००,००० सम्म १४५ (४७.५%) तथा रु १,००,००० देखि रु १,३०,००० सम्म १२४ (४२%) जनाले खर्च व्यवहोरेको देखिन्छ ।

## ४.१७ वैदेशिक रोजगारीको वर्गीकरण र देश निर्धारण (Classification of Foreing Employment and Country's Determination)

अन्तर्राष्ट्रिय श्रम बजारको मागलाई हेर्ने हो भने दक्ष जनशक्तिको माग ज्यादा रहेको पाइन्छ । सामान्यरूपमा नेपाली श्रम बजारमा उपलब्ध हुने श्रमिकहरूको वर्गीकरण गर्दा दक्ष जनशक्ति भन्दा अर्धदक्ष जनशक्ति नै पाइन्छ । जसलाई देहायबमोजिम तालिकाको आधारमा वर्गीकरण गरिएको छ ।

## तालिम ४.३९

## नेपालमा उपलब्ध हुने कामदार विवरण

| High Professional A | Technician B | Semi Skilled C | Unskilled D |
|---|---|---|---|
| Engineer<br>Doctor,<br>Specialities,<br>Professor,<br>Teacher,<br>Geologist,<br>Minaral,<br>Specialized,<br>Charatered,<br>Accountant,<br>Banking,<br>Specialished | Junior Engineer,<br>Nurse,<br>Pharmasists,<br>Plant operator,<br>Forman,<br>Equipment operator,<br>Machanical,<br>Operator,<br>Carpenter,<br>Plumber,<br>Driver etc. | Helper of<br>electrician,<br>Mechanics,<br>Masson,<br>Mixer pumps<br>operators,<br>Block makers,<br>Trailor,<br>Shop assistant,<br>Gardener,<br>Loundry etc. | Labours,<br>Cleaners,<br>Sweeper,<br>Watchman,<br>Industrial<br>Labours,<br>Airport Labour etc. |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.३९ मा उल्लेखित कामदारहरू सामान्यतया नेपालबाट प्राप्त गर्न सकिने भनि नेपाल सरकाले मापदण्ड बनाएको छ । जसले गर्दा विदेशी कम्पनीलाई कामदार खोज्न गाह्रो हुँदैन । माथिको तालिकामा विभाजित कामदारहरू प्रशस्त मात्रामा नपाईएता पनि केही मात्रामा भने उपलब्ध हुने गर्दछ । तालिकामा उल्लेख भएको A वर्ग भनेको अत्यन्त उच्च र दक्ष वर्ग हो । यो सानो मूल्यमा उपलब्ध हुन पनि सक्दैन । यस्तो वर्गको श्रमिक सामान्यतया उच्च विकसित मुलुकहरूमा खपत हुने गर्दछ । त्यसैगरी दोस्रो वर्गको श्रमिकहरू नेपाल जस्तो मुलुकको लागि पनि उपयोगी हुने भएकाले यसको खपत स्वदेशमै बढी हुने देखिन्छ । त्यसैगरी तेस्रो वर्गको श्रमिकहरू सामान्यतया आफै पूर्ण निर्भर भई काम गर्न नसक्ने भएको हुँदा यो समूहमा श्रमिकहरू वैदेशिक रोजगारमा समावेश भएको दुई वर्ष पछि सीपवान श्रमिक हुन्छन् । चौथो श्रमिकहरू भनेको अत्यन्त शोषित वर्ग हो । यस्ता श्रमिकहरू न्यून खालको सीप तथा अध्ययन कम भएका मानिसहरू हुन्छन् । त्यसैगरी विकासोन्मुख देशमा उपलब्ध हुने श्रमिकहरू मध्ये सबैभन्दा यही वर्गमा पर्दछन् । यसरी

माथि उल्लेखित प्रकृतिका कामदारहरू नेपालमा उपलब्ध हुने भएतापनि यस अध्ययन क्षेत्रले समेटेको देशहरू निम्न प्रकारका कामदारहरू गएको देखिन्छ ।

**तालिका ४.४०**

**वैदेशिक रोजगारमा गएको देश र कामको प्रकृति-२०७३**

| क्र.सं. | देश | सङ्ख्या | कामको प्रकिति | महिला | पुरुष |
|---|---|---|---|---|---|
| १ | मलेशिया | ५८१६५ | Production operator, general worker, security guard | ११८२ | ५६९८३ |
| २ | कतार | ७४१३८ | Labour, carpenter, plumber, housemade | ५९० | ७४३४८ |
| ३ | साउदी अरब | ४७८२० | Driver, labour, masson, salesman | ९९ | ७७७२१ |
| ४ | दुवई | ३९९७९ | Labour, stell fixture | | २१४७१६ |
| ५ | कुवेत | २०१३२ | shop assistant sweeper | २८८० | १७७१७ |
| जम्मा | | २४०२३४ | | ७६३१ | ४२३७६८ |

स्रोत : श्रम तथा यातायात व्यवस्थापन मन्त्रालय आ.व. २०६९/७० श्रम बजार बुलेटिन ।

तालिम ४.४० अनुसार नेपालबाट विशेष गरी सामान्य कामदार, चालक, सुरक्षा गार्ड, विक्रेता जस्ता कामको लागि वैदेशिक रोजगारीमा गएको देखिन्छ । त्यसमा महिलाहरू विशेषगरी घरयासी कामदार र बालबालिकाहरूको हेरचाह गर्ने कार्यको लागि बढी मात्रामा विदेशी गएको देखिन्छ ।

## ४.१८ वैदेशिक लगानीले पारिवारिक सामाजिक सम्बन्धमा पारेका प्रभाव (Effect of Family and Social related to foreign investment)

### ४.१८.१ परिचय (Introduction)

वैदेशिक रोजगारीले पारिवारिक सम्बन्धमा पारेको प्रभावलाई निगाल्दा देशगत रुपमा राम्रा पक्षहरु पनि देखा परेका छन् तर पनि नेपालको सन्दर्भमा हेर्दा धनको लोभ र सम्पत्रि हिनामिना पारी वैदेशिक रोजगारीमा गएका श्रीमान्ले वर्षेनी श्रीमतीलाई विश्वास गरी पठाएको रकम अर्को श्रीमानकोमा जानी गरेको कतिपय तथ्याङ्क भाइरल भएका पनि छन् ।

यसका साथसाथै ती वैवाहिक महिला पढ्ने र बालबालिकाको पढाउने निउमा २९ जना महिलाहरु ग्रामीण क्षेत्र छोडी शहरतिर गएका छन् । यसल घरपरिवारमा नराम्रो सन्देश पनि देखा परेको छ । ग्रामीण क्षेत्रको सामाजिक अवस्थालाई हेर्दा समाजमा रहेका विवाहित महिलाको आम्दानी भन्दा बढी उपभोग फेसन रमाइलो मनोरञ्जनका साथ सेवा सुविधाहरु प्राप्त गरी आफ्नो स्वार्थपना अगाल्दै वर्षेनी शहरतिर गई बसेका छन् । ती महिलाहरु मध्ये ५० प्रतिशतले श्रीमानको मर्मलाई बुझी सदुपयोग पनि गरेका छन् । बालबालिकाको शिक्षा, स्वास्थ्य, मनोरञ्जन, सेवा सुविधाहरुको उपयोग गरी सुमधुर सम्बन्ध कायम गरेका अवस्था पनि यस गाउँपालिकामा विद्यमान रहेका छन् ।

यस गाउँपालिकामा वैदेशिक शिलशिला गएका श्रीमानलाई त्यागी ५ जना महिलाले बालबालिकाका समेत घरमा सासु ससुरालाई छाडी श्रीमानले कमाएको पैसा लिई सम्पत्ति पनि बेचविकन गरी भागेर गएका छन् । जसबाट वैदेशिक रोजगारीबाट कमाएको रगतको पसिना पानी सरह भई दुरुपयोग भएको घटनाले वैदेशिक रोजगारीमा जानुलाई सामाजिक हिसाबले नकारात्मक बनाएको छ । महिनाहरुले यस्तै गर्ने प्रवृत्ति हावी भएको पाइएकोल राम्रो वा सदुपयोग गर्ने वैवाहिक महिला र परिश्रम गर्ने पुरुषलाई नराम्रो छाप बसेको छ ।

### ४.१८.२ पारिवारिक क्षेत्रमा पारेको सकारात्मक प्रभाव (Positive effective of the family sector)

वैदेशिक रोजगारीमा जाने, व्यक्तिहरुको पारिवारिक क्षेत्रमा पारेको सकारात्मक प्रभाव निम्न अनुसार रहेको पाइयो ।

१. विदेशमा सिकेको सीप नेपालमा प्रयोग गरी स्वरोजगारी भई पारिवारिक आम्दानीमा वृद्धि भएको

२. परिवारमा आम्दानीको वृद्धि भई उपभोग र लगानीको दरमा वृद्धि भई चेतनशीलता/समय सापेक्ष परिवर्तन भएको

३. समाजमा सहयोगी भावनाको विकास भएको र सामाजिक अपराधका घटनामा कमी ।

४. गरिबी न्यूनिकरणमा कमी भई पारिवारिक वातावरण सुखी र सम्पन्न उन्मुख भएको

### ४.१८.३ पारिवारिक क्षेत्रमा पारेको नकारात्मक प्रभाव (Negative effective of the family sector)

१. विदेशमा श्रीमान हुँदा घरमा, श्रीमती, सामाजिक विकृतिका काममा सक्रिय भएको,

२. विदेशमा श्रीमान वा श्रीमती रहँदा, उसले पठाएको पैसा दुरुपयोग गरी, मोजमस्तीमा फजुल खर्च गरेको

३. पारिवारिक सम्बन्मा १० प्रतिशतले कतूता रहेको ।

## ४.१९ सारांश (Summary)

प्रस्तुत अध्ययन बाग्लुङ्ग जिल्लाको वडीगाड गाउँपालिकामा "वैदेशिक रोजगारीले आर्थिक तथा शैक्षिक क्षेत्रको पारेको प्रभाव" शीर्षकमा अध्ययन गरिएको छ । प्रस्तुत शोधपत्रमा ३ उद्देश्यहरू मध्ये पहिलो वैदेशिक रोजगारमा जानुपूर्व र पछिको शैक्षिक तथा आर्थिक अवस्थाको तुलनात्मक अध्ययन गर्नु, दोस्रो विप्रेषण लगानीका क्षेत्रहरू पत्ता लगाउनु रहेका छन् र तेस्रो वैदेशिक लगानीले पारिवारिक सम्बन्धमा पारेका प्रभाव रहेको छ । यस अध्ययनमा साउदी अरब, दुवई, मलेसिया, कतार गरी ४ वटा देशहरूलाई मात्र लिइएको छ ।

प्राथमिक तथा द्वितीय तथ्याङ्कको आधारमा तयार पारिएको यस शोधपत्रमा प्राथमिक तथ्याङ्कमा वैदेशिक रोजगारसँग सम्बन्धित घरपरिवारका अभिभावकहरू तथा वैदेशिक रोजगारबाट फर्किएका युवायुवतीहरूसँग प्रश्नावलीको माध्यमबाट अन्तर्वार्ता लिई तथ्याङ्क संकलन गरिएको छ भने द्वितीय स्रोत अन्तर्गत पत्रपत्रिकामा प्रकाशित वैदेशिक रोजगार सम्बन्धी रिपोर्टहरू, गाउँपालिका प्रोफाइल, जि.वि.स. कार्यालय बाग्लुङ्ग, आर्थिक सर्वेक्षण, वैदेशिक रोजगार विभाग काठमाडौं, केन्द्रीय तथ्याङ्क विभाग कार्यालयबाट प्रकाशित लेख, रचना र बुलेटीन तथा यस अध्ययनसँग सम्बन्धित पुराना शोधपत्रको अध्ययन गरिएको तथ्याङ्कहरूलाई लिइएको छ । ५६१ घरपरिवार मध्ये ५३.४७ प्रतिशतले हुन आउने ३०० घरपरिवारलाई समेटिएको छ । वैदेशिक रोजगारीमा सहभागी भएका युवायुवतीहरू मध्ये हाल वैदेशिक रोजगारबाट घर फर्किएका ३०० घरपरिवारका युवायुवतीलाई यस अध्ययन भित्र समेटिएको छ । द्वितीय तथ्याङ्कहरूमा वैदेशिक रोजगारसँग सम्बन्धित विभिन्न पुराना शोधपत्रहरू, आर्थिक सर्वेक्षण, राष्ट्रिय योजना आयोग, वैदेशिक रोजगार विभागबाट

प्रकाशित प्रतिवेदन, वडीगाड गाउँपालिकाको प्रतिवेदन, श्रम मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त तथ्याङ्कहरू रहेका छन् । अध्ययन क्षेत्रमा १ र २ वडामा बसोबास गर्ने कुल घरपरिवार सङ्ख्या ५६१ बाट सामन्य सम्भावनायुक्त नमूना छनोट विधि अन्तर्गत चिठ्ठी प्रणालीबाट ३०० (५३.४७%) घरपरिवारलाई नमूनाको रूपमा छनोट गरिएको छ । नमूना छनोटमा परेका प्रत्येक घरपरिवारका अभिभावकलाई समानुपातिक रूपमा (एक घर एक अभिभावक) छनोट गरिएको छ । अध्ययनको साधन अन्तर्गत प्रश्नावली तयार गरी प्राथमिक तथ्याङ्कका स्रोतहरू वैदेशिक रोजगारीमा संलग्न युवायुवतीहरू अभिभावकहरूसँग र रोजगारीबाट फर्किएकासँग शोधकर्ता स्वयम् उपस्थिति भई प्रत्यक्षरूपमा भेटघाट गरी संरचनात्मक अन्तर्वार्ता (Interview) लिइएको छ ।

वैदेशिक रोजगारीमा समावेश भएका कुल ३०० घरपरिवारको कुल जनसङ्ख्या ५६१ र औषत प्रतिघरपरिवार सङ्ख्या ४.५३ रहेको छ । वैदेशिक रोजगारीमा जानुभन्दा अगाडि कुल ३०० घरपरिवारले वार्षिक रु ७५,०००/- देखि रु ,१३०,०००/- सम्म आम्दानी गरेको देखिन्छ भने उक्त घरपरिवारहरूको कुल आम्दानी वार्षिक रु ३,७२,६०,०००/- गरेको देखिन्छ । त्यसैगरी औषत घरपरिवार आम्दानी वार्षिक रु १,२४,२००/- तथा औषत प्रतिव्यक्ति आम्दानी रु २७,४१७.२२/- भएको देखिन्छ । वैदेशिक रोजगारी पछिको आम्दानी भने वार्षिक रु ३,००,०००/- देखि रु ६,००,०००/- सम्म आम्दानी गरेको देखिन्छ । कुल वार्षिक आम्दानी भने रु. १७,५०,७०,०००/- देखिन्छ । ३०० घरपरिवारको वार्षिक प्रतिघरपरिवार आम्दानी भने रु ५,८३,५६६.६७/- रहेको देखिन्छ । त्यसैगरी औषत प्रतिव्यक्ति आम्दानी भने वार्षिक आम्दानी रु १,२८,३२२.६६/- भएका देखिन्छ । वैदेशिक रोजगारीमा जानुभन्दा अगाडिको कुल वार्षिक खर्च रु २,३०,५०,०००/- भएको देखिन्छ । त्यसैगरी कुल बचत रु १,४२,१०,०००/- रहेको देखिन्छ । तर उक्त रोजगारीमा समावेश भएपछि भने कुल आम्दानी रु १७,५०,७०,०००/- तथा कुल बचत रु ९,१५,०४,०००/- रहेको देखिन्छ ।

वैदेखिक रोजगारीमा जानुभन्दा अगाडी ३०० घर परिवारको वार्षिक आम्दानी रु ३,७२,६०,०००/- र औषत प्रतिव्यक्ति आम्दानी रु २७,४१७.२२/- रहेको छ । वैदेखिक रोजगारमिा जानुभन्दा पछि ३०० घरपरिवारको कुल वार्षिक आम्दानी रु १७,५०,७०,०००/-

औषत वार्षिक आम्दानी ५,८३,५६६.६७/- रहेको छ भने औषत प्रतिव्यक्ति आम्दानी रु १,२८,८२२.६६/- रहेको छ ।

वैदेशिक रोजगारमा जानेहरूमा निरक्षर कोही पनि देखिदैन । प्रा.वि. सम्म अध्ययन गरेको ९० (२८%), नि.मा.वि. सम्म अध्ययन गरेको ३९ (१३%) मा.वि. सम्म अध्ययन गरेको १३८ (४८%) तथा उच्च शिक्षा सम्म अध्ययन गरेको ३३ (११%) रहेको देखिन्छ । वैदेखिक रोजगारीमा सहभागीहरूको बालबालिका उक्त रोजगारमा जानुभन्दा पहिला ९४ जना सरकारीमा र ३८ जना निजीमा अध्ययन गरेको पाइन्छ । तर रोजगारपछि भने ४४ जना सरकारीमा र १२२ जना निजी विद्यालयमा अध्ययन गरेको देखिन्छ । शैक्षिक लगानीमा भएको परिवर्तनमा १२३ (७४.५%) घरपरिवारले शिक्षामा लगानी बढाएको ७७ (२५.५%) घरपरिवारले कुनै परिवर्तन गरिएको छैन भन्ने पाइयो । अध्ययन क्षेत्रका सहभागीहरू विदेशमा काम गर्ने क्षेत्रहरू मध्ये Labour मा ६० (२०%), Plumber ३३ (११%), Salesman १२ (४%), Housekeeping २१ (७%), Production Operator ४२ (१४%), Scaffolder ५६ (१८%), Carpenter ३० (१०%) ले काम गरेको देखिन्छ ।

वैदेशिक रोजगारमा जानुभन्दा अगाडि सीप सिक्ने जम्मा १८० (६०%) र १२० (४०%) ले नसिकेको देखिएको छ । त्यस्तै उक्त रोजगारीको अवस्थामा सिकेको सीप नेपालमा प्रयोग गर्ने १०५ (३५%) देखिएको छ भने १९५ (६५%) प्रयोग नगरेको देखियो । उक्त सीपलाई नेपालमा प्रयोग नगर्नुको कारण मन नलागेरमा ४५ (१५%) कच्चा पदार्थ नपाएरमा १३५ (४५%) देखिन्छ भने प्रयोग गर्ने ठाउँ नभएरमा १२० (४०.०%) देखिन्छ । अध्ययनका सहभागीहरू विदेश काम गर्न गएको माध्यममा ४८ (१७.५%) जनाले दलाल मार्फत गएको देखिन्छ । इजाजत प्राप्त संस्थाले पहलबाट १७० (५७%) जना गएको देखिन्छ । त्यस्तैगरी व्यक्तिगत प्रयासमा ८२ (२५.५%) जना गएको देखिन्छ । वैदेखिक रोजगारमा जाँदा लागेको खर्चमा रु ५०,००० देखि रु ७०,००० सम्म ३१ (१०.५%) खर्च व्यहोरेको देखिन्छ । रु ७०,००० देखि रु १,००,००० सम्म १४५ (४७.५%) तथा रु १,००,००० देखि रु १,३०,००० सम्म १२४ (४२%) जनाले खर्च व्यहोरेको देखिन्छ ।

यस प्रकार यस अनुसन्धानमा वैदेशिक रोजगारमा जानुपर्ने कारण तथा उक्त रोजगारले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावहरूको बारेमा खोजी गरी अध्ययन र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

# अध्याय पाँच (CHAPTER FIVE)

## ५. निष्कर्ष र सुझावहरू (Conclusion and Recommendation)

प्रस्तुत शोधको अध्ययनमा वैदेशिक रोजगारीले नेपाली समाजमा पारेको आर्थिक तथा शैक्षिक प्रभाव विशेषगरी बाग्लुङ्ग जिल्लाको वडीगाड गाउँपालिकाको बारेमा क्षेत्रगत अध्ययन गरिएको छ । अध्ययनको उद्देश्यलाई पूरा गर्नका लागि विभिन्न विषयवस्तुहरूको उठान तथा तथ्यपरक सूचना समावेश गर्ने प्रयास गरिएको छ । यस अध्यायमा अध्ययनको विश्लेषणका आधारमा पत्ता लगाईएका सारांश, निष्कर्ष र सुझावहरू समावेश गरिएको छ । सारांश, निष्कर्ष र सुझावहरूलाई निम्नानुसार क्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

## ५.१ निष्कर्ष (Conclusion)

प्रस्तुत अध्ययनको प्रमुख उद्देश्य वैदेशिक रोजगारीको लागि मलेशिया, साउदी अरब, दुवई, कतारमा रहेको युवाहरू विप्रेषण लगानीका क्षेत्रहरु पत्ता लगाउनु, वैदेशिक रोजगारीमा जानुपूर्व र गएपछिको उनीहरूको आर्थिक तथा शैक्षिक अवस्था तुलनात्मक अध्ययन गर्नु तथा उक्त रोजगारको लगानीले पारिवारिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनु थियो । उक्त उद्देश्य प्राप्तिका लागि वडीगाड गाउँपालिका, बाग्लुङ्गमा गरिएको अध्ययनले निम्नलिखित निष्कर्ष अध्ययनकर्ताले निकालेको छ ।

१) वैदेशिक रोजगारीमा जानुभन्दा अगाडि ३०० घरपरिवारको वार्षिक आम्दानी रु ३,७२,६०,०००/- भएको देखिन्छ । त्यसैगरी वैदेखिक रोजगारमा गएपछि वार्षिक आम्दानी भने रु १७,५०,७०,०००/- भएको देखिन्छ ।

२) वैदेखिक रोजगारमा जानुभन्दा अगाडि पारिवारिक खर्च २,३०,५०,०००/- र बचत रु १,४२,१०,०००/- त्यसैगरी वैदेशिक रोजगारमा गएपछिको पारिवारिक खर्च रु १७,५०,७०,०००/- र बचत रु ९,१५,०४,०००/- भएको देखिन्छ । उक्त बचत व्याज, जग्गा, घडेरी खरीद, व्यापार व्यवसाय तथा बैंकमा वचत गरेको देखिन्छ । वैदेशिक रोजगारमा जानु भन्दा अगाडिको क्षेत्रगत खर्च अन्तर्गत सबैभन्दा बढी खाद्यान्न रु ९२,९३,७६०/- (४०.३२%), सबैभन्दा मल विउ रु १५,९०,४५०/- (६.९०%) छ भने

वैदेशिक रोजगारीमा गएपछिको क्षेत्रगत खर्च अन्तर्गत सबैभन्दा बढी खाद्यान्न रु ३,२०,८०,९८७.४/- (३८.३९%), सबैभन्दा थोरै मलबिउमा रु १७,०४,७४६.४/- (२.०४%) भएका देखिन्छ । यसप्रकार आम्दानीमा भएको वृद्धिसँगै खर्चमा पनि वृद्धि भएको देखिन्छ ।

३) नमूना छनोटमा परेका घरपरिवारले प्राप्त गरेको विप्रेषण रकमलाई सबैभन्दा बढी रु ४३,८०,०००/- (४३.१%) घरेलु उद्योगमा लगानी गरेको पाइयो । विप्रेषण लगानी गरिएको क्षेत्रहरू मध्ये सबैभन्दा धेरै आम्दानी घरेलु उद्योगबाट ४९.६३% प्राप्त गरेको पाइयो ।

४) वैदेशिक रोजगारमिा जानुपूर्व ३०० घरपरिवारको स्कुल जाने कुल बालबालिका १३२ जना मध्ये ९४ जना सरकारी विद्यालयमा तथा ३८ जना निजी विद्यालयमा अध्ययन गरिरहेको देखिन्छ । परिवारको सदस्य वैदेशिक रोजगारीमा गएपछि स्कुल जाने कुल बालबालिका १६६ जना मध्ये ४४ जना सरकारी विद्यालयमा तथा १२२ जना निजी विद्यालयमा अध्ययन गरिरहेको देखिन्छ । यसरी पहिलेको तुलनामा पछि निजी विद्यालयमा पढाउने सङ्ख्या वृद्धि भएको देखिन्छ ।

५) वैदेशिक रोजगारीमा जानु भन्दा पहिले शिक्षामा लगानी रु २९,६४,२३०/- (१२.८६%) रहेको देखिन्छ भने वैदेशिक रोजगारीमा गए पश्चात् शिक्षामा लगानी वृद्धि भई रु १,०९,३०,४३२.८ (१३.०८%) भएको देखिन्छ ।

६) वैदेशिक रोजगारीमा सीप नसिकी गएको देखिन्छ ।

७) वैदेशिक रोजगारबाट प्राप्त आम्दानी उत्पादनशील क्षेत्रमा लगानी हुने सकेका छैनन् ।

८) वैदेशिक रोजगारमा दलाल, इजाजद प्राप्त संस्था तथा व्यक्तिगत प्रयासको माध्यमबाट गएको पाइयो ।

९) वैदेशिक रोजगामा जाँदा रु ५०,०००/- देखि रु १,३०,०००/- सम्म रकम तिरेको पाइयो ।

## ५.२ सुझावहरू (Recommendations)

नेपाली वैदेशिक रोजगार व्यवसाय थुप्रै समस्याहरूबिच जकडिएको पाइन्छ । त्यसैले वैदेशिक रोजगारलाई सुधार गर्नको लागि यस अध्ययनमा प्राप्त नतिजाको आधारमा केही नीति तथा कार्यक्रमहरू सञ्चालन गर्न सुझावहरू प्रस्तुत गरिएको छ ।

### ५.२.१ निति सम्बन्धी सुझावहरू (Policy Related Recommendations)

वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले आर्थिक तथा शैक्षिक विकास गर्न तथा वैदेशिक रोजगारीबाट आइपरेका समस्याहहरुलाई समाधान गर्न निम्नलिखित नीतिगत सुझावहरु प्रस्तुत गर्न सकिन्छ ।

१) वैदेशिक रोजगारीमा संलग्न सहभागीमध्ये सबैभन्दा बढी मा.वि. शिक्षा हासिल गर्ने ४८% रहेका छन् । यो जनशक्ति प्राविधिक शिक्षा नलिइ गएकाले उपर्युक्त काम नपाइएको देखिन्छ त्यसैले माध्यामिक शिक्षामा प्राविधिक शिक्षा निःशुल्क गर्नुपर्ने देखिन्छ ।

२) यस अध्ययन क्षेत्रमा विप्रेषण आयको वियोजनबाट प्राप्त आम्दानीलाई सबभन्दा बढी उपभोग खर्चमा रु.२८४,००,०००/-(५२.६%) खर्च गरेको देखिन्छ । उत्पादनमूलक क्षेत्रमा रु.१,०१,५०,०००/- (१८.८%) मात्र लगानी गरेको देखिन्छ । त्यसैले उपभोग खर्चमा कम गरी उत्पादनमूलक क्षेत्रमा जस्तै घरेलु उद्योग, विद्युत्, शिक्षा क्षेत्रमा लगानी बढाई जनचेतनामूलक तालिम गोष्ठि सञ्चालन गर्नु पर्ने देखिन्छ ।

३) विदेशमा श्रीमान्ले कमाएको आम्दानीलाई स्वदेशी लगानी क्षेत्रमा प्रयोग नभई वैवाहिक महिलाहले मोजमस्ती तथा फजुल खर्च तथा सम्पक्ति हिनामिना पारी अर्को श्रीमान्कोमा जाने प्रवृत्तिले यसलाई न्यूनीकरण गर्न नेपाल सरकारले महिला सशक्तिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### ५.२.२ प्रयोगात्मक क्षेत्रसँग सम्बसन्धत सुझावहरू (Practice Related Recommendations)

प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित सुझावहरु निम्नअनुसार उल्लेख गरिएको छ ।

१)	वैदेशिक रोजगारीमा जानु अगाडी वैदेशिक रोजगारीमा संलग्न घरपरिवारको वार्षिक आम्दानी ३,७२,६०,०००/- र खर्च २,३०,५०,०००/- छ भने वचत रु. १,४२,१०,०००/-देखिन्छ त्यस्तै वैदेशिक रोजगारीमा गएपछि आम्दानी रु.१७,५०,७०,०००/- खर्च ८,३५,६६,०००/- वचत ९,१५,०४,०००/- देखिन्छ । यो वचतलाई उत्पादनमूलक क्षेत्रमा खर्च गर्नुपर्ने देखिन्छ ।

२)	वैदेशिक रोजगारीमा जानु पूर्व सरकारी विद्यालयमा ९४ जना र नीजि विद्यालयमा ३८ जना अध्ययन गरेको देखियो भने वैदेशिक रोजगारीपछि सरकारीमा ४४ जना र नीजिमा १२२ जना विद्यार्थीहरुले अध्ययन गरेको देखियो । त्यसैले नीजि विद्यालय भन्दा सरकारी विद्यालयमा अध्ययन गर्नको लागि प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

## ५.२.३ आगामी अनुसन्धानसँग सम्बन्धित सुझावहरू (Further Research Related Recommendations)

१)	वैदेशिक रोजगारीले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावको अध्ययन मात्र यस शोधपत्र समावेश छ भने आर्थिक तथा सामाजिक क्षेत्रको अध्ययन गर्न सकिने छ ।

२)	आर्थिक, सामाजिक तथा शैक्षिक तीनवटै क्षेत्रको अध्ययन गर्न सकिने छ ।

३)	वडीगाड गाउँपालिकाको मात्र नगरी समग्र बाग्लुङलाई पनि अध्ययनको क्षेत्र बनाउन सकिन्छ ।

# सन्दर्भसूचि ९चभँभचभलअभक०


अर्थ मन्त्रालय (२०७०), *आर्थिक सर्वेक्षण,* काठमाडौं: अर्थ मन्त्रालय नेपाल सरकार ।

*आर्थिक सँगालो* (२०७०), नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी सघं बैकर्स क्लव भवन, थापाथली, काठमाडौं ।

कानून किताब व्यवस्था समिति (२०५६), *वैदेशिक रोजगारी ऐन,* काठमाडौं किताब व्यवस्था समिति ।

कार्की, नरमाया (२०६८), *नेपालका लागि वैदेशिक रोजगारको सकारात्मक र नकारात्मक प्रभाव,* कान्तिपुर राष्ट्रिय दैनिक, काठमाडौं ।

खत्री, खिमबहादुर (२०६०), *वैदेशिक रोजगारीले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव,* काठमाडौं : अप्रकाशित शोधत त्रि.वि. शिक्षाशास्त्र सङ्काय, अर्थशास्त्र शिक्षा विभाग, कीर्तिपुर ।

गाउँपालिका (२०६७-२०७३), गाउँपालिका प्रोफाइल पुस्तिका बाग्लुङ्ग वडीगाड गाउँपालिका ।

गेलाल, सुरेश (२०७०), *वैदेशिक रोजगारीको अवस्था, लगानीको क्षेत्र र यसले पारेको प्रभाव,* काठमाडौं : अप्रकाशित शोधपत्र त्रि.वि. शिक्षाशास्त्र सङ्काय, अर्थशास्त्र शिक्षा विभाग, कीर्तिपुर ।

घिमिरे प्रकाश(२०६८), *नेपालका वैदेशिक रोजगारीका केही पक्षहरु,* मिरमिरे मासिक पत्रिका २०६३, काठमाडौं : नेपाल राष्ट्र बैंक ।

नेपाल राष्ट्र बैंक (२०६८), *वैदेशिक रोजगार अर्थतन्त्र र नेपाल,* नेपाल राष्ट्र बैंक अनुसन्धान विभाग तयार पारेको अध्ययनको सँगालो, बालुवाटार, काठमाडौं : नेपाल राष्ट्र बैंक ।

नेपाल राष्ट्र बैंक (२०६२), *अनुसन्धान विभागले गरेको अध्ययनको सँगालो,* काठमाडौं ।

नेपाल राष्ट्र बैंक (२०७०), *विदेशी विनिमय कारोबार गर्ने ईजाजत प्राप्त सस्थाहरुको कारोबार र निरीक्षण सम्बन्धी त्रैमासिक प्रतिवेदन,* (आ.व २०७०/२०७१ को चौथो त्रैमासिक ) ।

पण्डित, सुर्यकुमार (२०५७), *नेपालमा वैदेशिक रोजगार,* काठमाडौः बैदेशिक पत्रकार संघ ताहाचल ।

पोखरेल, नारायण दत्त (२०६७), *वैदेशिक रोजगारले नेपाली समाजमा पारेको प्रभाव,* काठमाडौं : अप्रकाशित शोधपत्र, मानविकी तथा समाजशास्त्र संकाय, कीर्तिपुर ।

पौडेल, मिनराज (२०७१), *बृहत् अर्थशास्त्र,* काठमाडौं : एम.के.पब्लिशर्स एण्ड डिष्टिब्युटर्स ।

भूसाल, भोजराज र ओभ्ता, मोहनकृष्ण (२०६९), *नायब सुब्बा प्रतियोगिता सञ्जीवनी,* काठमाडौँ : प्रज्ञा प्रकाशन प्रा.लि. ।

वन्जाडे, नरेन्द्रप्रसाद (२०६८), *वैदेशिक रोजगारीले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव,* काठमाडौं : अप्रकाशित शोधपत्र त्रि.वि. शिक्षाशास्त्र सङ्काय, अर्थशास्त्र शिक्षा विभाग, कीर्तिपुर ।

वैदेशिक रोजगार विभाग, श्रम तथा यातायात मन्त्रालय (२०६८), वार्षिक प्रतिवेदन २०६८/२०६९ , काठमाडौँ : श्रम तथा रोजगार मन्त्रालय ।

वैदेशिक रोजगार विभाग, श्रम तथा यातायात मन्त्रालय (२०७१), वार्षिक प्रतिवेदन २०७०/२०७१ ,काठमाडौ : श्रम तथा रोजगार मन्त्रालय ।

सापकोटा, संगीत (२०६९), *वैदेशिक रोजगारले आर्थिक विकासमा पारेको प्रभाव : एक विवेचना,* संरचना मासिक प्रकाश, काठमाडौँ : संरचना प्रकाशन प्रा.लि.।

ज्ञावली, खेमराज (२०७०), *नेपालमा वैदेशिक रोजगारको वर्तमान अवस्था र चुनौती, जनमैत्री पाक्षिक,* काठमाडौँ : जनमैत्री सञ्चार सञ्जाल प्रा.लि. ।

शर्मा, निलमकुमार (२०६२), *विकास तथा योजना अर्थशास्त्र,* काठमाडौः पैरवी प्रकाशन ।

बैदेशिक रोजगार विभाग, श्रम तथा यातायात मन्त्रालय, (२०७०) बार्षिक प्रतिवेदन २०६९/७०, काठमाडौः श्रम तथा रोजगार मन्त्रालय ।

बैदेशिक रोजगार विभाग, श्रम तथा यातायात मन्त्रालय, (२०६९) बार्षिक प्रतिवेदन २०६८/६९, काठमाडौः श्रम तथा रोजगार मन्त्रालय ।

रेग्मी, धनप्रसाद (२०६५), *वैदेशिक रोजगारीले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव,* शैक्षिक सम्प्रेशण अर्थशास्त्र शिक्षा विभाग कीर्तिपूरः ।

राष्ट्रिय आयोजना आयोग (२०६४), *दशौं पञ्चवर्षिय योजना* (२०५९-२०६४), काठमाडौं : राष्ट्रिय योजना आयोग, सिंहदरबार ।

हाते पुस्तिका (२०६८), *सुरक्षित वैदेशिक रोजगारीका लाथि स्थानिय सुसासन र सामाजिक परिचालन,* काठमाडौं : श्रम तथा यातायात मन्त्रालय ।

दाहाल, कुलराज (२०६३), *गरिबी निवारणमा वैदेशिक रोजगारीको भूमिका, दमाचौर गाउँ विकास समिति, सल्यान,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, समाजशास्त्र केन्द्रीय, विभाग कीर्तिपुर ।

पण्डित, सूर्य कुमार (२०६७), *नेपालमा वैदेशिक रोजगार,* काठमाडौं : वैदेशिक पत्रकार संघ ।

राई, सन्सरमान (२०६९), *वैदेशिक रोजगारीले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव,* काठमाडौं : अप्रकाशित शोधपत्र मानविकी तथा समाजशास्त्र संकाय, समाजशास्त्र/मानवशास्त्र, कीर्तिपुर ।

भट्टराई, पूर्वचन्द्र (२०६९), *विप्रेषणको प्रभाव,* अभिमान, दैनिक, २०६९/५/१५ पेज नं. ७ ।

नेपाल राष्ट्र बैंक (२०६२), *वैदेशिक रोजगार र अर्थतन्त्र र नेपाल,* काठमाडौं : नेपाल राष्ट्र बैंक ।

राउत, लक्ष्मण (२०७१), *वैदेशिक रोजगारले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव,* काठमाडौं : अप्रकाशित शोधपत्र त्रि.वि. शिक्षाशास्त्र सङ्काय, अर्थशास्त्र शिक्षा विभाग, कीर्तिपुर ।

Chaudhary, J. (1993). *Migration and Remittance Inter Urban and Rural Linkage,* New Delhi.

Kansakar, U.B.S. (1982). *Migration remittance and rural development*. CEDA, T.U., Kirtipur, Kathmandu.

Nepal Census 2001 Nepal's Village Development Committees Digital Himaya Retrived 2 December 2008

Seddon, D. and Graner, E. (2004). *Nepal's Remittance Economy : A Decide of Change* (1996-97 to 2009-4). Kathmandu : The Economic Journal of Nepal. Central Department of Economics, T.U. Kirtipur.

Todara, M.P. and Smith, C. (2005). *Economic Development*, Delhi : Person Education (Singapore) Ltd. India Branch.

## अनुसूची १ (APPENDIX-I)

### प्रश्नावलीहरु

### वैदेशिक रोजगारीबाट फर्कीएका व्यक्तिहरुका लागि

क) पारिवारिक विवरण

जिल्ला : बाग्लुङ्ग गाउँपालिका : वडिगाड वाड नं.

१) नाम : ............

२) उमेर : ............ लिङ्ग : ............धर्म : ............जात ............

वैवाहिक स्थिति : विवाहित अविवाहित

हालको पेशा : ............

३) वैदेशिक रोजगारीमा गएको देशको नाम : ............

४) शैक्षिक योग्यता कति छ ?

क) प्राथमिक ख) निम्न माध्यमिक

ग) माध्यमिक घ) उच्च शिक्षा

५) तपाइको परिवारको मुख्य आयस्रोत के हो ?

क) कृषि ख) रोजगारी

ग) वैदेशिक रोजगारी घ) अन्य

**ख) वैदेशिक रोजागरीमा जानु पर्नाको कारण**

१)	तपाईं वैदेशिक रोजगारमा किन जानुभयो ?

क) स्वदेशमा रोजगारी नपाएर	ख) कम तलव भएर

ग) आर्थिक अवस्था कमजोर भएर	घ) परिवारको दवावमा परेर

२)  शैक्षिक कारणले विदेश जाने निर्णय गर्नुभएको हो ?

क) हो  ख)होइन

३)  कुन शैक्षिक कारणले विदेश जाने निर्णय गर्नुभयो ?

क) पढाइ अगाडी बढाउन नसकेर

ख) पढाइ अनुसारको काम नपाउने भएर

ग) आफ्नो सन्तानलाई उचित शिक्षा दिन

घ) पढाइ नहुँदा पनि पेसा कमाउन सकिन्छ भन्ने लागेर

४)  तपाईको घर परिवारको कुनै कारणले गर्दा वैदेशिक रोजगारमा जानु भएको हो ?

क) दाजुभाइले कमाएको देखेर

ख) पारिवारिक सल्लाह अनुसार

ग) पारिवारिक जिम्मेवारी वहन गर्नु परेर

घ) अन्य कारणले ...

५)  कुनै सामाजिक कारणले गर्दा विदेश जाने निर्णय गर्नुभएको हो ?

क) हो  ख) होइन

६)  सामाजिक कारणले गर्दा विदेश जाने निर्णय गर्नु भएको हो भने कुन कारणले गर्दा हो ?

क) समाजका सबै व्यक्तिहरु विदेशीएको देखेर

ख) समाजमा आफ्नो स्तर धनी बनाउन

ग) वेरोजगार हुनु परेकोल

घ) समाजबाट हेपिनु परेकाले

८)  कुनै राजनैतिक कारणले विदेशीनु भएको हो ?

क) हो  ख) होइन

९) हो भने कस्तो राजनैतिक कारणले गर्दा विदेश जानु भयो ?

क) रोजगारीमा राजनीतिकरण भएर

ख) राजनैतिक अस्थिरतालाई देखेर

ग) राजनैतिक चपेटामा परेर

घ) अन्य

ग) कामको प्रवृत्ति सिकेको सिप र त्यसको प्रयोग

१) तपाइले कस्तो काम गर्नु भयो ?

.........................................................................

२) तपाइले विदेश जाँदा जुन काम गर्ने भनेर जानुभएको थियो त्यही काम पाउनु भयो

क) पाएँ ख) पाइन

३) यदि नपाएको भए कस्तो काम पाउनु भयो ?

क) राम्रो ख) नराम्रो

४) विदेश जानको लागि कुनै सिप सिक्नु भएको थियो ?

क) सिकेको थिए ख) सिकेको थिइन

५) यदि सिप सिक्नु भएको भए कस्तो सिप सिक्नु भएको थियो ?

क) ..................... ख) .....................

६) के विदेशमा गएर नयाँ सिप सिकेर आउनु भयो ?

क) सिकेँ ख) सिकिन

७) यदि विदेशमा नयाँ सिप सिकेर आउनु भएको भए कस्तो सिप सिकेर आएनु भयो ?

क) .................... ख) ....................

८)	तपाइ वर्तमानमा के काम गर्दै हुनुहुन्छ ?

क) ………………… ख) …………………

ग) ………………… घ) …………………

:९)	खाडी मुलुकमा नेपाली महिला कामदारहरुले कस्ता समस्याहरु खेपीरहेका छन् ?

क) श्रमशोषण

ख) शारीरिक शोषण

ग) यातना

घ) तलव समयमा नदिने

१०)	के तपाइँले विदेशमा सिकेको सिप नेपालमा प्रयोग गर्नुभएको छ ?

क) छ	ख) छैन

११)	यदि विदेशमा सिकेको सिप नेपालमा प्रयोग नगरेको भए नगर्नुको कारण के हो ?

क) यो सिप नेपालमा प्रयोग गर्न नपाएर	ख) तलव कम भएर

घ)	वैदेशिक रोजगारीबाट प्राप्त रकम, आर्थिक तथा शैक्षिक क्षेत्र

१)	तपाइको वार्षिक आम्दानी कति हुन्छ ?

क) ६० हजार भन्दा कम	ख) ६० हजार देखि १ लाख सम्म

ग) १ लाख देखि २ लाख सम्म	घं) २ लाख देखि माथि

२)	तपाइको परिवारमा कुन कुन क्षेत्रमा खर्च हुन्छ ?

क) उपभोग	ख) शिक्षा

ग) स्वास्थ्य	घ) अन्य

३)　तपाइको परिवारमा सबैभन्दा बढी खर्च हुने क्षेत्र कुन हो ?

क) उपभोग　　ख) शिक्षा

ग) स्वस्थ　　घ) अन्य

४)　वैदेशिक रोजगारीले तपाँइको आर्थिक अवस्थामा कस्तो प्रभाव पारेको छ?

क) आर्थिक सुधार भएको　　ख) नभएको

५)　वैदेशिक रोजगारीमा जानु अघि र पछिको कमाइ कति थियो ?

क) विदेश जानु पूर्व (रु .....)

ख) विदेश गए पछि (रु .....)

६)　तपाइले आम्दानीको कति प्रतिशत परिवारमा खर्च गर्नुहुन्छ ?

क) १०० प्रतिशत　　ख) ७५ प्रतिशत　　ग) ५० प्रतिशत

घ) २५ प्रतिशत

७)　तपाइ वैदेशिक रोजगारीमा जानु पहिले तपाइका बालबालिका कुन विद्यालयमा पढ्थे ?

क) सरकारी विद्यालय　　ख) निजी विद्यालय

## अनुसूची २ (APPENDIX-II)

**क) वैदेशिक रोजगारमा गएका व्यक्तिहरुका परिवारहरुसँग सोधिएका प्रश्नहरु**

१) तपाइको छोरा/श्रीमान विदेश गएको कति भयो

..............................................................

२) उनीहरुको मासिक आम्दानी कति छ ?

..............................................................

३) विदेश पठाउनु पर्ने कारणहरु के के हुन् ?

क) आर्थिक

ख) शैक्षिक

ग) सामाजिक

घ) राजनैतिक

४) विदेशबाट पठाएको रकम कति खर्च र वचत गर्नुभयो ?

५) छोराछोरी नीजि वा सरकारी कुन स्कुलमा पठाउनु भएग्को छ ?

क) सरकारी ख) निजी

६) वैदेशिक रोजगारीमा जानु अघि तपाइहरुले कुन व्यावसाय अपनाएनु भएको थियो ?

क) कृषि ख) जागिर ग) व्यापार घ) उद्योग

७) वैदेशिक रोजगारीमा जानु अघि तपाइहरुको आम्दानी कति थियो ?

....................................

८) तपाँईको विदेशमा गए पछि तपाइका बालबालिकाहरु कुन विद्यालयमा पढ्छन् ?

क) निजी विद्यालय ख) सरकारी विद्यालय

९) तपाइँका बालबालिकाहरु कुन कुन तहमा अध्ययन गर्दछन् ?

क) प्राथमिक ख) निम्न माध्यमिक

ग) माध्यमिक घ) अन्य तह

ङ) वैदेशिक रोजगारीमा नेपाली कामदारहरुको समस्याहरु

१) वैदेशिक रोजगारीको लागि तपाँई गएकमो देशमा कस्ता कस्ता समस्याहरु देखिए ?

..........................................................................

२) तपाई गएको राष्ट्रमा नेपाली कामदारहरु अवस्था कस्तो छ ?

..........................................................................

३) तपाइ वैदेशिक रोजगारमिा जाँदा म्यानपावर कम्पनी, दलालले दुःख दिए वा दिएनन् ?

..........................................................................

४) वैदेशिक रोजगारीमा तपाइले कस्ता कस्ता समस्याहरु भोग्नुभयो ?

..........................................................................

५) तपाईं वैदेशिक रोजगारीमा गएको राष्ट्रमा महिला कामदारहरुले भोगेका समस्याहरु के के हुन् ?

# अनुसुची ३
## अवलोकन फाराम

सहभागीको नाम :                                                                 ठेगाना :

१) वैदेशिक रोजगारीले तपाईको आर्थिक , सामाजिक , शैक्षिक तथा पारिवारिक क्षेत्रमा कस्तो असर पुर्याएको छ ?

उत्तर :

...................................................................................................

२) वैदेशिक रोजगारी प्रति यूवाहरुको वढ्दो आकर्षण को मुख्य कारण के हुन सक्छ ?

उत्तर :

...................................................................................................

३. तपाईको विचारमा वैदेशिक रोजगारी र शिक्षाको सम्वन्ध कस्तो हुन्छ ?

उत्तर :

...................................................................................................

४. वैदेशिक रोजगारमा जानु अघि ध्यान दिनुपर्ने मुख्य कुरा के हुन सक्ला ?

उत्तर :

...................................................................................................

५ वैदेशिक रोजगार पूर्व तथा वैदेशिक रोजगार पश्चात समाजले तपाईलाइ  गर्ने व्यावहार कस्तो पाउनु भयो ?

उत्तर :

...................................................................................................

६. वैदेशिक रोजगार दाता कम्पनिले विभिन्न सेवा सुविधा का सवालमा लैङ्गिक विभेद गरेको पाउनु भयो ?

उत्तर :

...................................................................................................

७ . वैदेशिका रोजगारको सवालम राज्यको तर्फबाट के सहयोग तथा सुझाव पाउनु भयो ?

उत्तर :

...................................................................................................

८  तपाईको भोगाईमा वैदेशिक रोजगारमा जाने सवैले आर्थीक उपार्जन गरेकै छन् त ?

उत्तर :

..........................................................................................

९ . तपाईको विचारमा वैदेशिक रोजगारीको प्रतिस्थापन के हुन  सक्छ ?

उत्तर :

..................................................................................................

१०. अन्तमा वैदेशिक रोजगारीमा जान चाहने तथा गएर फर्किएका सम्पूर्ण नेपालीहरुलाई के भन्नु हुन्छ ?

उत्तर :

..................................................................................................

११. वैदेशिक रोजगारीवाट कमाउनुभएको कुल रकम मध्ये शिक्षा क्षेत्रमा कति खचृ गर्नु भएको छ ? जुन निजी क्षेत्र हो वा सरकारी क्षेत्र ।

उत्तर :

..................................................................................................

१२ . तपाईको शैक्षिक लगानीको उपलव्धी पहिला र अहिलेमा कति फरक पाउनु भएको छ?

उत्तर :

..................................................................................................

१३. वैदेशिक रोजगारी , शिक्षा तथा आर्थिक सम्वन्ध कस्तो हुन सक्छ ?

उत्तर :

..................................................................................................

१४. वैदेशिक रोजगारीम देखिएका विकृतिहरुलाई हटाउन कस कसका कति जिम्मेवारी रहन्छ ?

उत्तर :

..................................................................................................

१५. वैदेशिक रोजारीका निम्ती युवा जमात तयार हुनुको कारण के हुन सक्ला ?

उत्तर :

..................................................................................................

१६. वैदेशिक रोजगारीलाई सफल र सक्षम वनाउन राज्यको दायित्व के हुन सक्छ ?

उत्तर :

.................................................................................................